# पुष्पाञ्जलि

(महाकाव्य)



-ऋषिराम न्यौपाने

प्रकाशक पुष्पलाल स्मृति प्रतिष्ठान

# पुष्पाञ्जलि

(महाकाव्य)

रचयिता

*ऋषिराम न्यौपाने*

प्रकाशक

*पुष्पलाल स्मृति प्रतिष्ठान*

केन्द्रीय कार्यालय टेकु, काठमाण्डौं

फोन :- २४१३१९

✪ कृति : पुष्पाञ्जलि (महाकाव्य)
✪ रचयिता : ऋषिराम न्यौपाने
✪ प्रकाशक : पुष्पलाल स्मृति प्रतिष्ठान
✪ प्रकाशन मिति : २०५७ वैशाख १०
✪ प्रति : १००० प्रति
✪ मुल्य : रू.

※ कम्प्युटर विन्यास : बुद्ध महर्जन

# नेकपाको ५१औं स्थापना दिवसका पुनित अवसरमा

मुद्रण : वाणि अफ्सेट मुद्रणालय
टेकु, काठमाण्डौं ।

# प्रकाशकीय

*नेपाली सर्वहारा वर्गका महान् नेता तथा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव क. पुष्पलालको जीवन-वृत्तमा आधारित भएर कवि ऋषिराम न्यौपानेले रच्नु भएको पुष्पाञ्जलि महाकाव्य नेपाली वाङ्मयको क्षेत्रमा थप धरोहरको रूपमा आएको छ । क. पुष्पलाल कम्युनिष्ट आन्दोलनको अग्रज त हुनुहुन्छ नै, सिङ्गो प्रजातान्त्रिक आन्दोलनको नक्षत्रको रूपमा पनि हुनुहुन्छ । यस्ता महापुरुषको जीवन-वृत्तमा आधारित यो महाकाव्य वास्तवमा "आँखाको नानी" र "पूर्णिमाको चन्द्रमा" जस्तै हुने कुरामा अरु कसैले मतमतान्तर गरे पनि हामी चाहिँ गर्दैनौं । यो महाकाव्य पुष्पलालको नाममा लेखिएको भए पनि आध्योपान्त सिङ्गो प्रजातान्त्रिक आन्दोलन समेतलाई समेटेको छ । शोषित पीडित जनताको पक्षमा लेखिएको यो महाकाव्य नेपाली प्रगतिशील साहित्यिक फाँटमा एउटा रचनात्मक र नयाँ नीधि सावित हुने हामीले आशा गरेका छौं । पुष्पाञ्जलि महाकाव्य लेखेर काव्यकार ऋषिराम न्यौपानेले नेपाली जनतालाई गुन लगाउनु भएकोले उहाँ धन्यवादको पात्र हुनुभएको छ ।*

*यो महाकाव्य छाप्न प्रकाशनसम्बन्धी विभिन्न सहयोग गर्नुहुने देवीप्रसाद किसान (केवलपुरे), नरनाथ लुइँटेल, मोदनाथ प्रश्रित, वासुदेव अधिकारी, हिमलाल पँज्ञानी सबै धन्यवादका पात्र हुनुहुन्छ । त्यसमा पनि प्रूफ पढेर सघाउँने नरनाथ लुइँटेल विशेष धन्यवादका पात्र हुनुहुन्छ । यसका साथै कम्प्युटर टाइप गर्ने बुद्ध महर्जनलाई पनि सम्झना नगर्नु अन्याय नै हुनेछ ।*

**लोककृष्ण भट्टराई**
संयोजक
प्रकाशन समिति
**पुष्पलाल स्मृति प्रतिष्ठान**

०५७ वैशाख

# कृतज्ञता ज्ञापन

सुतेकालाई व्युँझाउँदै, बसेकालाई उठाउँदै, उभिएकालाई हिडाउँदै, नबोल्नेलाई बोल्न सिकाउँदै, निम्छरा निमुखालाई ममताले अँगालो हालेर उनका आँसु पुछ्दै र पुछ्न सिकाउँदै प्रकाश-पथमा लगाउने नेपाल आमाका सपूत सन्तान पुष्पलालप्रति उनकै भावना विचार र धारणालाई केन्द्रबिन्दु बनाएर उनैलाई श्रद्धासुमन अर्पण गर्न गाँसेको लोकलयको गुच्छा हो यो पुष्पाञ्जलि । पुष्पाञ्जलिमा भूमिकासमेत लेखेर-लेखाएर प्रकाशनार्थ पुष्पलाल प्रतिष्ठानमा लगी घान हालिदिने साहित्यकारद्वय केवलपुरे किसान र नरनाथ लुइँटेलको तथा त्यसको लागि लाउने काठ लगाउने सुरेन्द्रमोहन शर्माको सौजन्यता र सदाशयताको हार्दिक सम्झना गर्दछु ।

अमूल्य समय खर्चेर यसमा आफ्नो मन्तव्य प्रकट गरी हौसला दिने जनकवि केवलपुरे किसान तथा बहुप्रतिभाका धनी वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितज्यूमा सादर कृतज्ञता ज्ञापन गर्दछु ।

यस काव्यको पाण्डुलिपि तयार गरिदिने कार्यमा सहयोग गर्ने केशव न्यौपाने, केदार न्यौपाने, मुरारि न्यौपाने र चरसुन्दर महर्जनलाई सम्झदै प्रकाशन गरी दिने पुष्पलाल स्मृति प्रतिष्ठानका महासचिव लोककृष्ण भट्टराईलगायत सम्पूर्ण पदाधिकारीहरूमा सहर्ष धन्यवाद प्रदान गर्दछु ।

- ऋषिराम न्यौपाने

# जनताका महानायक र पुष्पाञ्जलि महाकाव्य

*आस्थाको बत्ती निभ्दैन कसैले फू फू गर्दैमा*
*सूर्यको बाटो रोकिन्न बिन्ध्यले आँखा तर्दैमा*

कवि ऋषिराम न्यौपानेले आफ्नो महाकाव्य पुष्पाञ्जलिको उपसंहारतिर लेख्नुभएका यी दुई पंक्तिलाई गहिरिएर मनन गरेमा महाकाव्यका महानायक स्व. पुष्पलालको सिंगो जीवन, दर्शन र कर्म सारसंक्षेपमा अभिव्यक्त भएको स्पष्ट देखिन्छ ।

पुष्पलाल अर्थात संसारको सर्वाधुनिक वैज्ञानिक र प्रगतिशील दर्शनलाई नेपाली समाजको परिवर्तन र प्रगतिनिम्ति प्रथम प्रयोग गर्ने व्यक्तित्व । वहाँ नै यस्तो चिन्तक हुनुहुन्थ्यो जसले सम्पूर्ण श्रमिक नेपाली जनतालाई संगठित गरी दीर्घकालीन रुपमा संचालन गरिने दृढ संघर्षद्वारा मात्र नेपाल र नेपालीलाई स्वतन्त्र, समृद्ध, समान र सुखी बनाउन सकिन्छ भन्ने दृढ संगठनको शिलान्यास गर्नुभो, त्यस आन्दोलनलाई निकै माथिल्लो स्तरसम्म पुऱ्याई नेपाली समाजको परिवर्तनको पूर्वाधारसमेत तयार गर्नुभो । वहाँको त्यही संकल्प र यात्रा नेपालमा कम्युनिष्ट पार्टीको सरकार स्थापित भएर लोकप्रियता हासिल गरेको वर्तमान स्तरसम्म आईपुगेको कुरा हामी देखिरहेका छौं । वहाँले ताकेको लक्ष्य अझै निकै टाढा छ । वहाँ हामीसँग सदाका लागि विदा हुनु भएपछि पृथ्वीले सत्रपटक सूर्यको परिक्रमा गरिसकेको छ । तर

वहाँका विचार र निर्देशनको रातो झण्डा झन्-झन् उँचो पारेर हामी अगाडि बढिरहेका छौं । नेपालको इतिहासलाई वहाँले नितान्त नयाँ मोड दिनु भएको कुरा आज घाम झैं छर्लङ्ग छ ।

पुष्पलालको जीवन अनगिन्ती संकट, कठिन तपस्या र दृढ अठोटपूर्ण संघर्ष यात्राको गौरवशाली जीवन हो । आँधी हुरी बीच पनि ननिभेर बलिरहेको बत्ती जस्तै भएर हजारौं बिघ्न-बाधासँग नडराएर वहाँले आफ्नो सिद्धान्त र ध्येयलाई अगाडि बढाउनु भयो । आज लाखौंलाख नेपालीहरु वहाँको विचारका दृढ अनुगामी भएर देश र जनताको उज्वल भविष्य निम्ति अगाडि बढिरहेछन् ।

नेपालको वर्तमान इतिहासका तिनै महानायकलाई कविले आफ्नो महाकाव्यको नायक बनाई वहाँको काव्यमय जीवन गाथाद्वारा जनताको अग्रगतिमा अझ उर्जा थप्ने जुन प्रयत्न गर्नु भएको छ त्यस निम्ति कविलाई हाम्रो धेरै धेरै बधाई । मलाई लाग्छ, प्रगतिशील नेपाली महाकाव्यले पहिलो पाली आफ्नो विषयवस्तु अनुरुप सबभन्दा गौरवशाली पात्रलाई वरण गरेको छ ।

सानो उमेरमा आमा गुमाउनु परेको पीडाले संवेदनशील हुँदै बाल्यकाल बिताएका र क्रान्तिकारी बीर दाजु गंगालालको शहादतबाट देशभक्ति र जनमुक्तिको संकल्प लिई जीवनको गौरवशाली यात्रामा अघि बढेका पुष्पलालको बाल्य, किशोर र युवाकालका अनेकौं रोचक पक्षहरुको कविले नेपाली लोकलयमा जसरी चित्र उतार्नु भएको छ । त्यसले नेपाली युवाहरुलाई देश र जनताका निम्ति केही गर्ने दिशामा प्रेरित गर्न ठूलो सहयोग मिल्ने मलाई लागेको छ ।

यस महाकाव्यमा पुष्पलालको संगठनात्मक जीवनभित्रका द्वन्द र उथलपुथलहरुलाई भन्दा वहाँले शुरुदेखि अन्तसम्म गर्नु भएका काम र खासखास मोडहरूमा अघि सार्नु भएका विचारहरूलाई बढी प्राथमिकता दिई चित्रण गरिएको छ । पुष्पलालमा पूँजीवाद र पूँजीवादी संस्थाप्रति कसरी मोहभंग भयो र कसरी वहाँ मार्क्सवादी विचार र कम्युनिष्ट संगठनतिर प्रेरित हुनुभयो त्यसको निकै प्रभावशाली चित्रण कविले गर्नु भएको छ । पुष्पलालले कांग्रेस पार्टी छोडेर निस्कँदा लोहियालाई लगाएर उहाँलाई त्यहीं बाँध्न गरिएको दुस्प्रयास र त्यसमा पुष्पलालको निर्भिक जवाफ, कम्युनिष्ट पार्टी खोल्न प्रेरित गर्ने रतनलाल

ब्राम्ह्णका प्रेरक सुझावहरु, नेपाली जनताको उत्प्रेरक पार्टीको स्थापना, दबाबपूर्ण दिल्ली सम्झौता र असमान कोशी सम्झौताको विरोध, संघर्षशील साहनासँग विवाह, बढ्दो दरबारी शक्ति र पार्टीभित्र घुसेको दक्षिणपन्थ विरुद्ध शंखघोष र भारत प्रवास हुँदै ०३५ सालको महाप्रयाण सम्मको जीवनका महत्वपूर्ण पुनर्निर्माण, प्रजातन्त्र निम्ति संयुक्त जन आन्दोलनमा जोड, ०३३ को कांग्रेसी समर्पणवादको भर्त्सना र घातक मुटुको रोगबाट पीडित भई मृत्युसैयासम्म पुग्दा पनि विचार, आस्था र आदर्शमा दृढ रहेका ती महान् जनसेनानीको जीवन गाथाका अरु विभिन्न महत्वपूर्ण पक्षहरुमा पनि महाकाव्यकारको कलम नाचेको छ । यसले क्रान्तिकारी सम्पूर्ण नेपालीलाई आफ्नो यात्रामः ठूलो सम्बल दिनेछ।

कविले नेपाली र शास्त्रीय दुवै छन्दहरुले काव्य सजाउनु भएको छ । धेरै भाग लोकलयमा छ र बीचबीचमा र खासगरी उपसंहारमा शास्त्रीय छन्दको सौन्दर्य गुँथिएको छ।

सिंगो देश र जनतालाई क्रान्ति र मुक्तिको बाटो देखाउने र स्वयं त्यसको नेतृत्व गर्ने पुष्पलाल व्यवहारमा कति सरल र स्वाबलम्वी हुनुहुन्थ्यो भन्ने कुरा "डेरामा पुग्दा बसेको पाइन् चामल केलाई" जस्ता शब्दमा प्रतीकात्मक रुपमा अंकित छ।

पुष्पलालले १८ वर्षे प्रवाशन कालमा जे जति दुख कष्ट बेहोर्नु पऱ्यो त्यसको यथार्थ वर्णन गर्दा धेरै मानिसलाई पत्यारै नलागेको कुरा स्वयं मैले नै अनुभव गरेको छु । त्यो कुरा वहासँगै बस्नेहरूलाई मात्र थाहा छ । त्यस्ता अगणित दुःख र प्रवासमा मृत्युशैयामा पल्टिरहँदा पनि वहाँले क्रान्तिकारीहरुलाई प्रेरित गरिरहनु भएको कुरा धेरैलाई थाहा छ । त्यस सम्वेदनशील घडी र वहाँको अन्तिम आकांक्षाको चित्रण कविले यसरी गर्नु भएको छ :

*"भावुक नारा लाएर मात्रै बन्दैन जगत*
*धर्तीको परिवर्तन निम्ति चाहिन्छ रगत ।*
*मलाई पनि स्वदेश लगी विदाई गरियोस्*
*खरानी मेरो धर्तीलाई मल्न देशमै छरियोस् ।"*

तर निरंकुश शासकहरुको मुढ मति र राष्ट्रको दुर्भाग्यले गर्दा नेपाल आमाका ती महान् सपूतको लाश समेत आफ्नो देशमा आउन सकेन र वहाँको अस्थि र खरानीसमेत वडो मुस्किलले

देशमा भित्रियो । तर त्यस्तो मैमत्त तानाशाहीको बेला पनि हजारौं जनताले निर्भिक भएर वहाँको अस्थि र खरानी आर्यघाट र अरु ठाउँमा विसर्जन गरे र त्यो यात्रा ०३६ को जागरणको पृष्ठभूमिसमेत बन्न पुग्यो ।

पुष्पलालको मृत्युपछि वहाँका विचार र राजनीतिक निचोडहरू झन् प्रबल बन्दै आए । ०४६ सालमा भएको संयुक्त जनआन्दोलनले निरंकुश व्यवस्था ढल्यो र राजतन्त्रले संविधानको अनुशासनमा बाँधिनु पऱ्यो । बहुदलीय व्यवस्थाको स्थापनासम्म नेपाली जनताको यात्रा अघि बढ्यो ।

समाज त्यसपछि नयाँ संकल्प लिएर जनताको साँचो प्रजातन्त्र र सामाजिक मुक्तिको उज्यालो दिशातिर निरन्तर अघि बढिरहेको छ ।

यस महाकाव्यको काव्यकलात्मक मीमांसा समीक्षकहरुबाट हुँदै रहनेछ । म अहिले पुष्पको नाम समेत अंकित र वहाँप्रति श्रद्धासुमन चढाई रचिएको "पुष्पाञ्जलि महाकाव्य" नेपाली श्रमजीवी जनतानिम्ति लेखकको मूल्यवान् उपहार हो र यसले नेपाली महाकाव्य परम्परामा महत्वपूर्ण अर्को उपलब्धी थपेको कुराप्रति उमंग व्यक्त गर्दै कविको उत्तरोत्तर सफल काव्ययात्राको कामना गर्दछु ।

१८।१०।०५२

मोदनाथ प्रश्रित
स्वयंभू

# छ्यास्स

मिति मलाई ठ्याक्कै संझना छैन । गत साउन मैन्हाको पुछारतिर यौटा साधारण झोलामा पुष्पलालजीको इतिवृत्तान्त लेखिएको पुष्पाञ्जलि महाकाव्य बोकेर मेरो घर सितापाइलामा स्याँस्याँ गर्दै आउनु भयो न्यौपानेज्यू । म त्यति धुमधामको कवि होइन । उहाँ किन मलाई नै समात्न आई पुग्नु भयो । यो कुरा वहाँ नै जान्नु होला, सोध्ने विचार मेरो मनमा रहिरहेकै छ । मैले जो सकेको स्वागत सत्कार गरेर तीन दिन मेरै घरमा राखेर वहाँकै मुखबाट यो काव्य सुनें, जसरी अध्यात्मवादीहरुले स्वर्ग जानको निमित्त सप्ताह पुराण सुन्छन् ।

विषय वस्तुको राम्रो छनोट, यौटा त्यागी वीर नेताको जीवन गाथा लयबद्ध काव्य सरलभाषा, मिल्दा जुल्दा उपमाहरु यसका विशेषताहरु हुन् भन्नेमा म छु ।

लयतिर जाँऔं

*प्रशंसाको पुल बाँध्ने मेरो बानी छैन*
*यत्रो ठूलो काव्य लेख्नु सानो कुरा हैन*
*पुष्पलाल प्रति बरा ! कत्रो श्रद्धा भक्ति*
*न्यौपानेमा राम्रो छ है लेख्न सक्ने शक्ति*

*म चाहिँ त केही होइन मुलड्डैरे बूढो*
*अनुरोध मलाई आयो लेखिदिने कुरो*
*मेरा पनि माइला दाइ थिए ज्यादै मित्र*
*नेपालैमा नभएका बिचित्रका चित्र*

*खरानीले डराए है त्यो बेलाका पंच*
*विष्णुमती बगरमा कत्रो घंच मंच*
*मान्छे भए तेस्तै हुनु लुसे लाङ्रे होइन*
*संसारमा नामर्दको नामै छँदै छैन ।*

*मेरो पनि राम्रै थियो सम्बन्धको गाँठो*
*बुद्धिमा चाहिँ उनी ठूला म चाहिँ आलो काँचो*
*नेपाललाई माथि लाने थियो उन्को धोको*
*बरु बसे भोक भोकै समातेनन् पोको*

*वनारसको गल्लीभित्र खान्थे फुको सातु*
*भोकै पर्थे कहिलेकाहीँ काट्दैनथै आँसु*
*दु:ख कष्ट कति कति ती कसरी भागे*
*ठूलो जुक्ति पुऱ्याएर भारततिर लागे*

*यसैमा छ सबैकुरा पढि दिए हुन्छ*
*पुष्प जस्तो त्यागी नेता भन्नोस् आज कुन्छ*
*खोल्दिनुभो न्यौपानेले पुष्प बैंक खाता*
*मेरा लागि दुइटै हुन् है अग्ला सगरमाथा*

*कवि: करोति काव्यानी रसं जानन्ति पण्डिता:*
*कन्या सुरत चातुर्यं जामाता बेत्ति नो पिता*

५ फागुन, २०५२

**केवलपुरे किसान**
**सितापाइला, काठमाडौं**

## एक

विचारका चुच्चाले काँढे तार चुँडाली
पन्छी सरी लंकिने लक्ष्यतिर निहाली
गतिशील लत्रिन्नन् भेलदेखि तर्कदै
स्वदेशको अर्चना गर्छन् ज्यान अर्पदै

कर्मयोगी योग्यता देखाउँछन् कर्मले
मातृभूमि सिँगार्छन् मानवका धर्मले
दृष्टि दिए हिजोका चहकिला कलामा
अनुभव थपिन्छन् वर्तमान पलामा

अनुभवी भोलिको भव्य बाटो खोल्दछन्
देखिएमा मार्गमा व्यवधान मोल्दछन्
शत्रु सामु झुक्तैनन् योद्धा हार खाएर
जगाउँछन् प्रेरणा हृदयमा आएर

सन्देशका शंखले लेक बेशी व्यूँझाई
अज्ञानका पहाड विज्ञानले ढलाई
राष्ट्रमुखी स्वाधीन मुक्तिरथ हाँकेर
क्रान्तिकारी उदाए दिव्य ज्ञान डाकेर

शहीदको सपना देशलाई नबिर्सी
संघर्षका पथमा सिंहदेखि नतर्सी
मिलाउँदै प्रबन्ध डुलाउँदै प्रकाश
संसारका मनमा पुष्प गरुन् निवाश

साहसको  पटुकी कम्मरमा कसेर
घाम सरी जसले समाजमा  पुगेर
झलमल जलाए चेतनाको दियालो
क्रियाशील गर्दैनन् कर्म गर्दा बियाँलो

सललल बगाए विचारका छहरा
जगैदेखि ढल्दछन् अज्ञानका पहेरा
अचेतन पिउँछन् पछुतोको जहर
चेतनाले उठ्तछन् एकताका लहर

चुरो बुझी सत्यको मार्ग रोजे मुक्तिको
अनुपम आनन्द मिल्छ देश भक्तिको
सँघारमा उज्यालो घाम लागे पारिलो
हात झर्छ रातको तर्बार झैं धारिलो

विगतको घाउमा लगाउँदै मलम
कर्तव्यले  उठायो लेखकले कलम
बनाउने खरानी मानिसको अभाग
सल्किनेछ नवीन नेपालमा चिराग

घामतुल्य उदाए क्रान्तिकारी सविता
शव्दलाई खेलाए फुर्छन् राम्रा कविता
हिमालका जलले बन्छ  महासागर
पानी पिए मूलको पलाउँछ जाँगर

रगत झैं मुटुका नयनका नानी झैं
सँधै ताजा रहने हिमालका पानी झैं
शहीदका शिक्षाले साहसिला बनेका
पुष्पलाल लम्किए सिद्धान्तमा'अडेका

हल्लिंदैनन् हिमाल बतासले हानेर
हार खाई ढल्दैनन् असीनाले ठोकेर
बरु अरु चुलिंदै उठ भन्छन् हाँसेर
शक्तिशाली रुँदैनन् दुख पाएँ भनेर

बोलाउँछन् विहानी भाले बासी रातमा
शीत हुँदै अँध्यारो रुँदै झर्छ पातमा
पात झर्छन् पुराना नयाँ पात पलाए
सिर्जनाका सितारा संसारमा रसाए

सपूतले लोकको सधैं ध्यान गर्दछन्
जंघारमा दुखका माझी सरी तर्दछन्
माखातुल्य भुल्दैनन् महतिर लोभले
स्वार्थहीन नेताको मान गर्छ लोकले

ताराले झैं रातको, सातो लिन्छन् शत्रुको
कठालोमा समाती शेखी झार्छन् पत्रुको
कालो काम केलाई पैतालाले किचेर
कर्मबीर चंकिन्छन् अन्धकार चिरेर

मीठा फल पाइन्छन् स्वच्छ शिक्षा लिएमा
मनोबल गिर्दैन दुर दृष्टि दिएमा
नमेटिने कहानी गुनौं ध्यान दिएर
सपूतका स्मृतिमा पुष्पाञ्जली लिएर

केलाएर लिनसके ज्ञानदायी कुरो
हृदयमा टुसाउँछ सत्यताको टुसो
शहीदका भावनाले छोए मनलाई
बल मिल्छ उठाउँन मातृभूमिलाई

## दुई

इतिहास नबिर्सिए धेरै कुरा जुर्छन्
जुराउँन सके भाव कलाहरु फुर्छन्
मेहनती माथि उठ्छन् राम्रो मन लाए
संझनाका आकाशमा पुष्पलाल आए

लहरिन थाले कला लालु-पाते सरी
कलाकार अजम्मरी हुन्छन् कर्म गरी
चहकिलो कलाद्वारा देश सुधारिन्छ
ज्यामी, कर्मी उठेदेखि दुखः बढारिन्छ

घमाइलो हुने इच्छा जब गर्छ माटो
युग स्रष्टा पैदा  हुन्छन् देखाउँने बाटो
भक्तलाल तुलसीले त्यस्तै छोरा पाए
मनभित्र आनन्दका छालहरु आए

सन्तानको मुख चुम्दा मनमुग्ध हुन्छ
उच्च आशा आकांक्षाले आकासमा छुन्छ
उल्लासका लहरमा भक्त भन्न थाले
"हे तुलसी संघारमा राम्रा घाम लागे"

बात्सल्यका धाराहरु सललल छुटे
हिमालय मुस्कुराए मूलहरु फुटे
कोपिलाका ओंठ खुले, फुले राता फूल
धर्ती हाँसिन् नदी बगे गर्दै कुलकुल

सन्तोषका लहरले उज्यालियो मुख
माता पितालाई भयो अनुपम सुख
लहरा झैं लहराए पुष्पलाल हाम्रा
कोइलीले गीत गाए बसन्तमा राम्रा

टुकुर् टुकुर् हिंड्‌न लागे वामे सर्दा सर्दै
चन्द्रमा झैं बढ्‌न लागे उजियाली छर्दै
कखहरा खारे छिटै पढ्‌ने मन लाए
तुलसी र भक्तलाई भावनाले छाए

"हंसमुख कति राम्रो गुलाफ नै जस्तो
पढ्‌ने मन गर्छ त्यस्तै गंगालाल जस्तो"
हात तानी तुलसीको भन्न थाले भक्त
"छोरा छोरी भए हुन्थ्यो नेपालका भक्त"

पढाउन सकेदेखिन् राम्रो हुने थियो
तुलसीले हेरिन् मुख जलाएर दियो
"छाक टार्ने परेको छ धौधौ यति खेरि
के गरेर पढाउने" भनिन् माथि हेरि

केलाउन थालिन् साग मौन आँसु झारी
नाम मात्र शरीरमा थियो चोलो, सारी
बताउन फेरि लागे लामो सास फेरी
"शिक्षा दिन सके राम्रा हुन्थे छोराछोरी

उनलाई यसै अन्धो बनाउन हुन्न
अन्धो मानिसले कालो, मैलो, धुलो धुन्न
समयमा रोपेदेखि बाली राम्रो हुन्छ
असारमा लिखा मार्ने मंसीरमा रुन्छ"

मनासिव थिए कुरा बेला अर्कै थियो
गाह्रो थियो जलाउन शिक्षारुपी दियो
निभाउन तंसिएका थिए साहुहरु
देशलाई दुख दिई हाँस्ने राहुहरु

"विद्यालय खोल्न दिन्नन् यहाँ खोलौं भने
राजनीति गऱ्यो भन्छन् जिम्मावाल मने
त्यसै बसौं छोरा छोरी अन्धा हुने भए
मेरा दिन पाहाडमा जागिरमा गए

हाकीमको सेवा गर्ने-चाकडीमा जाने
सदरमा बस्ने भए मासु माछा खाने
दुर्जनले दुख दिन्छन् सोझालाई यहाँ
जुद्धे आँखा लगाउँछ सुन्दरी छन् जहाँ

निवेदन दिऊँ भने सदरमा बस्ने
उल्टै बात लगाएर हुन् कि पाता कस्ने
तानाशाह जे बोल्दछन् त्यही हुन्छ ऐन
गरीवका छोरालाई कहाँ मिल्छ चैन"

मातासँग खोल्न थाले पिता अन्तर्मन
छोरा छोरी सुन्न लागे लगाएर मन
"दुर्गतिका काला दिन तब शुरु भए
नेपालमा जब राजा राणाहरु भए

राष्ट्रियता, एकताको जग ढल्दै गयो
नेपालीको प्रगतिको बाटो बन्द भयो
दिन ढले जागीरमा पाखातिर परी
सोझा बस्न नपाउने सदरमा सरी"

सन्तापले डामिएका पतितिर हेरी
तुलसीले मन खोलिन् लामो सास फेरी
"प्याफलमा छ नि सानो बास बस्ने घर
किन झार्ने पिरोलिंदै आँसु बरबर

छोरा छोरी उतैतिर राखौं पढाउन
मुस्कुराई लागिन् उनी धैर्य बढाउन
केही काम गरी छाक टारौंला म उता
एक्लै बस्ता तलबमा केही बच्ला यता

सबैजना यहाँ हुँदा खान धौ धौ भयो
पुष्पलाई पढाउने बेला ढल्दै गयो"
भाव उठ्यो "चोखो सङ्लो राय मान्नुपर्छ
राम्रो राय नसुनेमा कहाँ सुख मिल्छ"

संगिनीको राय दरो आधार झैं भयो
साहसिली पत्नी पाई चिन्ता ताप गयो
सातु सामलको जोहो गरी विदा गरे
विदाइमा आँसु रोकी भावहरु छरे

"केही दिन छुट्टिएर बस्नु परे पनि
संघारमा विरहको आँसु झरे पनि
मन मनाउने थियौं राम्रो पढ्दै गए
अरनिको जस्तो राम्रो कला गढ्दै गए

मन दिई पढेदेखिन् खेलबाड छोडी
पठाउँला सके भर खर्चवर्च जोडी
पत्र पठाउँदै गरे बेला बखतमा
दुख गरी पढे हुन्छ सुख जगतमा

सोच्नु पर्छ स्वयं खुला सास फेर्नलाई
हेर्नु पर्छ सललल बग्ने खोलालाई"
पिताद्वारा बताएका कुराहरु सुन्दै
पुष्पलाल बाटो लागे आफैं भित्रै गुन्दै

"पहाडमा विद्यालय नखुलेको हुँदा
गाउँलेका छोरा छोरी अन्धाजस्ता हुँदा
राणाहरु डाँस जस्ता डस्ने भए कस्ता
सेरो फेरो सबै मेरो भन्ने कंस जस्ता"

त्यस्तामाथि घृणा राखी सुस्त गोडा चाली
भीर पाखा नाघ्दै आए भर्दै भाव डाली
पहरामा छहराका पानी खाँदै हाँसी
शहरमा आइपुगे थकावट छाँसी

भर्ना गर्न गाह्रो उस्तै पढाउँन
खर्च वर्च धान्न गाह्रो चाँजो मिलाउन
छाप पऱ्यो पुष्पलाई सानो छँदैदेखि
अनुभव थप्नथाले हृदयमा लेखी

रोकिएको बाटो खुल्छ दुष्टहरु ढले
हृदयका मन्दिरमा भावहरु डुले
प्रकृतिमा शक्ति हुन्छ उच्च मानवको
अभिमन्यु जस्तै सातो हर्ने कौरवको

गुन्नु पर्ने गुन्दै गए अध्ययन गर्दै
दुष्टहरु मासु लुच्छन् लोभी आँखा तर्दै
मानवता हीन पशु महाराज भए
कृष्णलाल मकैखेती लेख्ता जेल गए

मौका कुर्नेहरु उठे अवसर पाई
एकसरो धरो छैन देशबासीलाई
रक्षकले भक्षकको बाटो हिंड्न लाए
बुद्धि बेची चारणले मासुभात खाए

धर्ती धाँजा पर्न लाग्यो भताभुंग चाला
धुजाधुजा हुन थाल्यो एकताको माला
मिलाउनु पर्छ अब साथी भाइलाई
नेपालीको थिति थलो उठाउनलाई

हाहाकार मडारिए कोलाहल छाए
मानिसका आँगनमा अन्धकार आए
मानवको अन्तरात्मा आगा जस्तै हुन्छन्
अन्धकार भष्म पार्ने बीर मार्ग चुन्छन्

कर्मयोगी कर्मतिर लगाउँछन् आँखा
मनुष्यका शत्रुलाई लगाउन पाखा
त्यसै बेला गुन्न लागे गंगालाल आदि
जेलभित्र सडेका छन् प्रजातन्त्रवादी

उनलाई छुटाउन आफै लाग्नु पर्छ
x चेतनाले चारैतिर नयाँ ज्योति छायो
ज्योतिलाई डुबाउने तर मेघ आयो

पुष्पले गुने "थुनिए दाजु सहित नेपाली
जुद्धेले पापी नयन तऱ्यो रीसले सुसेली
कसेर पाल्हा लडायो त्यसै जेलमा हालेर
हामीले उठ्ने समय भयो विचार गरेर"

x नागरिक जागा भए राणा भाग्नु पर्छ"

## तीन

क्रान्तिकारी गुन्न लागे "के गर्ने हुन्न् भरे
राष्ट्रभक्त जनताका छोरा जेल परे
कौवा भैलो खेल्न थाले चील कराउँन
अन्धकार माझ लाग्यो स्याल रमाउँन

चारैतिर लहरायो अन्धकार रात
चोर चमेराले पाए हन्तकाली हात
चौदिशामा हावा चल्यो मुटु कमाउने
धर्ती खायो तुषाराले फूल सुकाउने

मेघभित्र डुबे सग्ला हिमालका भाल
मानिसका टाउकामा नाच्यो माहाकाल
कणिकको उक्ति संझ्यो "सानो झिल्कोलाई
आज छोडे भोलि खान्छ सारा बनलाई"

दुर्योधन तुल्य भयो स्वार्थी अभिमानी
निभाउन लाग्यो आगो बनी कालोपानी
आफै झाँक्री आफै बोक्सी जुद्धे हुन थाल्यो
गिद्ध जस्ता भारदार तिर दृष्टि फाल्यो

कलमुखे गुरु बोले "फाँसी दिनु पर्छ
वागी माथि दया गरे राजन् ! धर्म मर्छ
कौवा, कुकुरले दिए सम्मतिको स्वर
मांसाहारी सधैं लिन्छन् तर्वारको भर

बतास भैं समाचार समाजमा पुग्यो
मानिसको अन्तरात्मा सन्तापले ठुँग्यो
खिन्न हुँदै भक्त पुगे पुष्पलाल तिर
आँसु चुहाउँदै बोले झुकाएर शिर

"पुष्प ! तिम्री आमा बितिन् उपचार विना
शोकाएर भाइ बैनी भए भिना भिना
दुख माथि दुख अर्को थपिएको कस्तो
बनाउँदा बनाउँदै घर ढले जस्तो"

"गंगा दाइ खोई ? भन्छन् भाइ, बैनी रुँदै
के गरेर सम्झाउने अँध्यारो छ हुँदै
हसिनाले सुनिन् भने मन कति रोला ?
उनलाई बचाउने के गरेर होला ?

कति दिन ढाँट्ने कुरो खान छोडिन् खाना
सुत्केरीको जिउ सुक्यो चिन्तनाले नाना
ओइलायो शशी पनि दूध विना हरे !
दिनै भए साँझ जस्तो कस्तो होला भरे !!"

त्यसै बेला सेलाउँदै सूर्य चीसा भए
पन्छी पुगे गुँडतिर गाई गोठ गए
शिखरमा चढी छाया समेटिन थाली
झयाउँकिरी रुन लागी जमीनमा ढली

रुँदा रुँदै मन अर्को लोकतिर पुग्यो
अरु चर्को रोदनमा परिवार डुब्यो
हसिनाले डाँको छोडिन् "मेरा प्राण गए
रवि, शशी खडेरीका कोपिला भैं भए"

बाबु छोरा हावा सरी पुगे कोठा तिर
मूर्छा परी पल्टिएकी पाए भुइँ तिर
झस्का पऱ्यो "के गर्ने हँ ? चिन्ता थपिंदैछ
घाउमाथि अरु तातो भुंग्रो खनिंदै छ"

सन्तापले पोली पोली आँत सुके पनि
आफैं मुर्छा पर्ने स्थिति देखा परे पनि
समयको ख्याल गरी शिर उठाएर
तालुतिर पानी ठोके धैर्य जुटाएर

आपतमा विपतमा धैर्य हुन्छ साथी
धैर्यसँग हातेमाले गर्ने पुग्छ माथि
पानी पंखा हंकिएर सम्झाउन थाले
होश आयो आँखा तर छाडा हुन थाले

डाँको छाडी मुख खोलिन् "बोलाएको सुनें
आइपुगे घर सम्झी भित्र भित्र गुनें
हस्याङ् फस्याङ् गर्दै उठें हेरें झ्याल खोली
झ्यालतिर सिपाहीले उल्टो ताके गोली

उड्यो होश हवासनै त्यस्तो देखी चाला
लछारेर सिपाहीले लुछ्दै लगे छाला
छिन्छिन् सिक्री बजाएर लामो सास फेर्दै
हृदयका तारा गए तारातिर हेर्दै

तर पनि शब्द सुनें "नरोए है प्रिये !
नेपालको निर्माणमा सधैं ध्यान दिए
विरहमा मन आफ्नो नसमालेदेखि
ईख लिई अरु राख्छन् ज्यानमारा सेखी

सामन्तको सेखी झार्ने मैले बाटो रोजें
नेपालीको अधिकार प्रजातन्त्र खोजें
ज्यान लिए पनि तिमी त्यही बाटो लिए
गहभरी आँसु पारी नरोए है प्रिये !

तिमी रोए मेरा आशा इच्छाहरु सुक्छन्
हाँसी खुशी तिमी हिंडे देशघाती झुक्छन्
झुकाएर बैरीलाई साहसले मिची
नदीसरी डुले तिमी धर्तीलाई सिंची

मेरो पनि मायाँ दिए सन्तानमा तिमी
धाँजा पर्न नदिए है क्रान्तिकारी जिमी
अरु कुरो पुष्पलाई हिजै भनेको छु
उनमाथि ठूलो भर मैले गरेको छु"

रोकिएन आँसु अरु झरे बररर
विरहले खान थाल्यो मुटु कररर
छाती पिटी पिटि ढलिन् "गए मेरा धन
कसलाई रिझाउन साचौं तन, मन"

बन जले सबै देख्छन् मन जले कुन ?
विचरीका टाढा भए हृदयका जून
पुन: ढलिन् पुष्पलाल आँसु पुछ्न थाले
"अधिकार खोज्नेलाई गोली ठोकी ढाले"

विरहमा गाह्रो भयो बचाउन ज्यान
रुनलागे रवि, शशी उतै पुग्यो ध्यान
फूल तुल्य अग्रजका छोराहरु लिंदै
फुल्याउन लागे उनी शिर मुसारदै

हेर्दा हेर्दै टुहुराको मुख आँसु झरे
मन पाक्यो केही बेर अन्योलमा परे
मुटुभित्र घुसेपछि नमेटिने पिर
पिरोलिन थाले उनै नुहाएर शिर

पिर लिन्न को पो त्यस्तो पीर आपदमा
पिरोलिंदै थिए पिता दुख विपदमा
भाइ बैनी उस्तै भए फूल सुके सरी
मन शान्त गराउने कुन यत्न गरी ?

मानिसको मर्म बुझ्ने दुख हर्न खोज्ने
शहीदले देखाएको दिव्य मार्ग रोज्ने
गम खाँदै आँसु रोकी उठे पुष्पलाल
परिवार नेपालको उठाउन भाल

भाउजूको गोडा छुँदै भने उनलाई
"आँशु पुछ्न पर्छ हेरी रवि, शशीलाई
सास साँची सन्तानको भलो सोच्नु पर्छ
शहीदका शिक्षा बिर्से अरु दुख पर्छ

दुख हर्न नेपालका लागि प्राण दिए
कर्मरुपी किरणले, अमरता लिए
सही शिक्षा सम्झी आफ्नो मन दरो पारी
अन्धकार ढलाउँन पर्छ लागि परी

हामी जति रुन्छौं त्यति मन भंग हुन्छ
रोई रहे सन्सारको कालो कुन धुन्छ ?"
कर्म गर्ने स्वदेशको माटो उठाएर
कालो मैलो पखाल्दछन् मन बुझाएर

देवरका संझाइले केही होश आयो
मनमाझ शहीदको ज्योति झल्मलायो
सन्तानको मुख हेरी सुस्त समालिंदै
पुष्पलाई भनिन् "धन्य ! देवर" आड दिंदै

शहीदकै बाटो लिए उदाउला घाम
स्वदेशको मान हुने गरेदेखि काम
सन्सारले सहयोग गर्ला निरन्तर
राक्षसको राज्य नित्य कहाँ रहला र ?"

भावनाले आड दियो दिल दरो भयो
सन्तानको उत्थानमा मातृ मन गयो
लिई रवि, शशीलाई दिइन् काखफेरि
"बाँच्नै पर्छ" गुनिन् मुख सन्तानको हेरी

कर्म गर्छन् मान्छेहरु आड भरोसाले
सन्तानको मुख हेरी माया ममताले
आँसु पुछ्दै सबै उठे पीर ताप पिई
गुन्न लागे "राणा हाँस्लान् कति दुख दिई ?"

कर्मतर्फ ध्यान लाए धैर्य अँगालेर
शहीदका वचनका सार सँगालेर
बढाउन लागे अरु शक्ति भित्र भित्र
नेपालको विकासको बनाउँदै चित्र

उत्साहसाथ कर्ममा लागे दियालो बालेर
घरका साथै स्वदेशलाई दिलमा राखेर
सुवास लिन मिल्दछ राम्रो विरुवा लगाए
जीवन खोस्न सक्तैन पापी चितुवा भगाए

## चार

समय सोची, चलाए गति नयन खुलाई
सँगाल्दै गए धारणाहरु हृदय लगाई
छामेर मुटु सुसेल्न लागे साथीका माझमा
मिलेर आगो नबालेदेखि डुबिन्छ साँझमा

चुसाहाहरु चुसिनेलाई शिकार ठान्दछन्
परेवालाई फिजारी पञ्जा बाजले गाँज्दछन्
वैगुनीहरु सुन्दैनन् हाम्रो दुखको गुहार
दुष्टको गोडा परेर गर्न हुँदैन् पुकार

सहने कत्ति निर्धनीलाई धनीले किचेको
बाठाले लाटागाँडाको साँध सीमाना मिचेको
पुगिन्छ तल डराई बसे निसाफ नखोजी
दिदैनन् दुष्ट उज्यालो बाटो आफैंले नरोजी

सामन्त गुन्छन् "संसारै आफ्नो" अरुको गुन्दैनन्
चरण परी जति नै गरौं गुहार सुन्दैनन्
बाजको पञ्जा नभाँची हुन्न थुतुनो नपोली
पातालतिर पुग्दैनन् पापी कर्तुत नखोली"

सुनेर कुरो नगुन्नेहरु फर्किए नबोली
डुबुल्की मार्ने स्वार्थमा हिंडे हृदय नखोली
उत्साह मारी बसेनन् तर कर्तव्य भुलेर
काँतर सरी अधीर बनी निरर्थ डुलेर

खुलेर अरु प्रयास गरे हरेश नखाई
सुनाई रहे यथार्थ कुरो हृदय लगाई
विचार गर्ने साथीले केही सम्मति जनाए
अरुले पनि मनन गर्लान् यथार्थ सुनाए

उद्योग गरे नहुने कुरो के छ र धर्तीमा !
उमार्छन् बाली किसानहरु जोतेर पर्तीमा
मल र जल पुऱ्याए राम्रो सप्रिन्छ जसरी
मनमा माझ विचार छरे छानेर त्यसरी

"मानिसलाई घाँस झैं छाँस्छन् मिचाहा शासक
डराए हामी हौसिन्छन् अरु मानव घातक"
"हो त नी" केही साथीले भने "तिमीले भनेको
राणाले कहाँ छ हामीलाई मान्छेमा गनेको ?

परेका बेला दिऊँला साथ निर्भय भएर
दिदैनौं धोका जुद्धेको कालो चरण छोएर"
विस्तारै सुने अरुले पनि पुष्पले गाएको
प्रभाव पऱ्यो "मानिस हुन कहाँ छ पाएको"

"सपूतलाई दिए झैं धोका कपुतहरुले
दिँदैनन् धोका विश्वासी मित्र मद्धतगारले"
गमेर मन मिलेकासँग समय पारेर
मिलाइ हात लम्कन लागे उज्यालो बालेर

शझना आयो "शहीदलाई बिर्सन हुँदैन
शहीदद्वारा प्रेरणा लिने दुःखमा रुँदैन
बीरले हाँसी देशका लागि रगत बगाए"
उनले गुने "दिएर शिक्षा मलाई जगाए"

जेलमा भेट्दा भनेका थिए गंगाले हेरेर
"मलाई मार्ने फैसला गरे मरुँला हाँसेर
संझाई भाइ बहिनीलाई हृदय समाले
हत्यारा ढल्छन् तिमीले हाम्रा धारणा सँगाले"

हाँसेर उस्तै भनेका थिए अन्तिम भेटमा
हत्कडी नेल छिन्द्रिङ्ग पारी जेलका ढोकामा
"मागेर माफी बाँचेको सार नहुने देखेर
विचारप्रति अटल रहें निर्भय भएर

आखिर मर्न पर्दछ आज नमरे भोलि हो !
राट्रको लागि होमिनु आजै प्रमुख धर्म हो
पानीको फोको पानीमै उठी पानीमै फुट्तछ
मिलेर थोपो सागर बन्छ सम्भने उठ्त छ

पुछेर आँसु सुनन भाइ ! हेरेर मलाई
छोपेर मुख हुँदैन रुन हृदय दुखाई
तिमीले बरु लिएर हिंडे चखिला भावना
समाजलाई मिल्दछ आड पुग्दछ कामना"

मनमा आए अमर शिक्षा अमर ज्यौतिका
तसर्थ छाए मनमा भाव राष्ट्रिय भक्तिका
विचार गरे घरको अनि देशको अवस्था
क्रान्तिले फाल्ने उनले सोचे सडेको व्यवस्था

भूबेत्ता भन्छन् "घुम्दछ नित्य निर्मल भूगोल
संसारबाट सूर्यको ज्योति हुँदैन ओभेल"
कहीं न कहीं परेकै हुन्छ उसको उज्यालो
नेपाली बीर नमानी पीर चढ्दछ उकालो

ज्योति छ जहाँ मानव त्यहाँ धाउँछ मनले
उनले दिने जीवन ज्योति दिंदैन धनले
जीवन धन जगतको निम्ति अर्पिन्छ जो जन
त्यसको मन निर्मल हुन्छ पुष्प झैं पावन

जो आफ्नो लागि होइन फल्छ संसार निमित्त
सुकेर पनि सुवास छर्छ भएर हुरुक्क
हाँसेर शुक्र फाँसीमा चढे शुक्र झैं रमाए
फाँसीको डोरी लगाई धर्म चन्द्र झैं रमाए

जीवन दशरथले दिए देशका लागिमा
सुवास दिन्छन् फूलले फुलुन् खेत वा बारीमा
छलेर काँढा कदर गर्छन् सकल फूलको
मूलको पानी स्वादिलो हुन्छ, मानिस कुलको"

मानिस भए आदर गर्ने उनका बोलीको
टोलका मान्छे हौसिए रोजी उज्यालो भोलिको
"सत्यतालाई स्वीकार गरे पछाडि परिन्न
असत्यलाई अँगाले देखि अगाडि सरिन्न"

समाली मन फिरेका थिए विश्वास दिलाई
"भुल्दिन कुनै बखत अब दाजूको भनाई
मुक्तिको निम्ति तत्पर हुने जाँगर जोशले
शत्रुको सामु नझुक्नेलाई बिर्सन्न लोकले

आमाको सेवा गर्दछन् राम्रा मनका सन्तति
सदैब गुन्छन् पुरानो छाडी नवीन पद्धति
शत्रुले टेक्न दिंदैनन् बीर आमाका गाथमा
दिंदैनन् कालो कलंक लाग्न हँसिलो माथमा

भनेका थिए चढाई फूल गंगाका चितामा
"म भुल्ने छैन अमर वाणी लागेर भित्तामा
समाजलाई सुनाई कुरो यथार्थ सँगाली
चहार्छु गाऊँ घरमा तिम्रै भावना अँगाली

हितैषी हुन्छन् शोषितहरु शोषिनेहरुको
उनमा आस्था विश्वास गर्छु छोडेर अरुको
क्रान्तिको अग्र पंक्तिमा रही बनेर कंचन
जनता तथा राष्ट्रका लागि अर्पन्छु जीवन"

भने झैं मन लगाए "आँखा चिम्लेर हुँदैन
जाँगर मारी चिम्लने आँखा धमिलो धुँदैन
अँध्यारोतिर हराए अरु अँध्यारो चुलिन्छ
ज्ञानको सामु उभिएदेखि अज्ञान नुहिन्छ"

नजान्नेहरु जान्नका निम्ति तत्पर देखिए
हिमालतिर विहानी लाली किरण छरिए
हिर्दय हाँस्यो पर्दिन एक्लो" भावना पलाए
मुक्तिको लागि योद्धाले जस्तै जोखिम उठाए"

मान्दथे उनी जनतालाई राष्ट्रका जुहार
सुनाए साथी भाइमा कुरो "सुनन पुकार
रुँदै छ रिठ्ठे गोठको गाई सेठले फुकायो
रुँदै छ धुर्वे धोबिनीलाई चंखेले उडायो

रुँदैछ मैया मायाँलाई पेट टुम्केले बोकायो
रुँदैछ खुरे खोरियाबाट धिरेले उठायो
पुलिसहरु पालीस घस्छन् उनकै जुत्तामा
झुकेर साहु तमाखु भर्छन् दुष्टका हुक्कामा

छातेले ऐन प्रयोग गर्छ गाउँमा आएर
बैठके ठ्याम्मै हुकुम ठोक्छ प्रमुख ठानेर
मुलुकमारा लुछ्तछन् मासु हुकुमी हातले
मुलुकलाई डुबाइसके कठोर रातले

निर्धाको घान नहाली अग्ला महल बन्दैनन्
महलवासी मान्छेको भाउ राखेर बोल्दैनन्
विश्वमा बने एटम बम गरीब मारेर
मान्छेको मासु लुछेर हाडै समेत गलेर

शैतानहरु खरानी छर्छन् दुखीका आँखामा
आङमा घाम परेन मिठो सगरमाथामा
पाएन डुल्न सुगन्धवाही शान्तिको बतास
पाइन्न लिन सुखको सास भएमा हताश"

सम्मुख पुगी बताए छामी मुटुको धड्कन
नखोज्दा हक हामीले पऱ्यो दुखले छड्कन
संझाई साथ लिएर हिँडे विचार बाहक
"नबिम्झे हामी मुखमा डामी लुछ्तछन् शासक

बाँधेर हात बसेमा हिस्सा दिँदैनन् पातकी
ढल्दैन दरो संघर्ष विना मानव घातकी
मानिसलाई सखाप पार्छन् बिलम्व भएमा
अँध्यारो हुन्छ उज्यालो दिन ढलेर गएमा

अबेला भयो हामीले उठ्न आ- आफनै खातिर
दुखमा डुब्यौ मागेर हक नडुल्दा बाहिर
खुलाई सके देशको पोल विदेश लगेर
नेपाललाई खर्लप्पै पारे दुष्टले ठगेर

थाङ्नामै हुन्छन् राणाका छोरा जर्नेल कर्णेल
शासक भए राकस जस्ता दिँदैनन् मट्तेल"
नबुझी कुरो बसेका थिए मानिस डराई
शासक थिए बनेका तातो तेलको कराई

खोजेको थियो पुष्प झैं दरो मानिस कलाले
सरनीतिर कोरियो मन सँभिए भलाले
"चन्द्रमामुखी असल गर्छन् सकल दुखीको
डटेर नित्य बिरोध गर्छन् बादल मुखीको

गँगा झैं सग्ला गुलाफ सरी हँसिला मुखका
विवेकशील  खोतल्न सक्छन् कारण दुखका
शहीद सरी बुझेका मर्म पाएर साराको
मानिस गर्ने चाहना भए रातमा ताराको

छात्रका साथै छिमेकी पुगे उनका डेरामा
सल्लाह गरी उपाय गरे नपर्ने घेरामा
भक्तको मन सँग्लँदै गयो सपूत पाउँदा
सग्लिन्न कुन उज्यालो जून घरमा आउँदा

समाज जुट्यो स्वतन्त्र हुने कामना पलाई
मिर्मिरे छँदै करायो भाले उज्यालो बोलाई
हँसीना हाँसिन् विश्वास मानी जुलूस उठ्तै छ
हत्यारासँग  बदला लिने समाज  जुट्तै छ

शासकले इख राख्यो हाल चाल पाई
चियो गर्न थाले चर बारबार आई
पुष्पलाई बताउन लागे भक्तलाल
"खाने भयो तिमीलाई पनि महाकाल"

## पाँच

खुलाउन  थाले कुरो अन्योलमा पर्दै
सन्तापले पग्लिएको मनलाई झार्दै
"जोगाउँन सकिएन रविलाललाई
दुखमाथि दुख पर्ने कति हामीलाई

कालो धोती लगाउँदै रजनीले हेरी
सूर्य पुगे कता कता अँधेरीले बेरी
हरियाली डाँडा काँडा छायातिर लुके
विरहका अनलमा आशा लता सुके

रवि विना विषादले हसिना छन् सुक्तै
आँगनमा स्याल डुले कुकुर छन् भुक्तै
शशीलाई जोगाउने के गरेर अब
प्यारा छोरा ! भन तिमी ख्याल गरी सब

शोकै शोक थपिएको हामी माथि कस्तो
मुटु भष्म गराउने भुंग्रो छरे जस्तो
आलो घाऊ नसुक्तैमा अर्को घाउ आयो
अर्को खवरले बाँकी शक्ति पनि खायो

"पुष्पलाल खोई" भन्छन् गुण्डाहरु आई
जुद्धे गयो पद्मे लाग्यो गर्न राईं दाईं
सेनामेना तिमीलाई हेर्छन् घुरी  घुरी
विदेशिने हो कि बरु छोडी कान्तिपुरी

पिराहाका सन्तानले जथाभावी गरे
घर-वार जाथ- जेथा भए जति हरे
डेरा नहो हाम्रो यहाँ के छ साथ लानु
कनिकाको गेडो छैन पीठो आधा मानु

केही काम छैन अब यहाँ बस्नुपर्ने
हामीलाई रुँदा रुँदै भयो मर्नु पर्ने
अरु कति थपिने हुन् जीवनमा पीर
तिमी पनि डुबिसक्यौ राजनितितिर

अकालमै मर्ने भयौ थुने तिमीलाई
हे माहिला ! गम मेरा खरा कुरालाई"
अवरुद्ध भयो गला ओइलाए गली
ओँठ टोकी निहुरिए आघातले जली

नयनका आँसु पुछी लामो सास फेरी
भाउजू र पितातिर आदरले हेरी
शशीलाई समाउँदै काख लिंदै उठे
मानिसका मुटुबाट सुधा-धारा छुटे

"शशीलाई बचाउँला उपचार गरी
शिक्षादीक्षा दिलाउँला अँगालोमा भरी
हामी यहीं बस्नु पर्छ मन समालेर
देश सजाउनु पर्छ मैलो पखालेर

कर्तव्यमा लागि परे पीर ताप घट्छन्
जन्मभूमि, कर्मभूमि भुले बेथा बढ्छन्
तापानल अन्त गए पनि निभ्ने हैनन्
सधैंभरी महाकाल माथि पर्ने छैनन्"

चिन्तनका चौतारीमा कुराहरु फुरे
छात्र नेता पुष्पलाई साथीहरु जुरे
पितालाई भन्न थाले "अन्धो सरकार
मातिँदै छ नेपालीको खोसी अधिकार

ह्याकुलाले मिची मिची देशवासीलाई
विदेशका गोडामोल्ने आफू टिक्नलाई
महाराज बन्ने शक्ति कहाँबाट पायो
कोत पर्व मच्चाएर राष्ट्रभक्त खायो

पत्थरले बाटो रोक्छ हामी लाटो भए
षड्यन्त्रको खंबा ढल्छ हामी टाठो भए
अगुल्टाले हान्नु पर्छ लुते स्याललाई
चढाउनु हुन्न काँध मासु खानेलाई"

समालिदै मन खोले फेरि पितालाई
"गरेको छु बाचा दाजू गँगालाललाई
अन्यायमा लात मारी नित्य लंकने छौं
न्याय ज्योति डुलाएर दाइ ! चंकने छौं

चाँडै अब बैरीसँग घाबा बोल्नु पर्छ
तानाशाही व्यवस्थालाई धुस्नो पार्नु पर्छ
चीसो रात रहुन्जेल न्यानो पाइँदैन
अल्छी गरे सगरमाथा चढ्न भ्याइँदैन

हामी उठ्नै पर्छ पिता ! तातो मुठी कसी
सुख शान्ति पाइँदैन परदेश पसी
देश छोडी हिंडी हामी वैरी रमाउँछन्
घाम जस्तै झुल्के हामी पापी हराउँछन्

दुलोभित्र गुडुल्किए गड्यौंला झैं अब
प्रगतिका कर्मरेखा मेटाउँछन् सब
सोची राजनीतितिर मन दिएका छौं
अन्धकार भगाउने ज्योति लिएको छौं

बग्छ बाटो बनाएर सललल पानी
ताजा पानी खाए खुल्छन् नयनका नानी
मन पुग्छ हिमालमा मेरो कसो कसो
लाग्छ "शिखरमा चढ्न उठ" भने जसो

हाँसी खुशी साथ दिने साथी-भाइ भए
हामी एक्लै परौंला कि भन्ने शंका गए
परालको त्यान्द्रो छिन्छ चुडिंदैन डोरी
नदी बाटो बनाउँछन् सुखा पाखो फोरी

शयौं खोला नाला मिली महाकाली हुन्छ
लाखौं खोला मिलेपछि बल्ल सागर बन्छ
सागरमा आगो हुन्छ समाजमा शक्ति
शक्तिशाली उठाउँछन् नित्य राष्ट्र भक्ति

शहीदका पाइलाका डोबहरु छाम्दै
ज्वाला बनी दानवका दललाई डाम्दै
हामी डुले दरो हुँदै गाऊँ बस्ती तिर
उल्लूहरु  लुकाउँछन् झाडीतिर शिर

चहकिला भावनाले गहकिलो हुँदै
बाटो लिए संसारको कालो मैलो धुँदै
शहीदको सम्मानमा राम्रो कर्म गरे
उन्नतिका शिखरमा पुगिने छ भरे

न्यायमाथि अन्यायले जीत पाउँदैन
सँघारमा सधैं भरि रात छाउँदैन
जुद्धेलाई लतारेर सपारेर काम
सँघारमा डुलाउँनु पर्छ तातो घाम

कर्मरुपी किरणको फाली चलाएर
आतंकका जहरका रुख  ढलाएर
डुले बाटो बनाउँदै कर्मवीरहरु
दुष्ट ढल्छन् थपिंदैनन् पछि दुख अरु

पतिङर  नबढारे सर्पहरु लुक्छन्
गर्नुपर्ने कुरा भुले अरु उल्लू भुक्छन्
उल्लूलाई लडाउने काम गर्दाखेरी
आँसु झारी मझेरीमा बस्नु हुन्न हेरी"

सझाउँदै सबैलाई तथ्य खुलाएर
आफनो पनि हृदयमा धैर्य डुलाएर
फेरि भने "कला भुले कालै रात  पर्छ
चहकिला कला डुले जुध्दे रुँदै मर्छ"

"धन्य छोरा ! धन्य" भन्दै उठे भक्तलाल
हसिनाले गुनिन् "राम्रो सोच्छन् पुष्पलाल"
साथी पनि जुर्मुराए  प्रेरणाले छोई
पर्चाहरु दिए हेर्न मुठा मुठा फोई

भक्तले मन बुझाए हेरी अवस्थानुसार
सबैले मिली बढाए गति गरेर विचार
शहीदलाई दिलमा राखी सपनी सजाई
मानिस हिंडे उघ्रिन्छ देश उज्यालो लजाई

## छ

चेतना आयो चाँदनीरुपी कलाले मुसारी
कपना मुना पलाए राम्रा संसार उघारी
गुँरास फुले बल्लरी झुले मुस्कान डुलाई
सुवासवाही पवन डुले बसन्त बोलाई

हिमाली पाखा हरिया नीला पहेँला देखिए
रसिलो लालुपातेले वन राताम्य देखिए
कलाले पूर्ण कविता जस्तै जगत देखियो
ओसिलो दिन बिलायो रातो किरण रेखियो

वनका माझ देखिए लाली किरण डुलेझैं
हिमाल माथि स्वर्णिम कला, कौशल खुलेझैं
मोती झैं राम्रो छहरो छाङो देखियो नाँचेको
उनकै मीठो माधुर्यद्वारा संसार बाँचेको

मोहित भयो मानिस सग्लो सौन्दर्य देखेर
सौन्दर्य तर निलेको देखे मेघले छेकेर
मानिस भए घायल कालो वादल फैलिंदा
मान्छेले मान्छे लुछेको पाई अँध्यारो देखिंदा

विरोध गर्न जुलूस उठ्यो हौसला सँगाल्दै
गाउँदै गीत लंकिए पुष्प नेतृत्व समाल्दै
"मुहान तोडी छुटेको पानी थुनिन्न थुनेर
मानिस पनि लाग्दछन् मार्ग आफैंले रोजेर

मनमा बल नहुने मात्रै बेत झैं झुक्तछन्
परन्तु धीरबीरका छोरा कर्ममा जुट्तछन्
दुष्टको खेदो नखनेसम्म बन्दैन जगत
प्रगति गर्ने अठोट गर्छ तताई रगत"

उचाल्न लागे खिरिलो सौर्रै मिलाई कदम
"मिचेर हिँड्नु पर्दछ हामी उभिए अधम
पापले आफ्नै पापात्मा राणा दैत्यझैं ढल्दछन्
देशका युवा वर्गको शक्ति देख्दैमा गल्दछन्

गलेर तिनै पाताल पुगे के गर्न सक्तछन्
खरानी हुन्छन् जे जति दोषी राणाका भक्त छन्"
अरुको जुठो पुरोमा बाँच्ने नभन्दै डराए
छात्रको तातो तागतदेखि सिपाही हराए

खवर पाई चिन्तामा डुब्यो मोहन संशेर
पलङमाथि ढलेको थियो नशामा डुबेर
ढलेरै हाँक्यो हुकुम कालो थुतुनो उठाई
"हे नरे ! छिटै फर्केर तँ आ जुलुस भगाई

अगुवालाई बाँधेर ल्याएस् कपाल गोडेर
डरले क्षमा याचना गर्लान् गोडामा ढलेर"
हुकुमलाई तामेल गर्न पगरी गुथेर
उभियो पापी, जुलुसलाई बाटामा ढुकेर

चाहन्छन् छली सत्तामा टिक्न आतंक मचाई
मान्छेका छाती कुल्चिन्छन् क्रूर लुकाई सच्चाई
लगाई नारा नक्शाल पुग्दा बारुला खनिए
न्यायको निम्ति उभिँदा छात्र बागीमा गनिए

वर्षाए लाठी कतिका दाँत, दनाशा भाँचिए
कतिका हात, पाखुरा माथ चरर च्यातिए
कतिको च्यूँडो पटक्कै फुट्यो पचासौं पल्टिए
मार्गमा राता रगतका धारा छलल छल्किए

तैपनि उठी अगाडि बढे बेदना खपेर
"न्यायको लागि अन्यायलाई कुल्चिन्छौं" जपेर
पापीले तर तगारो राखी संगिन तेर्स्याए
न्यायका दूतहरुमा काला हातले हिर्काए

अगुवालाई छानेर थोत्रो लरीमा कोचियो
"भँडुवा पुष्पे रहेछ" भन्दै लौरोले घोचियो
शरीर भरी बगेको रातो रगत पुछेर
"अन्याय गर्न पाइन्न" भने पुष्पले उठेर

मुस्कान साथ चंकिए फेरि रातका तारा झैं
राक्षसलाई बीरका छोरा देखिए आरा झैं
छात्रको शक्ति देखेर नरे निराश देखियो
तथापि थोत्रो बन्दुक लिई आगो झैं खनियो

"परिछस् पाजी सम्मुख मेरो तँ काल डाकेर
उम्किने छैनस् निर्भय मेरा मुखमा ताकेर
पिस्तोल मेरो काल हो तेरो दाजुको भएको
बिर्सिइस् पशु ! दिमाग तेरो कहाँ छ गएको ?"

बीरको दिल डगेन केही नीचका बातले
बुझेका थिए लत्रनै पर्छ अन्त्यमा रातले
निर्धक्कसँग खोलेर छाती सिंह झैं गर्जिए
"तागत हेरौं ल ले त प्राण !" पहाड थर्किए

उसैको मुटु हल्लियो बीर विद्यार्थी देखिए
तथापि पिट्दै कपाल लुछ्दै खोरमा लडाए
गारत भनौं प्रहरी ठाना जेल वा दर्बार
तर्बार भिरी बस्तथ्यो जहाँ मोहन संशेर

सुसारेहरु हम्केर पंखा कमर लच्काई
झुकाई शिर उभेका थिए गिलास समाई
सिपाही थिए हुकुम पर्खी बसेका बाहिर
विवस छात्र ढलेका थिए छिंडीमा आखिर

खातिर गर्ने भएन कोही थुनामा उनको
थिएन ठाउँ किरण छिर्ने रातमा जूनको
बन्द नै थिए झ्याल र ढोका खोरका कोठाको
हिन्हिनीमात्र सुनिन्थ्यो त्याहाँ केवल घोडाको

झ्यालमा रानी बसेका थिए हिन्हिनी सुनेर
"राजाले अन्तै नजर लाए मरें नि !" भनेर
मानिसहरु नाच्दछन् आफ्नै लय र तालमा
अनेक थरी नाँचे झैं माछा पानीमा तालमा

हम्केर पंखा बसेका थिए सोफामा अमीर
छात्रको घाँटी सुकेको थियो गुम्सेको शरीर
छामेर घाऊ पसीना पुछी बिछौना विहीन
बसेका थिए तथापि खिन्न नभई मलीन

मोहने खिस्स हाँसेर बस्यो कौशीमा आएर
उठाई हात मुसारी जुँघा रवाफ लाएर
तमाखु तानी फुकेर धुँवा उडाई रातमा
हुकुम दियो "चिउरा, नून छर्दिनु पातमा"

तुरुन्तै भए व्यवस्था गर्न नाइके सामेल
जागीर जान्थ्यो नगरेदेखि हुकुम तामेल
तुरुन्तै ल्याई सालको पात लहरै राखेर
आ-आधा मानो चिउरा, नुन छर्दिए नाँचेर

छात्रले भने "चिउरा, नुन मागेको कहाँ हो ?
दिने हो भने कलम, कापी, किताप लेराओ ।।"
मोहनेलाई खबर गरे सेनाले डराई
"थिल्थिलो पार" तुरुन्तै भन्यो बंगारा बजाई

कोपरी मुख दिएर दुख लुछियो कपाल
छातीमा नाँची राक्षस हाँसे डगेनन् हिमाल
थिचेर अरु कोशिश गरे बशमा ल्याउँन
पुष्पको मुटु फुटेर लाग्यो रगत आउन

असह्य भयो साहनालाई रिसले सुसाई
"अचाक्ली यस्तो नगर" भनिन् नयन खुलाई
उनकै केश समाई लुछे मुखाले भनेर
राक्षस सत्य नमानी हिड्छन् असत्य मानेर

साहना-पुष्प पिँधिए धेरै सत्ताका जाँतामा
खतरनाक दरिए पुष्प पापीका खातामा
के हुने अब अन्योल छायो बाहिरी लोकमा
"के कति युवा-युवती छात्र पर्ने हुन् झोंकमा

पल्केको तिल्के मिल्किने हो कि स्वादिलो भोजमा
अधम पशु डुबेका हुन्छन् चुर्लुम्मै मोजमा
सत्तामा टिक्न मदान्ध राजा-जे पनि गर्दछन्
धर्मको आड लिएर नर मेधमा दगुर्छन्"

बजारभरी फिँजियो हल्ला विद्यार्थी थुनिए
थुनामा भेट नपाई आफना मानिस पिरिए
भक्तले खोकी खुलाए गला "के गर्ने हसीना !
कलिला राता मुनामा चीसा बर्षिए असीना

करेसातिर बसेर चियो बिराला गर्दै छन्
बारुला बिच्छी झ्यालमै चढी कोठामा हेर्दैछन्
कोठाको कति पटक खान तलासी लिनेहुन्
माहिलालाई लछारी कति यातना दिनेहुन्

ज्यानमै दागा धर्ने पो हुन् कि केभर कंसको
विवेकहीन कीचक जस्ता जंगेका बंशको"
चुहिए आँसु "चिन्तामा चिन्ता कति हुन् खनिने
खराब काम नगरे पनि बागीमा गनिने

कहिलेसम्म रहने होला जंगली शासन
जनतालाई मारेर हाँसी हसुर्ने राशन
परिलन्नन् काला पत्थरहरु पुर्पुरो ठोकेर
के गरी छुटलान् राणाको कालो तगारो भाँचेर"

घुटुक्क थुक निलेर भने "यो पनि के हुने
ओखती पाए निलेर हुन्थें वीरले नछुने
तुलसी बितिन् यसरी बाँच्न परेन रोएर
मलाई बिर्स्यो काललें किन लगेन चुँडेर"

विकल हुँदै धुरुरु रुँदै ढलेको देखेर
हसीना खुलिन् पुछेर आँसु साहस राखेर
"गर्दैछन् छात्र जनता पनि उद्योग निकाल्ने
सकेको दिन पर्दछ टेवा संकट पखाल्ने

ठानामा बरु बिच्छ्यौना, खाना लैजान पर्ला कि ?
खवर पाए मनमा केही आराम मिल्ला कि"
झल्यास्स बिम्झे समान भए बताए लजाई
"छोराले जस्तै भरोसा दियौ बुहारी मलाई !

विरह शोक सन्ताप रोग खपेर जिएकी
रहिछ्यौ वीरांगनाकै जस्तो जपना लिएकी"
तुरुन्त हिंडे ठानामा पुगे हकारे पापीले
बताए तर फर्कदा खेरि पुष्पका साथीले

"जुलुस अर्को निकाल्ने बाबा ! विचार गर्दैछौं
घुमेर राती टोलमा सारा तयार पार्दैछौं
पुष्पका मीठा धारणाहरु सुक्तैनन् घाँस झैं
शत्रुको सामु समर्थशाली नुहिन्नन् बाँस झैं

राक्षसी शक्ति तुहिन्छ व्याघ्र शासन टिक्दैन
गर्जेर मेघ सगरमाथा डरले झुक्तैन"
हसिनालाई खबर त्यही सुनाए आएर
बुहारीसँग बताए "रुन्न हरेश खाएर"

मनका माझ झरिलो बोली बचन गुनेर
हृदय बन्यो दरिलो भने- मनन गरेर
"होमिन्छु परे छोरा झैं स्वयं देशका खातिर
कुरेर छिंडी बस्दिन अब डुल्दछु बाहिर"

विद्यार्थी थिए बसेका कुक्रुक्क परी ठानामा
आबाज आयो हिंडेको मानिस टाठा कानमा
सिपाही थियो आएको विस्तारै ढोका खोलेर
पुष्पले गुने मनमा "को होला" यसो उठेर

## सात

संभिए "के हो नगीचै केही छाम्छुम् गरेझैं
अँधेरीमाथि अँधेरी थपी असीना परेझैं"
बसेका थिए रातका पला विपला गनेर
सलाई कोरी जलाए टुकी "हेरौं न" भनेर

खागीका लुगा देखेर गमे "पहरेदार हो"
हेपेर सबै भन्दथे "तुले" ऊ तुलाराम हो
यो किन  आयो होला नि ढोका विस्तारै खोलेर
आयो कि गुनी सामान भए लैजान चोरेर !

अथवा फेरि लछार्नलाई  पठाए राणाले
मासुनै खाने विचार गरी मुलुक भाँणाले
अनेक थरी तर्कनाहरु मनमा दगुरे
गोडामा पर्ला भनेर हो कि "रातमा भकुरे"

के गरुन् अरु पिँजडाभित्र परेका परेवा
पापीले छोड्ने होइनन् त्यसै भनेर मरेँबा
आउँछ हुतिहाराको आँसु आँटिला रुँदैनन्
बैरीले घेरुन् बीरमा तर सुर्ताले छुँदैनन्

ज्यानको चिन्ता त्यागेका थिए लिएर देशको
सौन्दर्यलाई जिउँदो राख्न हिमाली लेकको
साँचेका थिए नेपाललाई सिँगार्ने रहर
त्यसैले लागि परेका थिए बढार्न जहर

मलिनो मुख लाएर हेर्‍यो तुलेले घोरिंदै
नजीकै तर आएर बस्यो साथी झैं जोरिंदै
उसको थियो शरीर तर थर्थर गरेको
पुष्पले गुने उसमा ठूलै आतस परेको

उसैले भन्यो "निदाए अरु म आएँ लुकेर
हजूरलाई घायल पारे दिउँसै लुछेर
दुखेको होला अंगमा कति डाम छ बसेको
टाउकादेखि पैतालासम्म रगत बगेको

चर्‍याई घाऊ सहन गारो परेको होला नि !
मर्किए हात रगत पीप को पुछि देला नि ! !
लुकाई पानी मलम केही ल्याएको मैले छु
नदेख्ने गरी धोएर घाऊ मलम दल्ने छु

बसेको देखें दिएको खाना समेत नखाई
खाए नि हुन्थ्यो "रोएर भन्यो हृदय दुखाई
नखाए जिऊ सुकेर जान्छ आगाले पोले झैं
राणाका छोरा कलम कापी दिंदैनन् मागे झैं

हाँसले मुण्टो घुमाए सरी विस्तारै घुमाई
परेली खुला पारेर हेरे नयन जुधाई
आँखामा केही पाएनन् कालो जालोले बेरेको
लागेन केही विषालु सास त्यसले फेरेको

विश्वास गर्ने समय तर नहुँदा पटक्कै
उनले गुने "छलेर पार्न सक्तछन् चटक्कै"
उसको हात हटाए पर शंकाले घेरेर
पत्यार गर्नु हुँदैन "गुने" मुखमा हेरेर

भरोसा गर्नु हुँदैन चाँडै विचार नछामी
छलेर धेरै नराम्रो गर्न सक्तछन् हरामी
तुलेले गऱ्यो साहस लुकी आउने कसरी
था पाए भने जेलमा हाल्छन् खोसेर पगरी

विचार बुझ्न पठायो होला नरेले सम्झाई
राक्षसहरु हजार जाल रच्तछन् फैलाई
गोहीले आँसु झारेको होला पत्यार पार्न यो
ज्यानको बाजी थापेर नत्र कसरी आउँथ्यो ?"

मानेको शंका देखेर तुले अत्यन्तै घोरियो
"विश्वास पारुँ कसोरी" भनी नजीकै टाँसियो
प्रमाण दिने साधन कुनै थिएन त्यसमा
केवल  थियो हृदय चोखो ममता जसमा

बरर आँसु  झारेर भन्यो "म त्यसै फर्किऊँ
मलम पानी लगेर कहाँ फालेर घर्सिऊँ"
गहिरोसँग पुष्पले हेरे उसका आँखामा
विश्वास केही पलायो भित्री दिलका पाखामा

निश्चल थिए ती दुबै जना निर्मल मनका
सुगन्धवाही कस्तूरी मिर्ग समान बनका
"सुनाई कुरा पठाइदिऊँ" सम्झना गरेर
समाई हात कानमा भने मुस्कान छरेर

"हे तुलाराम !  मलम जल लिएर आए छौ
कलिलो दिल हुनाले कस्तो जागीर खाएछौ
कसरि गरे पत्यार तिम्रो राणाका दासले
लुकेरै फर्क सुनेर कुरा टिपेर सासले"

कानमै भने "नेपाल भयो फुटेर हुल्ला झैं
नेपाली भाषा, संस्कृति कला साहित्य गल्ला झैं
पुर्खाले गुने "नजोडेदेखि फाटेको नेपाल
छलेर अँखा बिदेशीहरु लुछदछन् कपाल

फाटेको टालो सिउनलाई गरेमा ढिलाई
बैरीले आई निर्बस्त्र पार्छन् पाखामा ढलाई
नघुस्तै शत्रु राष्ट्रिय भाव उमार्नु पर्दछ
एकता राष्ट्रिवादीमा भए दुश्मन मर्दछ"

राष्ट्रको मर्म छामेर दिए पृथ्वीले नेतृत्व
वीरले उठी बचाए हाम्रो नेपाली अस्तित्व
नाङ्लो झैं छाती फराक पारी हृदय विशाल
लंकिए भक्ति, अमर बीर चंकियो हिमाल

कोरियो साँध पूर्वमा टिष्टा पश्चिम काँगडा
तथापि सत्ता लोलुपद्वारा निकाले बखडा
दर्वारभित्रै भुमरि पऱ्यो कलह पलायो
एकतालाई ईर्ष्याको राँको उठेर जलायो

पृथ्वीकै छोरा र नाति डुबे स्वार्थमा चुर्लुम्म
विचार गरे आफैंले भोग्ने नेपाल खर्लम्म
खुम्चिए साँध सीमाना ढले पौरखी नेपाली
के गरुन् प्रजा राजा नै हिंडे कुकर्म अँगाली

पुर्खाको बिँडो थामेर हिंड्ने बीरता नांगियो
मोजमा मस्त डुबुल्की मारी शासक बांगियो
कुरेर मौका बसेका आए विदेशी रमाई
भीमले भने "देशको भलो गर्दैनन् पराई

विदेशी डुले निभर्यसँग नेपाली बाटामा
खुल्दछ कुरो नेपाल पर्छ नराम्रो घाटामा"
हितको कुरो घुसेन भित्र राजा र रानीको
निभेको रास-लिलामा थियो उज्यालो नानीको

अहिले जस्तै खर्चिंदै थिए राष्ट्रको ढुकुटी
नराम्रो चाला देखेर चल्यो भीममा भुट्भुटी
"खर्चिनु हुन्न स्वार्थमा" भने सहन नसकी
उनैमा दोष लगाए तर उम्लेर भक्भकी

राजाका छोरा मरेका थिए रोगले गालेर
उचाले अरु विरोधी उठी औसर छोपेर
"भीमेले विष दिएर मार्‍यो" सुटुक्क सुनाए
"कलेजो चुड्ने रहेछ भीमे" भनेर थुनाए

रक्षक आफैं भक्षक भए के लाग्छ कसको ?
संझदा नाऊँ उब्जिन्छ घृणा मनमा जसको
निर्दोषलाई रेटेर घाँटी मारियो रातमा
"सेरियो आफैं" भनेर लाश फालियो घाटमा

डरले आफैं सेरिनु पर्ने कारण थिएनन्
नपुगी थुनी जिउँन पनि पापीले दिएनन्
खुसाए पापी तगारो ढल्यो भनेर सुसेली
रानीले भनिन् गगनलाई स्नेहले उचाली

"सौताको छोरो दिंदैन राज्य षड्यन्त्र नगरी
गुन्दैछु मेरै छोराले राज्य पाउँछ कसरी"
गरौंला यत्न भनेर चुमी गगन फर्किए
जंगेले प्राणै उडाई दियो हत्यारा रमाए

औसरवादी जे पनि गर्छन् स्वार्थका खातिर
बीरको घाँटी छिनाली पापी चंकियो आखिर
बीरको लाश देखेर होश राजाको हरायो
जंगेको चाला संझेर मन रानीको डरायो

सदैव रास लीलामा डुब्ने गुन्दैनन् बेलामा
राजा र रानी आफै नै परे पापीका फेलामा
हत्यारा महाराजको पद पाएर पातिए
रगत चुस्ने शासक देखी जनता आतिए

खुनिका भंडाफोरमा हामी उत्रेका छात्र हौं
होइनौं बागी, निसाफ खोज्ने निश्चल पात्र हौं
परन्तु दुष्ट शासक सत्ता प्राप्तिका निमित्त
गरेर आफ्नै बंशको हत्या हाँस्तछन् सिभित्त

खानामा विष मिसेर दिन के बेर भनेर
नखाई हामी बसेका भाइ शंकाले घेरेर
दबाब विना दिंदैनन् हक हामीले खोजेको
यथार्थ कुरो बताएँ गर मनले रोजेको"

ऊ थियो आफैं अरुले जस्तै दुर्दशा भोगेको
त्यसले सेवा भावना लिई त्यो थियो पुगेको
संझियो कुरो "खुनीले चुसी हो रुनु परेको
बुझ्नेले न्याय निसाफ माग्दा चुटिनु परेको"

जिज्ञासा राख्यो "के गर्ने होला हामीले हजूर !
म लुकी छिपी सकेको काम गरुँला जरुर
जिउँने अरु उपाय विना जागिर खाएको
तलबबाट पुग्दैन खान छु दुख पाएको"

"इन्साफ  लिन लंकिनु पर्छ इन्साफ नपाए
पाइन्छ न्याय हामीले जस्तै  कदम बढाए
मुलाले डोब बनाई आफैं बढ्दछ धर्तीमा
खोस्रिनु पर्छ उमार्न बिऊ खुर्खुरे पर्तीमा

बदला लिन सकिन्छ राम्रो मनले सोचेमा
भुक्तैननू लुते कुकुरहरु अगुल्टो घोचेमा
सुराक पाई नाइके गर्ज्यो "के कुरो गरेको
पुरियो घाऊ मुखमा लुछी कपाल छरेको ?"

सिपाहीतिर फर्केर उस्तै झपार्‍यो  बेसरी
"डाकिछस् काल जागिर खालास् हेरौं न के गरी
नूनको गुन बिर्सेर मान बागीको गर्ने तँ"
उसको हात लछारी कुटी करायो निस्की तँ

कसिए पुष्प "नाइके पाई राक्षस भएछौ
हृदयहीन  पत्थर जस्ता बनेर गएछौ
पापीले कुनै समय तिम्रै जागीर खाएर
काँधमा चढी उफ्रिन सक्छ रगत पिएर

नेपाल तिम्रो होइन,  तिमी होइनौ नेपाली
हो भने आँखा खोलेर हेर परेला उचाली
रीसले आँखा नपार रातो गरेर खल्बल
सक्तैनौ रोक्न झुल्केको घाम झल्मल झल्मल

खल्बल अब नगर व्यक्तिको  गाथा गाएर
झल्मल घाम लाग्दैछ हिमालतिर आएर
कंसका गाथा गाउँछन् स्वार्थमा खाली डुबेका
हेर्दैनन् आँखा खोलेर सत्ताको स्वाद पाएका"

## आठ

असल कुरा सुन्दैनन् जुका कमिला काइते
खराब गर्ने हिसाव गरी निस्कियो नाइके
लगाई आफैं ढयाम्ढुम ढोका चुकुल ठोकेर
छौडौंला त्यसै भनेर हेऱ्यो बंगारा किटेर

"उखेल्छु केश सबैको अब एकेक गरेर"
बजायो गाला "उम्केलान् बन्दी सुरुङ खनेर
पुष्पेको लहै लहैमा लाग्ने तिमेरु नभए
चनाखो हुँदै पहरा दिए राम्ररी, म गएँ"

तुलेको हात लछार्दै पुग्यो जेलर समक्ष
"दिएको खाना खाँदैनन्  बन्दी मानेर अभक्ष
हुकुमलाई नमान्ने हठी रहेछन् कठोर
लडाई मुख कोपरे पनि हाँस्तछन् अघोर

यो तुलेलाई भाँणेछ ज्यादै भएछ भाँणा त्यो
असाध्यै बाठो रहेछ पुष्पे रहेछ काँडा त्यो"
खबर पाई जेलरै भयो डरले  थरर
डरैले खायो उसको मुटु करर करर

नरेका सामु तुरुन्तै पुग्यो खबर लिएर
उसले सुन्यो सकल कुरो अन्धो भैं भएर
सत्य र तथ्य बुझ्न्दैनन् बुद्धि लाएर नगुन्ने
पागलै हुन्छन्  आत्माको उच्च आवाज नसुन्ने

सशस्त्र सेना लिएर पुग्यो छुटेको बाण झैं
भयले तर भएको थियो, घायल बाघ झैं
घुरेर हेरी करायो बोक्रे तुजुक देखाई
"विरोधीलाई गोलीले पेली दिनेछु मेटाई"

कछुवा सरी खुम्चेनन् कुनै टाउको लुकाई
पुष्पले बरु हाँसेर हेरे मुहुडा उठाई
रमाए साथी घोरियो नरे सिपाही टोलाए
तुलेले गुन्यो "बैगुनीलाई मुसा झैं खेलाए"

निर्धक्क तुले भएको थियो त्यो घरी त्यसरी
आधार पाए निर्धक्क हुन्छन् बालक जसरी
सिपाही अरु कामेका थिए हरेश खाएर
"हाम्रो नि हो कि जागिर जाने" तुल्बुली छाएर

नजीकै पुगी करायो नरे "दिएको नखाने
रातमै मर्न पर्ला नि मैले भनेको नमाने"
पागल पार्दो रहेछ कस्तो सत्ताका नशाले
"छात्रका सामु गनिंदै के छु" गनेन पशुले

घुरेरै फेरि "खादैनौ" भन्यो मेचमा बसेर
रबाफ साथ पुष्पले भने "खादैनौं" हाँसेर
"सिंहले कहाँ टिप्छ र सिनो श्यालले फालेको
बस्त छ भोकै नपाए बरु हातले मारेको

भेडाले पनि खाँदैन निस्तो पराल सुकेको
मान्छेले कहाँ खान्छ र पुरा सडेको पडेको
सुँगुर हामी होइनौं खाने नालीमा परेको
नठाने हुन्छ थुनेर हाम्रो विचार मरेको

पुर्पक्ष विना खोरमा थुन्न पाइन्न यसरी
रगत चुस्ने नगर यत्न जुकाले जसरी
खानाको साटो दिने हो भने निसाफ न्याय द्यौ
क़सुर भए प्राण नै लिने निर्णय गरिद्यौ"

साथीले ताली बजाए हाँसी स्वीकृति हाम्रो छ
झुकेर खानु भन्दा त बरु मर्नु नै राम्रो छ
तिमी झैं राम्रो पाएर नेता हामी छौं उठेका
बाहिर हाम्रो खातिर गर्दै अरु छन् जुटेका"

मानिस भए बचन सुन्थ्यो मान्छेले बोलेको
भएको थियो त्यो गोरु जस्तै सत्ताले डामेको
अगुल्टो सल्क्यो धुँवाको मुस्लो उर्लियो आँखामा
बुद्धिको टुसो उम्रिन्थ्यो कहाँ पत्थरे पाखामा

बयान लिने विचार गऱ्यो सिस्नोले डामेर
नङमा सियो रोपेर धुलो खोर्सानी दलेर
बिराले आँखा पिर्लिक्क पारी पाखुरी निमोठी
बयान माग्यो पुष्पको पुष्ट गालामा चिमोटी

"हे पुष्पे घुर्की लगाई तैंले के गर्न खोजेको ?
बनेर बाठो गंगेकै बाटो हो तैंले राजेको
तँलाई आड कसले दियो ल बता मलाई
नभने मर्छस् नरहे आफैं के मिल्छ तँलाई ?

खुलाए कुरो दिउँला क्षमा बालक ठानेर
नखोले पोल लिनेछु प्राण गोली नै हानेर"
"रवाफ धाक देखाई उनी डग्दैनन्" गुनेन
बचन प्राण प्रहार गर्न पटक्कै छोडेन

"डगेनन्" ठानी मुखमा हेऱ्यो बाघ झैं घुरेर
पहरेदार उठेका थिए आदेश कुरेर
असल कुरो गुन्दैनन् पापी पिराहा, पागल
बुद्धिमा बिर्को लागेको हुन्छ आँखामा बादल

कुकर्म छोप्न कोप र छल प्रपंच रच्तछन्
कुकर्मी मुख्य साधन थोत्रो बन्दुक मान्दछन्
जेलरतिर हेरेर भन्यो "मुखमा लुछिदे
त्यसले मात्र पुग्दैन मेरो बन्दुक खोई ले"

बजारी बूट बन्दुक दियो पापीका हातमा
अरुले गुने "के हुन्छ" पुष्प सुसाए रातमा
संझना गरे मलाई मारे छातीमा थिचेर
दुश्मनसँग बदला लिन्छन् मानव उठेर

चन्द्मामाथि छायाको रोब रबाफ चल्दैन
हुरीले ठोकी सगरमाथा कहिल्यै गल्दैन
पापीले हेऱ्यो धप्धप बल्दो हँसिलो मुहार
असह्य भयो पामरलाई परे झैं प्रहार

निकाली जिभ्रो सर्पले सरी फुँफुँफुँ गरेर
उठायो कालो बन्दुक दाह्रा कटट किटेर
साथीले सम्झे बित्यासै पर्छ पुष्पमा चलाए
बन्दुक थुत्ने अठोट गरी पाखुरी उठाए

ईशारा गरे पुष्पले मौन भएर रहने
"हानोस्न गोली मलाई पैले तागत छ भने"
खोलेर छाती थुकौं झैं गरे दुष्टका मुखमा
परन्तु तुले डुबे झैं भयो अघोर दुःखमा

नपढे पनि परेर चेत फिरेको हुनाले
मनमा केही पुष्पका मिठा कुराले छुनाले
मानव शक्ति जागेको थियो उठेको जाँगर
उसमा आयो बीरको जस्तै बलियो विचार

"निभ्दछ बत्ती खुनीले गोली पुष्पमा चलाए
फरक केही पर्दैन बरु मलाई ढलाए"
विचार गरी अगाडि बढ्यो निडर भएर
मोडियो पापी उसकै तर्फ आगो भैं भएर

"तँ परिस् मेरा मुखमा पैले खोजेर काल कि ?
बनेर राँको उचाल्यो नाल "मरिछस् घातकी"
पुष्पले भने "सिपाहीलाई तँ किन हकार्छस् ?
जागीर खाई थुनामा राखी पाखुरा लछार्छस् !

रहिछस् स्याल कुखुरोलाई सिंहले छुँदैन
मुखको हाती छोडेर बाघ बँदेल खाँदैन
शर्मको मारे मरे भैं भयो फर्कियो फरक्क
दलिन गन्यो गमेर के के तन्कँदै तनक्क

उडे भैं होस शिथिल भयो कपालै दुखायो
संभियो किन कंचट तानें भालुले बितायो
ठानेको थिएँ हो दुधमुखे पर्दछ गोडामा
गोडामा पार्न मैलाई खोज्छ चढेर काँधमा

गंगे भैं दृढ रहेछ ज्यादै दिलको दर्बिलो
गंगेको भाइ निडर धीर वीर भैं गर्विलो
गर्बिला हैनन् तेजिला थिए मध्यान्ही रवि भैं
त्रिकालदर्शी प्रतिभाशाली वरिष्ठ कवि भैं

भावनाशाली उनले भने "सकियो गोली कि ?
मदिरा पिई थकाई मेटी आउने भोलि कि ?
थाके झैं लाग्छ नबोली केही बसेको देखेर
मुखैले दिऊँ बयान दिने अथवा लेखेर"

पशुमा भन्दा मान्छेमा हुन्छ तागत बलियो
अजेय शक्ति जनता हुन्छ छर्लङ्ग पाइयो
चनाखो चंख बनेर बोले नगरी खेलाँची
कर्ममा जुटे मिल्दछ फल विचार नभाँची

बीचमा बिघ्न उभिए पनि त्यो आफैं ढल्दछ
उभिए केही समय पापी अन्त्यमा गल्दछ
अधर्मी तर गुन्दछ उल्टो संपूर्ण आफैं हुँ
त्यसैले थोत्रो बन्दूक भिरी हत्यारा गर्छ "हुँ"

जलेर बोल्यो "के भनिस् पुष्पे ! गोलिनै चाहेको
होइन भने तँ किन त्यस्तो मुखमा लागेको"
नाकाको पोरा फुलायो फेरि आँखिभौं तन्काई
रिसले सल्की ताउझैं रातो हृदय रन्काई

पऱ्यो कि भन्यो "मच्मची मिच्न धुस्नो झैं चुटेर
बगैंचातिर लगेर पुर्न पऱ्यो कि किचेर
होईन भने तँ बता साँचो बक्बक छोडेर
जोडेर हात बिराएँ भन्दै गोडामा ढोगेर"

हुँ भन्दै ठाडो पारेर शिर सिंह झैं उठेर
उज्यालो मुख लगाई भने "ढल्दैनौं झुकेर
देखाई गोली काँतर मात्रै गोडामा पर्दछन्
वीरका छोरा मरेमा पनि प्रेरणा छर्दछन्

आएका हामी होइनौ त्यसै कसैले उचाली
बुद्धि र बल पलाई आयौं हुदय उचाली
तिमी झैं डाँका  होइनौं हामी मान्छे हौं देशको
मौनतासाथ सक्तैनौं हेर्न विदेशी पोषेको

अन्यायी भन्दा झन् तल गिर्छ अन्याय सहने
संझेर आयौं न्यायका लागि छ शक्ति संझने
राजाको गद्धी श्रीपेच हैन हामीले ताकेको
मानिसलाई चाहिने हक हो खाली मागेको

राजाका कुनै जनताहरु हुँदैनन् नोकर
राजामा कुरा जाहेर गर्दे सबछन् कठोर
"मर्दछौं भोकै भन्दछन् खाना पटक्कै खाँदैनन्
शहीदलाई दिलमा राख्ने हरेस  खाँदैनन्

तँसँग कुरा गरेर हामी समय फाल्दैनौं
गहते झोल खाएर हामी इज्जत फाल्दैनौं
तँ क्षमा दिने को होस् र पापी घमण्ड गर्दछस्
घमण्डद्वारा रावण जस्तै तँ पनि मर्दछस्"

नभन्दा भन्दै कपाल लुछ्यो बन्दुक उठाई
सिपाहीलाई संकेत दियो मुहुडा उठाई
लगाए पनि उसले मुख सुकेको पात झैं
"चुट ल" भन्यो गरेर स्वाँ स्वाँ वर्षाको रात झैं

सिपाही लागे पालना गर्न आदेश उठेर
उनले भने सिपाहीलाई बचन चुनेर
"जनतालाई चुटेर तिमी पाउँछौ भन के ?
मनन गर नगर नर संशेर भन्छ  जे ! !

नेपाललाई हामीले मिली उचाल्नु पर्दछ
तुलेले जस्तै तिमीले सोंचे उज्यालो पर्दछ
हामी झैं तिमी पनि छौ दाजु ! दुःखमा डुबेका
नेपालीलाई भुटेर नरेहरु हुन् उठेका

तिमीमा रीस राख्दैनौं हामी नहाल हात त्यो
"नरेले सुख दिंदैन बरु मनमा राख त्यो"
सिपाही हच्के गुनेर के के अधम कुर्लियो
पापीको मन धमिलो भेल बनेर उर्लियो

चुक झैं मुख लगायो कालो मोसोले पाते झैं
छोप्न नै लाग्यो झम्टेर चल्ला चीलले छोपे झैं
उठायो हात नागले फणा उठाए समान
मुखमा लुछी शिरमा हान्यो रहिछस् अजान

सम्पूर्ण साथी बीचमा  पुगी उभिए छेकेर
डरायो नरे फर्कियो आफैं थरर काँपेर
मौरिले आफ्नो रानोको रक्षा गर्दछ जसरी
नेताको रक्षा साथीले गरे सोचेर त्यसरी

त्यो बक्तै गयो "कालले मुख बाएको गुन्दैनस् ?
कसले लियो गंगेको प्राण बन्दूक देख्तैनस्
देखिनस् मेरा पाखुराहरु के गर्न सक्तछन् ?
उत्तर दिए "रातमा पाए निमोठ्न सक्तछन्

नदेखा पशु तँ मुढे बल सिंगौरी खेलेर
जनता अब पेलिन्नन् तेरा कोलमा पेलेर
नबोलूँ भन्दा पाएनौं सुख तँसँग नबोली
कड्केरै भने मुटुका माझ पर्यन्त छिचोली

हिजो झैं झुकी ठगिने छैनन् आजका नेपाली
लक्ष्यमा ताकी पाइला चाल्छन् बन्धन चुँडाली
सम्मुख मेरो परेर अरु तँ धाक नलगा
शर्म छ भने तँ भित्र बौंकी खबर लिई जा

छोरो हुँ भक्तलालको भीमलालको नाति हुँ
शहीद गंगालालको भाइ म पुष्पलाल हुँ
छोडिदे धाक जगमा को छ मैले झैं जानेको
तैंले झैं छैन अरुको भाग हामीले खोसेको

डटेर सब हिसाब खोज्छौं रगत चुसेको
तँलाई दिन कालको निम्तो जुलूस उठेको
अंग्रेजी दास शासकलाई फुकेर बढार्न
नेपाललाई सौन्दर्यपूर्ण पारेर उघार्न

नबोली कैले बोलेर कैले जबाफ लाएर
कहिले शान्त कहिले तातो आवेश ल्याएर
कर्मीले कला देखाए, सरी अनेक रंगले
बीरले बल देखाए सरी अनेक ढंगले

उनको साम् बेकार भयो प्रपंच रचेको
उसले सोच्यो "हिमाल तुल्य अचल रहेको"
जे गरे पनि नहार्ने हुति विद्यार्थी देखेर
फर्कियो तेरो पाइँन भोलि हेरौंला भनेर

घुँडा टेकी हात जोडी जमीनमा हेरी
थररर हुँदै नरे वेदनाले बेरी
शब्द तौली भन्न लाग्यो महारथीलाई
"सकिएन झुकाउँन पुष्पलाललाई"

## नौ

महारथी अन्योलमा आफैं पर्न थाल्यो
"नझुक्ने यी भए कस्ता" उठ्दै गुन्न लाग्यो
पलङ्गमा मडारियो औडाहाले डामी
रिसाएर काम्न लाग्यो कामे जस्तै धामी

हत्याराको मन हुन्छ काँतरकै जस्तो
काँतरमा मतिभन्दा रीस हुन्छ सस्तो
विपक्षीको कुरो सुन्थ्यो बुद्धि भएदेखि
कन्सुत्लाको कुरा सुनी लिन थाल्यो शेखी

रातो रातो आँखा पारी कालो मुख पारी
होश छोडी देखाउन लाग्यो जोश भारी
"रोलवाला हुँ म मेरो कुरा सुन्नु पर्छ
फाँसी दिने राय दिदा फाँसी दिनैपर्छ"

नरेतिर फर्की भन्यो "के हेरिस् त तैंले
यति जाबो कुरो पनि हेर्नु पऱ्यो मैले"
जुँघातिर ताउलाई आँखा घुमाएर
आज्ञा दियो नरेलाई डर देखाएर

"बन्दोबस्त गरेस् राम्रो पाले पहराको
तुले तुल्य नहुन् अरु फेरि फटाहाको
नाइकेको चियो गर्नु नबुझे झैं गरी
भड्काउला अरुलाई पुष्पे कान भरी"

लगाउदै साँध थोत्रो कालो तर्वारमा
आतसमा हतारिँदै पुग्यो दर्वारमा
"अब के के हुन्छ के के" रानी गुन्न लागे
राजा भन्दा प्रजाहरू बाठा हुन लागे

बाठो पनि हुनैपर्छ बेला बखतमा
राणाहरू होली खेल्छन् नत्र रगतमा
रानीलाई दुखः दिने अन्ततिर लागी
ढल्नै पर्छ शासक यी अपराध भागी"

मोहनेले मुख खोल्यो पद्मे सुन्दै गयो
सुन्दा सुन्दै कुरो तर अँगार झैं भयो
रानीतिर हेऱ्यो यसो मुख अन्तै लाए
के भनुन् र रानीहरू अन्धकार छाए

डाँडा पारी घाम पुग्यो कालो रात आयो
हरियाली जगतको अँध्यारोले खायो
लुट्पुटिए हुने खाने भोग विलासमा
सुसारेले भरिदिए सुरा गिलाशमा

रावणको प्रतिबिम्बै महाराज भयो
नपाईने भयो भन्न "अत्याचार भयो"
तुले भयो चिन्ता मग्न आधारात तिर
आँखा मिच्चै पुग्यो सुस्त पुष्पलालनिर

जेल थियो गन्हाउने नाली सरी कालो
भित्ता भरि लेऊ लेऊ, माकुराको जालो
नाक झर्ला जस्तै हुने दुर्गन्धले खाई
बान्ता होला जस्तै हुने वाकवाकी आई

चीसो पसी शरीरमा कररर खाने
झ्याल ढोका थुनिएको थियो कता जाने
अंग छाम्दै थिए छात्र परस्पर हेरी
उडुस र उपियाँले सताउँदा खेरि

गर्दै थिए पुष्पलाल आफैंभित्र तर्क
अन्त छैन यथार्थमा जेल नै हो नर्क
जीवनमा आवश्यक पर्ने हावा पानी
घाम छाया पाईंदैन खोस्छन् अभिमानी

अभिमानी ढले पछि हाम्रो बाटो खुल्छ
सबै मिली श्रम गरे पछि सुख डुल्छ
सुख नै हो यथार्थमा स्वर्ग अन्त छैन"
तुलुलाई भने "दरो भए मिल्छ चैन

दुख झेल्नु पर्छ तुलु ? सुख खोज्नलाई
गाह्रो मान्नु हुन्न आज दुख मोल्नलाई
देखाउँछन् डर धाक हाम्रो बल खिच्न
उनैलाई पर्छ डटी बुद्धिद्वारा मिच्न

सुगा जस्तो हुनु हुन्न सिकाएको टिप्ने
दुख देखा परेदेखि कछुवा झैं छिप्ने
होश जोश मिलाएर खेलाएर मन
बनाउँनु पर्छ आफ्नो दरो दरो मन

सिकनु पर्छ साँचो कुरो त्यागनु पर्छ झूटो
झूटो काम कुरो सुक्छ सुके सरी ठुटो
झूटो कुरा छोडी तिमी साँचोतिर आयौ
आँखा खुल्न थाले तिम्रा सत्यतर्फ धायौ

केही दिन थुन्न सक्छन् मुख लुच्छन् पनि
हार खान्छन् तर पछि अन्यायी र धनी
मुक्त हुन्छन् क्रान्तिकारी डर छोड सारा
अन्धकार भगाउन खुल्छन् जून तारा

आज रात परेको हो भोलि उदाउँन
अस्ताएको हो र सूर्य सधैं हराउँन
तुलु ! तिमी पखालिद्यौ वेदनाका पोका
सधैं भरि चारणले दिने छैनन् धोका"

कुरा हुँदा हुँदै खोल्यो नाइकेले ढोका
गुन्न थाले वन्दीहरू "दिन आए धोका"
नरे पनि पस्यो भित्र हस्याङ्ग फस्याङ्ग गर्दै
आतंकको मुश्लो बन्दै भन्यो आँखा तर्दै

"लाम लाग लाम लाग सबै जना अब"
पुष्प उठे जर्मुराई भेला भए सब
प्रहरीले घेरा हाले टाठा आँखालाई
दर्वारमा पुऱ्याइयो अनि बन्दीलाई

पाखा पखेरामा काला काला छायाँ डुले
वादलको आडपाई काला काग फुले
महाराज पद्मे बोल्यो जुँघा मुसारेर
भित्रैदेखि गुम्सिएको जोश उमारेर

"पुष्पे को हो तुलेलाई कुरा सिकाउने
सेनालाई विरोधमा तानी उठाउने
पुष्पेसँगै तुलेलाई पनि भित्र ल्याए
आफैं हेर्छु" भन्दाभन्दै पुष्प मुस्कुराए

जहाँ थिए टाँगिएका नानाथरि चित्र
देख्ता मनै झस्काउँने मूर्ति अपवित्र
कतै बाघ खाँदै थिए मिर्गलाई झंटी
चल्लालाई चील थाले चपाउन गंकी

रावणले सीतालाई समातेको कतै
द्रौपदीको सारी तान्ने दुस्शासन कतै
मासु लुछ्दै कुंभकर्ण कतै पल्टिएको
शकुनिको रुप कतै कंस झल्किएको

हिट्लरका मूर्ति थिए कतै सजिएका
मुसोलिनी, चर्चिलका चित्र चंकिएका
भित्तातिर देखाउँदै लाम लगाइयो
थकाईले "बसौं" भन्दा लठ्ठी देखाइयो

भित्तातिर थिए सुक्तै रगतका टाटा
सिपाहीका हातभरि काला नाल, भाटा
घेराबन्दी राम्रै थियो पाले पहराको
हजुरिया उतर्सिंदै बोल्यो फटाहाको

"बडो भाग मिल्ने भयो नाथेहरूलाई
गाली गर्न सक्ने भयौ महाराजालाई"
नरे आई घुऱ्यो अरु पुष्पतिर हेरी
छात्रलाई लाग्यो "त्यही आई पुग्यो फेरि

मनोबल ढलाउँन दुष्ट यत्न गर्छन्
राक्षसका छल बल तर तल पर्छन्"
पुष्पलाल गुन्दै थिए लाल आँखा पारी
"राजासँगै खुलाउँला कुरा ताल पारी"

म्यानबाट तरबार थुत्त निकालेर
डिच्च हाँस्यो कीचक झैं जुँघा मुसारेर
भन्यो "क्षमा मागेदेखि समय छ बाँकी
नत्र भने जीवन छ पाँचै पला बाँकी"

मुस्काराए मात्र छात्र त्यसलाई हेरी
मुस्कुराए सरी सिंह स्याललाई हेरी
सूर्य किन डराउँथे मेघलाई देखी
राणा रुपी राक्षसको झारिदिने शेखी

नेपालीको दुख हर्न कसिएका वीर
फुलाएर छातीलाई उठाएर शिर
सोझ्याउँदै कम्मरको हाड, खोले गला
आगो फुक्न राम्रै पुग्छ मिले एकै पला"

त्यहीँ पुगे महाराज युवतीका साथ
कामी आँखा लगाउँदै उठाउँदै माथ
जुर्मुराए सेना पेना मुण्टो झुकाएर
स्वागतमा सलामीको बूठ बजाएर

गद्धीमाथि बसेपछि भुँडे महाराज
गर्नु पर्ने गर्न लागे अरु काम काज
हुक्के हुक्का समाउँदै छाते छाता लिँदै
सेवा गर्न लागे अरु पनि ध्यान दिँदै

सुस्त सुस्त चामर र पंखा डोलाउँदै
उभिएका थिए केही केटी लोलाउँदै
धूँवा फाल्यो तमाखुको सर्को सर्र तानी
छात्रतर्फ आँखा लायो नचाउँदै नानी

सात बित्ते सुवर्णको च्याप्यो फेरि नली
धुवाँ बुंग उडाएर क्रूद्ध भयो जली
"को हो नेता भनाउँदो पुष्पलाल भन्ने
हामीलाई पनि आफैं सरी घाँस गन्ने"

राजबन्दी जुर्मुराए उँचो शिर पारी
दर्शाउन लाग्यो नरे बन्दै होशियारी
"उठाउन हुन्छ आँखा राजा समक्षमा ?
निहुरिंदै हात जोड्नु पर्छ समयमा

घुँडा टेकी नजोडेमा हात भाँचिएला
सिन्की जस्तै खाँदी खाँदी धूलो पारिएला"
एकोहोरो बक्दै थियो सर्बेसर्बा ठानी
झ्यालबाट हेर्दै थिए रानी महारानी

मोहनेले बिन्ति पार्‍यो उस्तै राजासँग
"जोरी खोज्ने केटा केटी भए हामीसँग
अरु भन्दा पुष्पे 'मै हुँ' भन्छ कस्तो केटो
दुख दिन्छ पछिसम्म नकटाए नेटो"

हाई गर्दै मुख बायो ओडार झैं कालो
पद्मे आफैं बोल्न लाग्यो फिँजाउँदै जालो
"कहाँबाट गाथगादी ताक्ने आँट आयो
लागी हाम्रो विरोधमा कस्ले सुख पायो ?

साँचो कुरो खुलाएमा क्षमा दिनेछु म
हैन भनेदेखि केटा ! प्राणै लिनेछु म"
बकाउँन खोज्दै थियो पुष्पलाललाई
हाँसी रहे तर उनी मुटु छाम्नलाई

उठाउँदै नली भन्यो "भन्दैनस् तँ अझ
मेरो सामु मुसुमुसु हाँस्छस् धेरै ! अझ
दाँत तेरो झर्ने भए तँ जिराहा भए
बिर्सी सकिस् कता तेरा दाजु साजु गए

बोल्दैनस् तँ यताउति आँखा लगाएर
लाल आँखा पारी बस्छस् 'बाटो' भनाएर
नउम्किने भए भयो नबताए हुन्छ
तेरो नेता को हो खोले तेरै भलो हुन्छ

के खोजेको बल्ल बोले "हाम्रो अधिकार
सार्वभौम सत्तासँग राम्रो सरकार
नेपालका खोला नाला हिमालका तला
स्वतन्त्रता खुलाउँन अबरुद्ध गला"

आँखा तर्दै थियो पद्मे कालो मुख लाई
चपाउँला जस्तै गरी फेरि उनलाई
विकासको बाटो रोज्ने खोज्ने अधिकार
डराउँथे नेपालका किन कर्ण धार

नेपालको अस्मिताको इतिहास जान्ने
मनोहारी हिमालको सुन्दरता मान्ने
राष्ट्रियता झल्काउँने बनाउँने गाना
एकताको मिलाउँने रम्य ताना बाना

हँसाइलो मुख पारी नचाएर नानी
खुलाउँन लागे अरु विचारका पानी
"कल कल गर्दै बग्छन् जल सललल
ध्वस्त पार्दै पत्थरका काला छल बल

प्रकृतिको कला कृति गाई सकिँदैन
राम्रो काम गर्न सकेदेखि मेटिँदैन"
हृदयले राम्रोसँग गुन्ने जगतमा
मुक्तिकामी डराउँथे किन मफतमा

मदिराको मात लागे मन झुम्म हुन्छ
उन्मुक्तिको नशा लागे मान्छे मुक्त हुन्छ
शकुनिका बचनमा मन लगाएनन्
लोभ लाल्चा डर त्राशबाट डराएनन्

छल्छन् पंछी हावालाई उल्टो दिशा लाने
सुल्टो बाटो समाउँछन् आकाशमा जाने
देश, काल परिस्थिति रीतिस्थिति हेरी
सुसाउँदै हाँसे फेरि सल्लाघारी सरी

कल्पना झैं कोपिलाए यथार्थका फूल
मानिसका मनबाट दूर हुन्छन् शूल
दिमागमा यथार्थका ज्वार भाटा उठे
सृष्टि हुन्छ चहकिलो भाव मूल फुटे

"शासकले सत्य तथ्य केलाउनु पर्छ
'जनताको नोकर हुँ' नित्य गुन्नु पर्छ
'मालिक हुँ' गुन्न लागे आफैं ढल्न पर्छ
कंसलाई कंस्ले नुही मान भाउ गर्छ

शकुनिको कुरा सुन्ने धृतराष्ट्र ढले
धुन्धुकारी दुर्योधन, दुशासन ढले
ढल्नै पर्छ घमण्डले आँखा नखोलेमा
छोड्ने छैनन् छात्रहरू न्याय नबोलेमा"

विचारका छहराले पहरामा हाने
थरहर हुन लागे दुष्टहरू ठाने
पद्मे बौलाउन थाल्यो हार खान लाग्यो
कस्को आड भरोसामा पुष्पेलाल जाग्यो

सिंहासन डग्मगायो कस्तो मुटु खायो
गंगेलाई लडाउँदा उस्तै पुष्पे आयो
छोडौं भने अरु उठ्लान् थुनौं कतिलाई
समाते भ्कैं भयो कस्तो कस्तो भालुलाई"

संहारको आँधिबेरी सुसाए भ्कैं मान्यो
कुकर्मले उसैलाई लातै लात हान्यो
आफैं गम्यो "धाँजा पऱ्यो सिंहासन माथि
हुति मेरा छामीसके थिचिसके छाती"

गुन्दा गुन्दै बजारमा नारा लाग्यो राम्रो
राजबन्दी छोड चाँडै नेतालाई हाम्रो"
अन्यौलमा पऱ्यो अरु "सल्कंदैछन् अरु
नथुनेकै भए अघि राम्रो हुने बरु

मानिसका मनभित्र अनल नै छ कि !
सामर्थ्यका सागरको मुहानै पो छ कि !!
चारलाई लुछ्दाखेरि चौरानब्बे आए
विद्यार्थीले हाम्रै आज राम्रै सातो खाए"

पद्मेले आँखा चिम्लेर गुन्यो के गर्ने के गर्ने !
निडर कस्तो रहेछ पुष्पे बसमा नपर्ने
उसका साथी उसकै मान्ने रहेछन् इशारा
सिपाही तुले पर्यन्त लिने भएछ सहारा"

## दश

मनमै कुरो लुकायो तर पद्मेले खोलेन
तुलेले गम्यो "राजाले किन फैसला बोलेन
पुष्पले भने समान लुछ्न नसक्ने भयो कि ?
डरका मारे पातालतिर ढलेर गयो कि !!

निर्दोष तुले मुसुक्क हाँस्यो मुखमा हेरेर
बसेका थिए पहरेदार चौदिशा घेरेर
पद्मेले भन्यो "तँ हाँस्छस् डिच्च बँगारा देखाई
गोलीले हानी अहिल्यै दिऊँ तँलाई लडाई"

पुष्पले भने "जनता हाँस्न पर्यन्त नहुने !
मुख नै तिम्रो कानून हो कि जिउँन नदिने !!
हुरीका काग समान भए राणाका भार्दार
राणाका छोरा बसेका थिए उठेका सर्दार

टोकेर ओठ पद्मेले सोध्यो "खोजेको के कुरो
लगाई नारा जुलूस गरी थापेर पुर्पुरो !
पुर्पुरो फुट्ला ज्यान नै जाला बंकेर नबोल् तँ
मुखमा मेरा हेरेर आँखा लगाई नखोल् तँ

उसले आँखा रिसले राता रसिला गरायो
खोजेको हक जवाफ दिंदा लुटेरा डरायो
बन्दुक भन्दा दरिलो हुन्छ उन्नत भावना
नेपाललाई सिंगार्ने राम्रो मर्दैन कामना

सुसाई तर नरेले भन्यो "हुकुम पाउँ म
छपक्कै पार्छु छातीमा तातो हुलेर गोली म"
हाहामा होहो मिलाए हुक्के बैठकेहरूले
थापेर सही सम्मति दिए पंडितहरूले

जो आफूलाई पण्डित ठान्थे अक्षर नजान्ने
स्वार्थान्धहरू स्वार्थीकै झूठो गौरव बखान्ने
ब्वाँसाका टेवा भएका थिए विकाश निरोधी
उनको उल्टो दुनिया भए पद्मेका विरोधी

सकल भए शहरवासी थुनिन तयार
'छोडिदे नेता' सुनेर नारा थर्कियो दर्वार
डरायो पद्मे जुलूस उठ्दा प्रत्येक पलामा
संझियो पाशो लाउँने हुन् कि समाई गलामा

जुलूस देखी पीरले पाकी हृदय चस्कियो
"दुनियालाई थुनेर साध्य हुँदैन" सम्झियो
नेपालै उठे लगेर कहाँ थुनेर राखौंला
बनाई के को हत्कडी नेल लाएर बाँधौला"

ऊ गम्न थाल्यो पुष्पले हाने रापिलो आवाज
"गोलीले तेरो ढल्दैन अब जीवन्त समाज
हातमा दही जमाई हामी बसेको नसंझी
'हुँ महाराज' संझेर अब अगाडि नगम्की"

"गम्किने बेला बिते कि" गुनी मुलुक माराले
चलाकीपूर्ण फैसला दियो घुमौरो पाराले
"त्यो दुधमुखे बालकलाई सँजाय के दिनु
ल माफी दिएँ पछाडि यस्तो कुबाटो नलिनु"

फलको रस सर्वत पनि पिलायो मगाई
साखिलो बन्दै निकै नै दयावान छु देखाई
थिएन केही तुलुको बारे फैसला भएको
उसको थियो जागीर भने पहिल्यै गएको

पुष्पले भने "जाँदैनौं हामी नछुटी तुलु यी
उनले न्याय पाउँन पर्छ अन्यायी हैनन् यी"
ऊ पनि छुट्यो उनले गर्दा घरमा गएर
सुनायो कुरा जहानलाई निर्भय भएर

"ठानामा मेरो बचाए प्राण बन्दूक हटाई
बाँचेर आएँ नभए पुष्प मार्दथे मलाई
भाग्दैन हात्ती भन्दथे थोत्रो ढोलक बजाई
भने झैं काम गरेर दिए मलाई छुटाई

राजाका सामु मुसुक्क हाँस्ता नली नै उठाए
उनले सातो लिएर मेरो संकट भगाए
नभए उनी कपाल लुछी गलामा दबाई
प्राण नै लिन्थे मट्टितेल हाली बालेर सलाई

मच्मची मिची धुस्नो झैं चुटी मलाई माड्दथे
जिउँदै पोली बगैंचातिर लगेर गाड्दथे
राणाको त्यस्तो अचाक्ली देखी उठेका रहेछन्
उनी झैं बीर उनका साथी निडर रहेछन्

उनको पक्ष लिएर उठ्दा जागीर खोसियो
बेशै भो तर बिचार राम्रो चाहिने जोरियो
खोरिया फाँडी खाउँला आफना पाखुरी घोटेर
परेन बाँच्न पापीका काला चरण परेर

पुष्प झैं सोच्न नसके पनि केही त गरौंला
उनका मीठा बचन संभी गाउँमा छरौंला
पापीको शिर झुकाए कस्तो निर्भय भएर
संझेर चिठी पठाए त्यस्तै भारत पुगेर

"हे भाइ ! तुलु नमान पीर जागीर गएर
भोकै नै बस्नु मानिन्छ बेश स्वतन्त्र भएर
न्यायको पक्ष सर्बदा तिमी सोचेर लिने छौ
आमामा जस्तै नेपाललाई सम्मान दिने छौ'

पुरानो रीति रिवाज तोडी जटिल बन्धन
नवीन रीति ल्याउने मन राखेर पावन
लागेका थिए उज्यालो बाटो खोजेर त्यसरी
बढार्दै धुलो हिमाली हावा बहन्छ जसरी

मुहार जस्तै पुष्पको पाएँ हृदय हँसिलो
वचन उस्तै नेपाली भाषा सरह रसिलो
पत्रको हार पढेर सार संक्षेप खिचेर
रचेर गीत गाउँन लाग्यो गाउँमा गएर

"के गरी दुनो सोभिन्छ लोभी कुकुर सोच्तछन्
राक्षसलाई सन्तुष्ट पार्न पैतला चाट्दछन्
त्यस्ताले एक लगाए, लात हजार लगाई
मानिस हिंड्छन् मानिस खाने राक्षस भगाई"

"थलिन्न मान्छे काममा लाग्ने बेलामा ब्यूँझेर
निदाए पछि पहरा पाले सुटुक्क उठेर
भन्दथे कस्तो लेख्न र पढ्न पाउँनु पर्दछ
सबैले राम्रो शिक्षाको घाम पाउनु पर्दछ"

उनको आँसु चुहेन कत्ति कपाल लुछिँदा
भनेनन् ऐया रक्तमा आफ्नै शरीर मुछिँदा
हाँसेर भन्थे पत्थर देखी रोकिन्न छहरा
सूर्यको साम् नभ्रुकी टिक्न सक्छ र पहरा ?"

चुँडेर हाम्रो शरीरलाई विचार चुँडिन्न
सक्तैन सानो तुर्तुरे धारो सागर उछिन्न
खोलाको पानी स्यालले खाई निखार्न सक्छन् र ?
न्यायको लागि तत्पर हुने भ्रुकेर लड्छन् र ?"

उनको केही संगत पाई नयन खुल्दैछन्
मौलिक हक चाहिन्छ न्याय भावना डुल्दैछन्"
उन्नतितिर नलागे आफैं परिन्छ पाखामा
समय अब भएछ उठ्ने उनका भाखामा

के गर्दै होलान् अहिले उनी भारत पुगेर
मुक्तिको लागि तत्पर हुन्छु भन्दथे उठेर
जोगाएदेखि आरामदायी विचार पाएको
आगामी दिन पाईन्छ हेर्न उज्यालो छाएको

धारणा थियो आधार लिन पर्दछ संघको
दरिलो संघ सुरक्षा गर्न सक्तछ सबको
सोचेर राम्रो गएका थिए नेपाल बाहिर
खुलेको सुनी कांग्रेस पार्टी संघर्ष खातिर

वि.पी.का साथ सम्बन्ध भयो हौशला थपियो
संघर्ष गर्न सकिन्छ चाँडै विचार भरियो
एउटा त्यान्द्रो पराल ताने चुँडिन्छ चर्चर
मिलाई डोरी बनाए दरो चुँडिन्न चर्चर

लगाई जोड सबैले खने पहाड भत्किन्छ
चन्द्रमा तारा उदाएपछि जगत झल्किन्छ
अकल युक्ति लगाए हात्ती बशमा पर्दछ
अंकुशे विना माहुते मात्र के नै पो गर्दछ"

सचिव भए कर्ममा जुटी कर्मका बलले
छकाई राख्न सकेन तर पाखंडी दलले
तुरुन्तै पाए त्यसमा तुच्छ संस्कार रहेको
धपिने राणाहरूकै रोब रबाफ परेको

झसंग भए सम्बन्ध कस्तो गाँसेछु गुनेर
के गरौं भनी घोरिन लागे चिन्ताले पोलेर
कांग्रेसभित्र गरीब मुखी नेतृत्व देखेनन्
राष्ट्रको लागि चिन्तन गर्ने एउटै भेटेनन्

उनमा अरु विदेशी छाया परेको देखेर
बिस्मय मानी मनमा टिपे सतर्क बनेर
मदिरा मासु धोकेर ढल्छन् सुवर्ण सम्शेर
कांग्रेसहरू बस्तछन् नुही चामर हम्केर

यी खान पाए पुग्नेले उठी संघर्ष गर्लान् र ?
गरीबलाई उठाई माथि ममता गर्लान् र ?
विश्वास गर्न हुँदैन यस्ता नशालुहरूको
त्यस्ताले पक्कै गर्दैनन् भलो नेपालीहरूको

बलियो अर्को प्रमाण पाए जेलमा परेका
वि.पी.ले छुटी पटना पुगी बक्तव्य छरेका
"चाँडै नै राजा सुधार गर्ने गर्दैछन् तयारी
संघर्ष गर्न पर्दैन ठानें गरेर तयारी"

निश्चय गरे "सुधारवादी संघर्ष गर्दैनन्
विकार फाली असल बीच खोजेर छर्दैनन्"
विवेकीलाई विचार आयो, वी.पी. नै निहुरे
जेलमा साथी सडाई 'झूठो' पगरी सिउरे"

अश्चर्य मानी विचार गरे सम्बन्ध त्यागदछु
निमुखालाई संझाई राम्रो मार्गमा लागदछु
नेपाल हाम्रो बन्दैन तुच्छ विकार नफाली
विकार रहे सामन्त गर्छन् सत्तामा बहाली"

ठम्याए राम्रै "नबाली बत्ती अँध्यारो ढल्दैन
उज्यालो नभै जंगेको बंश पटक्कै गल्दैन
केवल ठुङ्छन् च्यापेर चल्ला चीलले ठुङे झैं
चुसाहाहरू दिउँसै उड्छन् नशालु उडे झैं

जो ढल्छन् अग्ला महलवासी मदिरा पिउँदै
खलाँती जस्तै फेरेर लास भएका जिउँदै
मानिसलाई निमोठ्छन् आँखा गाडेर खुनमा"
पाएको पद छोडेर हिँडे मुक्तिका धुनमा

हातको माछो उम्कियो मानी कांग्रेस जिल्लिए
सम्पूर्ण पोल खोलिने ठानी पीडाले पिल्सिए
लोहियासँग गुहार मागे के गर्ने के गर्ने !!
छकाई राख्न सकेनौं भयो बशमा नपर्ने"

विचार मोड्न लोहिया पुगे पुष्पका समीप
पाएको पद त्यागेर किन विगार्छौ नसीब ?
विचार गर बताए डर लालशा देखाई
न घर बार न परिवार बाँचौला के खाई ?

छोडेर घर विदेशतिर आएका तिमी छौ
बालकैदेखि कहर कष्ट भोगेका तिमी छौ
तिमी छौ एक्लै को छ र तिम्रो वी.पी को बाहेक
उनको आड भरोषा छोड्दा लाग्दै छ उदेक

उनको उल्टो लागेर तिमी के खान पाउला
बसेको हाँगो लछारी कस्को आधार पाउला
सुबिधा केही अपुग भए मलाई भनन
समय हेरी लगाई मन मनन् गरन"

उत्तर दिए "होइन मैले सुबिधा खोजेको
वी.पी.ले क्रान्ति नगर्ने देखें मनले रोजेको
राणाले पनि पदबी दिन्थे गिरेको भए म
उनको पाउ नछुँदा खेरि गनिएँ बागी म

गलैंचामाथि आराम लिने जोखिम मोल्दैनन्
जोखिम विना क्रान्तिको शिखा आ-आफैं बल्दैनन्
सुवर्णद्वारा तलब-भत्ता मजाले खाँदैछन्
राणाकै छत्र-छहारी भनी कांग्रेस जाँदैछन्"

चपाई पान रिसाई भने "होइन त्यो कुरो
आशय मेरो नबुझी किन सुर्किन्छौ पाखुरो
मान्छेले गर्न नसक्ने काम पैसाले गर्दछ
साथमा पैसा नभए मान्छे सुकेर मर्दछ

पाएको मौका छोडेर भोलि धोकामा परौला
कांग्रेसबाट छुटेर तिमी के गर्न सकौला
खाएर कुरो नराखी रोब फर्क ल साथमा
नमाने कुरो परौला चर्को दुखको मारमा"

उत्तर दिए मुस्कान साथ "फर्किन्न अब म
कांग्रेस गर्छ संघर्ष भन्ने मान्दछु कहाँ म
संभिएँ राम्रै र छोडें मैले वी.पी.को विचार
सत्तामा पुगे यी भने खोज्छन् केवल सिकार

रक्सीको गन्ध रोकिन्छ कहाँ अलैंची चपाई
सीनो भैं सड्छ घमंड आत्मप्रशंसा मपाईं
जालमा माछो परे भैं सबै मानिस पर्दैनन्
भुकेर बेत समान अब भ्रमण्मा पर्दैनन्"

हतास पारी लोहियालाई सुनाए निर्भय
"जाँदैन मेरो स्वार्थका लागि खुलेको हृदय
सोफामा बसी भाषण छाँटी पुलाऊ हसुर्ने
संघर्ष खालि मुखले गर्छैन् मुलुकै निचोर्ने"

उनको शक्ति निचोरी दिए मुखली जूनको
पर्दैन कसी लाउँन यहाँ नंबरी सुनको
निर्माणशील छलिन्थे किन काँढाका भालमा
छलिको भाँको भारेर लागे मुक्तिका काममा
X···

उज्यालो देखी तर्सेको चमेरो जस्तै डराई
अबाक भए लोहिया फर्किए माथमा नुहाई
विचार मिल्ने साथीको खोजीमा पुष्प लंकिए
उज्यालाभित्र पाएर पाएर शिक्षा चंकिए

X 'असल साथी बनाई हिड्न पर्दछ छानेर
पापीको पोल खोलेर आफ्नो पक्षमा तानेर
निर्मल साथी दुखका बेला काममा आउछन्
खराब भए दुखका बेला अन्यत्र धाउछन्'

## एघार

पुष्पका सामु लोहिया भए हायल कायल
सूर्यको सामु झुकेर मेघ भए झैं घायल
नुहेर फर्के नसकी गर्न तर्कको खण्डन
सत्यका सामु असत्यलाई पर्दछ मण्टन

असत्य उँभो लाग्दैन कैल्यै सत्यले हार्दैन
बाटामा बिघ्न देखेर वीर हिम्मत हार्दैन
गम्भीर हुँदै पुष्पले पढे पुस्तक अनेक
पुस्तकसँगै संसार हेरे उदायो विवेक

"अलग दल खोल्दछु अब गरीब मुखीको
सामन्तशाही दलले दुख  हर्दैन दुखीको"
समझ राखी अगाडि बढे कुल्चेर झमेला
विकाशशील गर्दैनन् शुभ काममा अबेला

विचारधारा रोकिन्न रोक्न कसैले खोजेर
जीवनदाता बहन्छ हावा सुपथ रोजेर
सिर्जनाशाली प्रकृतिलाई छकाई छकिन्न
मूलको पानी मूलमै लान खोजेर सकिन्न

पानी झैं छुटे मारेर लात बाटाका ढुंगामा
स्वार्थका घेरा नाघेर चढे क्रान्तिका डुंगामा
जनतासेवी समय छँदै गर्दछन् विचार
"जनताद्रोही" ढल्दछन् उठे जनता हजार

मुक्तिको लक्ष लिएका वीर विघ्नले गलेनन्
महमा माखो समान उनी लागेर ढलेनन्
कुवाको व्याङ बनेका भए हिलोमा डुब्दथे
फट्याङग्रा कीरा देख्दथे जहाँ त्यहाँनै कुद्दथे

फूल झैं चोखा मनका हुँदा उज्यालो चाहने
साहसी वीर शिक्षाले आँखा सबैको उघार्ने
उनले सोचे "दुखको मूल सामन्ती शासन
जनतालाई शत्रु झैं ठान्ने दिंदैनन् राशन"

मुक्तिको झिल्को लगाई पत्ता अगाडि बढेका
उनले देखे गरीब, माग्ने बाटामा ढलेका
भोका र नांगा आबाल बृद्ध निमुखा हजार
'नउठे सम्म खुल्दैन' गुने देशको मुहार"

अगाडि देखे लुला र कुँजा अन्धा र अपांग
उनको धुस्रो शरीर थियो निर्वस्त्र उदांग
दयाको साटो झाँटेको देखे खाने र पिनेले
उनले गुने "हसुर्ने भए पनिउँ लिनेले

पत्थर जस्तै हृदय हुन्छ शोशकहरूको
सामन्तहरू गर्दैनन् रक्षा शोषितहरूको
शोषितसँग सम्पर्क सुत्र नगाँसी हुँदैन
निर्धनी दरो बलियो भए धनीले हेप्दैन

वर्गीय दृष्टि प्रकंट भयो बर्गीय धारणा
पीडितलाई पीडक दिन्छन् अनेक ताडना
ताडितलाई पिँधेर कडा ताडक ठडिए
बसेर खाने लुछेर मासु शासक ढाडिए

वर्गीय हित निमित्त वर्ग चरित्र केलाई
गरीबलाई छामेर आफनो पार्टीमा मिलाई
चेतनाद्वारा खुलाए आँखा दरिला भएर
क्रान्तिको बाटो अँगाल्छन् गर्न देशमा गएर

देखाई तथा भोगाईद्वारा उब्जियो मनमा
सबैले हिस्सा पाउँनु पर्छ राष्ट्रिय धनमा"
समाजवादी किताबहरू राखेर झोलामा
हेलिन थाले आराम दिने मुक्तिका खोलामा

चेतना जस्तै साहस पनि पलाए दिलमा
"विचार मिल्ने को होला" गुने बसेर दिलमा
नचिने पनि घरमा पुगे रतनलालको
सुनेका थिए भला छन् निकै सुन्दर कलाको

प्रहार गर्न समर्थ त्यस्तै सामन्तवादीमा
असल थिए जानिफकार समतावादीमा
मिलाई हात आसन दिए स्नेहले मुसारी
सल्लाह दिए खुलस्तसँग हृदय उघारी

विचार मिल्ने मिल्दछन् भित्र मनले खोजेमा
धानका बाला झपक्कै लाग्छन् बेलामा रोपेमा
पाएर उच्च विचार दिए किताब गतिला
उनले पारे अमिट छाप अत्यन्त घतिला

पहिले बस्थे मानिसहरू समूह मिलाई
व्यक्तिको हैन गुन्दथे सबै सबैको भलाई
न कसैसँग साधन थियो न कुनै सम्पत्ति
न त्यसबेला सोच्तथ्यो कुनै व्यक्तिको उन्नति

मानिस बस्थे प्रकृतिसँग संबन्ध गाँसेर
पशुको सामु भिडन्त गर्थे कम्मर कसेर
समूहलाई हाँक्तथिन् पाकी समूह हाँकिन्थ्यो
समूह ठूलो भएको बेला समूह बाँडिन्थ्यो

गोत्रको युग प्रारंभ भयो समूह बाँडिदा
बिस्तारै ज्ञान प्रारंभ भयो, भोकले हाँनिदा
कृषि र पशु पालनतिर हृदय डोरियो
सामान साटी संचय गर्ने प्रवृत्ति कोरियो

मनुष्य थियो पहिले मिली त्यसरी उठेको
सबैको निम्ति उन्नति गर्न मानिस जुटेको
डुबेको यस्तो मानव हिजो पाषण युगमा
विकास गर्दै अहिले पुग्यो विज्ञान युगमा

टाढिन लाग्यो संचय गर्ने लिएर तरंग
समूह फुट्यो संसार भयो भरङ्ग भरङ्ग
संचय गर्न पर्दथ्यो सोची समूह खातिर
व्यक्तिको लागि जोडिन लाग्यो लोभले आखिर

मच्चिन थाल्यो लोभले ईर्ष्या, कलह आपस
निर्बल ढले बलिया बने शोषक राकश
धनीले चुसे निर्धाको रातो रगत पसीना
जसरी चुस्छन् फूलको रस भमरा असीना

उठेका थिए परशुराम त्यसका विरुद्ध
के गरुन् एक्लो उनले गरे रामले विरोध
पछाडि शक्ति संचय गर्ने भावना पलाए
फुकेर आगो वादललाई पोलेर जलाए

शिक्षाले स्वच्छ विचार हुन्छ हृदय दरिलो
मौकामा जल पाएको फल भए झैं भरिलो
विवेकशील ज्ञान र फल मिलेर चाख्तछन्
विवेकहीन खर्लप्पै पार्ने आकांक्षा साँच्तछन्

अज्ञान पोल्न ज्ञानको आगो नबाली हुँदैन
विरुवा राम्रो उमार्न ढुंगा नफाली हुँदैन
हुँदैन धर्ती झलमल साझा भावना विनाको
गर्दैन पूँजीवादले हित भोका र नाङ्गाको

ज्ञानले मान्छे चनाखो हुन्छ हृदय निर्मल
सिर्जिन सक्छन् समतावादी छहारी शीतल
नेपालीलाई सचेत पार्ने मुक्तिका खातिर
किताब लेख्न कसिए कार्य सहित आखिर

"जनता टाठा नबनेसम्म शोषक कुर्लिन्छन्
धमिलो हुँदै भदौरे भेल समान उर्लिन्छन्
उनले सके बेच्तछन् महाकाली झैं हिमाल
राष्ट्रको भलो गर्दैनन् लुच्चा विदेशी दलाल"

विचारसँगै किताब उल्था गरेर पठाए
खपेर दुख मुक्तिको लागि कदम बढाए
आफैंले भेटी निमुखालाई सचेत गराए
समतावादी अलग दल डटेर बनाए

हरेक दिन सदस्य बढे समतावादीको
खोलिन थाल्यो सकल पोल विषमवादीको
अन्यायलाई निर्मूल पार्ने योजना बनाए
योजना विना पहिले दुखी दुनिया टोलाए

फिँजाए कुरा डुलेर सारा देशका कुनामा
आशाका राता पलाए मुना मुटुका मुनामा
आशाले मान्छे भविश्य रच्न चढ्दछ उकाली
अन्नको लागि किसान खन्छन् कोदाली उचाली

उज्यालो मुख लाउँथे पुष्प पुष्प भौं मुखका
डटेर भन्थे "सामन्त नै हुन् कारण दुखका
सुखको जरो लुकेर खाने धमिरा समान
खिचोला गरी टिकाई राख्न चाहन्छन् शासन"

नेपाली पाखा पखेरातिर भावना फिँजाए
पाखुरी घोटी जिउँनेलाई ज्योतिले जगाए
मनुस्यलाई पशुमा गन्छन् चुसाहा मतिका
पाईला मेट्ने प्रयास गर्छन् मानव जातिका

तथापि गति रोकिन्नन् मुक्तिवाहिनीहरूको
चुसाहामात्रै चरण पर्छन् पिचाशहरूको
धूर्तले ठाने परिने भयो "नराम्रो घाटामा
मानिसहरू लंकन लागे पुष्पका बाटामा

शहीदद्वारा उज्यालो बाटो जो थियो कोरेको
उनको राम्रो मनले थियो सो बाटो राजेको
त्यसैले भए मानिसहरू पुष्पका साथमा
बैरीले गुने के गर्ने हात राखेर माथमा

सुरिन थाले नेपाली राम्रै संघर्ष खातिर
धूर्तले ठाने नेतृत्व लियो पुष्पले आखिर
नेतृत्व खोस्ने विचार गरे प्रपञ्च रचेर
क्रान्तिको नारा उराले नाना तरह गरेर

भारतबाट अंग्रेज हट्यो आधार विनाको
राणाको सत्ता ढल्पल भयो विवेक विनाको
औसर त्रिभुवनले छोपे उठाई पाखुरी
समर्थ भए उक्लिन क्रान्ति स्वरुप टाकुरी

हल्लिए राणा संझौता भयो कांग्रेस कुर्लिए
आएन नयाँ संस्कार उनै पुराना उर्लिए
पुष्पले गरे विरोध त्यस्को सहन नसकी
उनमै उल्टो खनिए धूर्त सामन्त उन्मुखी

कानूनद्वारा ने.क.पा.लाई अवैध गरियो
विचार पोख्ने मान्छेको हक सकल हरियो
उम्किन भूमिगत भै बसे क्रान्तिका बाहक
सहानालाई असह्य भयो नपाई नायक

उनले गुनिन् मनका आशा हराए रहर
कांग्रेसहरू देशका लागि देखिए जहर
चितुवा गए फ्याउरा आए फरक परेन
हिमालमाथि लागेको छाया संस्कार झरेन"

मानिसलाई असह्य भयो उज्यालो नपाई
मुक्तिको दिशा त्यागेनन् तर उनले डराई
हरेश कहाँ खान्छन् र वीर भविष्य विचार्ने
कर्ममा उत्रे संघर्षलाई डटेर उचाल्ने

चनाखो हुँदा पुष्पको गला निमोठ्न सकेनन्
हंडर पाए अनेकौं तथापि बेग डगेनन्
दर्बिलो अरु बनेर कदम आफ्नो बढाए
साहनालाई संझेर खवर लेखी पठाए

## बाह्र

लाजले गाला पारेर राता नयन झुकाई
भनेकी थिइन् "संझना राखे" साहस जुटाई
मुहारतिर हेरेकी थिईन् तिर्खालु आँखाले
भिजेका थिए बचन मिठा प्रेमका भाखाले

छुट्टिने घरि आँसुले भरी पारेर नयन
मनको कुरो खोलेकी थिईन् गरेर मनन
"मनका साथी ! जीवन भरी छोडेर नगए
जीवन लता सुकेर झर्छ ममता नभए

ममता विना सृष्टिको स्रोत सुक्तछ त्यसरी
खडेरी पर्दा साउँने मूल सुक्तछ जसरी
बिर्सियौ भने जिउँन गाह्रो पर्दछ मलाई
लगाए माया, मायाको दियो राखौंला सजाई

मायाको जल खोज्दछ नित्य मनका पातले
के भनौं रुँदै बज्दैन ताली एउटा हातले"
मधुरो बोली मनमा नाच्यो मायाका आँकुरा
पहेँला, राता, हरिया भए स्नेहका पाखुरा

मनको चरी सुसेल्न थाल्यो सैसला खेलेर
खवर गरे "बाँचेको छु म विरह झेलेर"
सौन्दर्यपूर्ण संसार हुन्छ ममता टुसाए
सिर्जना राता मुना झैं हुन्छन् तिर्सना रसाए

तिर्सनाद्वारा सिर्जनातिर डुलेका थिए जो
शत्रुको हूल उठेको देख्दा लुकेका थिए जो
लागेका थिए शत्रुको शक्ति तौलन रातमा
पाएको चिठी खोलेर हेरिन् राखेर हातमा

मनको लाली गुराँसलाई आँखाले नदेख्ता
जिउँन गाह्रो भएको थियो खवर नलेख्ता
पाएर पत्र आनन्द छायो संतोष रसायो
"मारे कि माया" उठेको शंका शन्देह हरायो

उदाए दिन चमेरा लुक्छन् अँध्यारो कुनामा
सुगंधवाही पवन डुल्छन् कुसुम मुनामा
सिर्जनाशील सपनी हुने हुँदैनन् विलीन
निशाना ताकी तन्किने नेता हुँदैनन् मलीन

मनमा गुनिन् "तगारो भाँच्ने उद्योग गर्दैछन्
ने.क.पा. भित्र साहस शक्ति सामर्थ्य भर्दैछन्"
संझदै खेरि मनमा भयो सुगंध छाए झैं
प्यासीको सामु सलल बग्दै सागर आए झैं

संझिइन् "हुरी, असीना, पानी कुसुम खप्तछन्
पत्थरलाई लडाई जल लंकन सक्तछन्
चपरी फाली फैलिन्छ आफैं दुबाको आँकुरो
ढुंगाले किची विचार रुपी मर्किन्न पाखुरो

थिरिइन् आफैं संझाई मन साहस बढाई
"मानिस लाग्छन् मार्गमा काला पत्थर ढलाई
साहस छोडी पछाडि हटे दुष्टले छोड्दैनन्
बढाई धैर्य अगाडि बढे कपाल गोड्दैनन्"

विचार सुझे "सुक्तछन् नसा खुंचेर बसेमा
सडिन्छ स्वयं चिसिंदै पात समान झरेमा
दोमन गरी अल्झिनु हुन्न झालमा मिर्ग झैं
सिंहिनी सरि उभिनु पर्छ निडर आफैं भै

पुरानो पाटी भत्किने दिन आउँछ अवश्य
अहिले ढली बिगार्न हुन्न उज्यालो भविश्य
संघर्ष विना पर्दैन हात मुक्तिको गुराँस
'डराई' भन्लान् 'खवर पाए म भए उदास'

मायाको जल नभएदेखि मनका नसामा
सिर्जन शक्ति रसिलो हुन्थ्यो कसरी धरामा"
विचार गर्दै बसेकी मुख कल्पेर रातमा
आश्वस्त भईन् आउँदा खेरि खवर हातमा

खवर पाई लुकेर पुगिन् बसेको ठाउँमा
जो घुम्दै थिए जमाई डेरा रातमा गाउँमा
कानमा भनिन् "म आइपुगें खवर पाएर
सरिता लाग्छन् सागर तिर जसरी धाएर

लहरा पनि आधार विना झांगिन सक्दैनन्
उनले हात बढाए पछि विरोध गर्दैनन्
लजाई यसो मुखमा हेरिन् जमीन छामेर
"नानीको कुरो बुझियो" भने साथीले हाँसेर

"उमेर पनि मिल्दछ ठ्याम्मै विचार मिले झैं
प्रणय सूत्र मिलाए हुन्छ संसार खुले झैं"
पुष्पले कुरा घुमाए तर संकोच मानेर
आएकी यहाँ उज्यालो बाटो केवल छानेर

साथी हुन् उनी संघर्षमय मार्गमा धाएकी
लुकेर राती सल्लाह लिन केवल आएकी"
मनमा तर तर्कना चल्यो एकान्त रातमा
"साहना परे नराम्रो हुन्छ पापीका हातमा"

आउँने जाने नियम चल्यो प्रेमले तानेर
स्नेहको सूत्र गाँसेका थिए मनले छानेर
भुन्दथिन् "नाईं नभने हुन्थ्यो" कामना सफल
मलाई दिए हुने हो 'हुन्छ' वचन असल

सुटुक्क कापी कलम च्यापी फर्कन्थिन् फरक्क
सुख र दुख मिश्रित आँसु झारेर तरक्क
पारेर मौका पुष्पले यसो एकान्त पारेर
खोतल्न खोजे मनको कुरो हातमा तानेर

"छ भने जति त्यो सबै भन हृदय खोलेर
रातमा तिमी नहिंड्ने गर जोखिम मोलेर
अधर्मी काला भँमरा जस्ता राणाका छोराले
जीवन चुँड्न  सक्तछन् तिम्रो छोपेर बोराले

जीवन चंगा हुँदैन दंगा फसाद परेमा
सुवास लिन पाउँला कहाँ जीवनै झरेमा
जीवनलाई चाहिन्छ साथी हृदय मिलेको
वासना हैन मायाको फूल सग्लेर फुलेको"

उनले गुनिन् "मै द्वारा कुरो खोलियोस् भनेर
घुमाए कुरा म माथि माया मनले राखेर"
सुस्तरी आफ्नो टोकेर ओठ हेरेर जिमीमा
खुलाईन् मन "के बाँकी छ र म भनौं तिमीमा"

मौनता लिँदै मुहार हेरिन् नजोडी परेली
आँसुका दाना गालामा आए परेर तरेली
देखियो मुख फूल झैं राम्रो शीतले भिजेको
पुष्पको बोली बाहिर आयो मनमा डुलेको

"सिंगार्न रुप चाहिन्न नानाथरिको सिंगार
रोगन दले गर्दछ बरु रुपको विगार
फूलको गुण सुवास हुन्छ मान्छेको विचार
मिर्गका आँखा गाजल विना हुँदैनन् उजार

विचार राम्रो सुन्दर पाएँ शील हो गहना
शीलले नित्य सौन्दर्य भर्छन् घरमा जनना
विचार स्वच्छ भएको मान्छे गर्दैन बिगार
पाकेका दाख समान तिम्रो पाइयो विचार

तथापि तिमी मनन गर समय दिएर
हुँदैन चाँडै जीवन दिन हतार गरेर
तिमीमा माया छ मेरो, तिम्रो म माथि भए झैं
तर छु नांगो आवासहीन उडन्ते मान्छे झैं

नबस्ने ठाउँ ठहर मेरो न बन्द व्यापार
मलाई रोजी पाउँने छैनौं सुखका आधार
स्वच्छन्द कवि समान तिमी भावुक नबन
समाई मेरो हातमा तिमी छोड्दिन नभन

ऐले छु यहाँ भोलि म कहाँ पुग्नेछु गुन न
सरल मेरा आशयहरू मनन गरन
'संझौता धोका' भन्नेको मुख गोलीले थुनियो
नेपाली लाली किरण चुढ्न विदेशी हुलियो

राष्ट्रको भलो गर्दैनन् लुच्चा संझौता परस्त
सत्तामा पुगी कांग्रेस भए राणा झैं प्रमत्त
किसानलाई निमोठनलाई बन्दुक लिँदैछन्
राणाको भन्दा नराम्रो धोका दुष्टले दिँदैछन्

संझौताहीन संघर्ष गर्ने जेलमा थुनिए
कलिला छात्र चिनियाकाजी दिउँसै चुँडिए
उज्यालो रोक्न सामन्तशाही वादल डुल्दैछ
देशको चर्को दुर्दशा देखी हृदय पोल्दैछ

ठाडो छ बाटो दोबाटो ढुकी बसेका बाघ छन्
रगत चुस्ने चुसाहाहरू चुस्नमा मस्तछन्
साहना हामी सतर्कसाथ उभिने बेलाछ
सामन्त मुखीहरूले यहाँ गरेको झेला छ

देख्दैन अन्धो शिरको टोपी हावाले उडेको
देशको भलो गर्दैन नेता भोगमा डुबेको
खलका दल असल काम कुरामा डुल्दैनन्
नफाली कालो बादल यहाँ किरण खुल्दैनन्

यथार्थ कुरा सुन्दैनन् काला कलुष मनका
राक्षसहरु सर्वस्व गर्छन् सरल जनका
जनतालाई संझन्छन् आफ्ना नोकर चाकर
जन्मान्ध धृतराष्ट्र झैं हुन्छन् सामन्त पामर

फिँजाई जालो जनतामाथि बनेर क्रोधित
शोषक उठ्दा जनता भए सकल शोषित
शोषितलाई शोषक डस्छन् सर्पले डसे झैं
फुलाई भुँडी बस्तछन् ब्वाँसा बँदेल बसे झैं

नउठे हामी विदेशीलाई नेपाल दिनेछन्
कठालो हाम्रो तानेर दुख यातना दिनेछन्
गमेर लाग्यौं क्रान्तिमा हामी संपूर्ण छोडेर
हुँदैन बस्न वासनातिर हृदय मोडेर

नपुगे बुद्धि पर्ने छौं हामी दैत्यका मुखमा
अगुल्टो कोच्न नसके पर्छौं पीडा र दुखमा
बेदना पोल्न पोलिनु पर्छ सनद सवाल
नेपाल अनि सौन्दर्यशाली हुनेछ विशाल

बताए फेरि "अजीवलाई सजीव पार्नुछ
नांगा र बुंगा खुर्खुरि पाखा आफैंले खार्नुछ
राम्ररी सोच विचार गर नपर्दै फन्दामा
मलाई थुन्न सक्तछन् डुल्दा क्रान्तिका धन्दामा

पहिले जस्तै सकिन्छ छुट्न केवल थुनेमा
प्राण नै जान सक्तछ गोली छातीमा हुलेमा
क्रान्तिमा लाग्नेहरूको केही ठेगान हुँदैन
प्राण नै मेरो नरहे तिम्रो दुर्दशा हुँदैन ?"

गहिरो बोली गमेर हेरिन् मुखमा उनको
झल्झल क्रान्ति खुलेको देखिन् खुले झैं जूनको
उज्यालो देखी हृदय हर्ने ज्योतिले साराको
हेरेका थिए स्नेहीलोसँग मुखमा ताराको

उनका मन वचनद्वारा प्रभाव परेकी
उनकी हुन हृदयदेखि प्रयास गरेकी
उत्साही भइन् आफूमा माया ममता पाएर
स्वीकार गरिन् मुसारी गाला नगीचै आएर

खोलियो आफैं अधर लाल चिम्लेर नयन
हृदय खोलिन् "प्रस्ताव राखें गरेरै मनन
गरीवमाथि मायाको आँखा लाएको देखेर
संबन्ध जोड्न खोजेको मैले मनैले रोजेर

रोजेको साथी नपाए गाह्रो पर्ने छ जिउँन
मनमा मेरो लागेको छैन धनको लिउँन
धनले अन्धा भएकातिर जाँदैन मन यो
पाएमा पुग्छ मलाई यौटै हृदय धन त्यो"

सानो र ठूलो निर्धनी धनी प्रेमले मान्दैन
जात र भात, अछूत छुत प्रेमीले जान्दैन
आफूमा आस्था विश्वास दरो ममता देखेर
समाए हात मुसुक्क हाँसी स्वीकार गरेर

साथीले पनि मनाए हर्ष बधाई दिएर
संघर्षलाई उचाल्न लागे ध्याउन्ना लाएर
विस्तार भयो उनको शक्ति विचार फराक
सदस्यहरू थपिए धेरै पाएर नायक

संबन्ध गाढा भएर गयो स्वभाव मिल्नेको
धूर्तको शक्ति शिथिल भयो विदेशी हुल्नेको
चुँडियो कालो ऐनको डोरी तगारो भाँचियो
फुकुवा भयो ने.क.पा. तर दुर्दशा दोरियो

विकासको बाटो भयो बन्द  बन्द जस्तो
कांग्रेसको दल भयो  बोल्ने कस्तो कस्तो
कलहमा डुबे आफैं बाझा बाझ गरी
कालो मेघ मडारियो वर्षा आए सरी

## तेह्र

तुँवालो लाग्यो हरिया वन मलिन्ा देखिए
फूलका थुँगा सुकेर झरे सौन्दर्य मेटिए
वैलाए लाली गुराँस राता पालुवा रापले
खरिए बन जंगलहरू जेठका तापले

मानिसलाई मुस्किल भयो बाहिर निस्किन
विकाशतिर मारिन लाग्यो पुरानै छिस्किन
खुलेन प्रजातन्त्रको बाटो डुलेन विहानी
पुरानै यहाँ कोरिए धर्सा ननिका कहानी

पुरानै बाटो अँगाल्ने भए सत्तामा पुगेका
विलाए त्यसै विकास गर्ने भावना उठेका
सामन्तहरू पल्टिन थाले वियर पिएर
पिउँने पानी नपाई ढले गरीब रोएर

शिशिर वित्यो वसन्त आयो संझदा संझदै
तताई हात ग्रीष्म पो आयो एक्कासी चंकदै
बसन्त डुल्नै पाएन रातो पालुवा हालेर
मानिस हाँस्न पाएन कालो पहरा पेलेर

बाटामा काँढा पलाए सोझा जनता डराए
धमिला खोला उर्लन लागे भ्यागुता कराए
उर्लिए पनि खहरे खोला ताण्डब मचाई
सिरीष तर ढलेनन् हाँसे मुस्कान बचाई

कमल तुल्य कमला हुन्छन् शिरीष देखिंदा
चंकिला रंग मेटिन्नन् तर मेघले मेटिंदा
शिरीषै सरी मुस्कान लिने दिलका कोमल
पुष्पले भने सिद्धान्तदेखि नहुने ओझल

"नेपाली मिली पुरानो राणा शासन ढलाए
उनकै काला छायामा तर कांग्रेस पलाए
पुरानै बाटो समाई हिंडे राणाले खनेको
मोहने जस्तै यी पनि लागे हितमा धनेको

"हामीले राणा ढालेको" खोक्रो ढोलक पिटेर
उठाई चन्दा व्यापारीसँग उनैका बनेर
गरीबलाई नहेर्ने भए नगर्ने इन्साफ
सत्ताको लागि यी गर्ने भए भिडन्त आ-आफ

गर्वले धेरै मातिए उस्तै पातिए राँगो झैं
"नगर यसो" भनेमा हुन्छन्रीसले आगोझैं
अनेक जाल रचेर कालो हुकुमी पाराले
विदेशीलाई सुम्पिए कोशी मुलुक माराले

उचाली नर संशेरलाई काँधमा चढाए
ढलेका राणाहरूमा आड दिएर उठाए
लिइयो भीमदत्तको प्राण 'विरोधी' मानेर
सज्जनलाई शूलीमा हाल्ने भए नि छानेर

संझन थाले "अनेक खेल राजाले खेल्दैछन्
कांग्रेस भित्र कलह देखी छलेर पेल्दैछन्
चुनाव टार्ने बहानाहरू गरेको देखिन्छ
चुनाव चाँडै नभए बाटो कोरेको छेकिन्छ"

जनतालाई बताए कुरा उठाए चेतना
संघर्ष उठ्यो सकेनन् रोक्न मान्छेका कामना
चुनाव हुँदा चुनिए तर कांग्रेस अनेक
विजयसँगै उसको बाँकी बिलायो विवेक

विचारहीन उचाल्न लागे विकृति विकार
विकारद्वारा झन् हुन थाल्यो देशको बिगार
जनतालाई थपियो दुख गरेनन् भलाई
रजाईं गर्न तत्पर भए हुकुम चलाई

सुनेनन् अरु पार्टीको कुरो अहंले पोलेर
नगर्ने भए देशको भलो जोखिम मोलेर
अवस्था देखी नराम्रो हुने मनले गुनेर
"हे वी.पी. सोच राम्ररी" भने समय पारेर

"धमिलो भेल डुब्दै छ कालो लहर उचाली
लहरालाई उखेली सक्यो मूलनै निकाली
बगौला आफैं चिम्लेर आँखा यसरी बसेमा
बाँचौला तिमी कसरी ढुंगो थाप्लामा खसेमा

सामन्तलाई बनाई आफ्नो जनता ढलाई
टिक्तैन सत्ता शासन आफ्नो गरेर बढाई
चिम्लेर आँखा नघुम तिमी घट्ट झैं फन्फनी
राजाले तिम्रो रगत चुस्लान् मुसारी तन्तनी

उनको भर गरेर तुच्छ नराख कामना
बेलामै सोचे सकिन्छ गर्न शत्रुको सामना
जीवीत प्रजातन्त्र यो रहे, समयानुसार
आ-आफनो बाटो लागौंला, सिद्धान्तनुसार"

जवाफ दिए "राजाले केही लछार्न सक्तैनन्"
पदान्धलाई हितका कुरा पटक्कै जच्तैनन्
तथापि उनी सकेनन् बस्न मौनता साधेर
कसिए भन्न आकाशतिर नयन लाएर

"मनन गर संकीर्ण वृत्ति नराखी मनमा
सकेनौ भिज्न गरेर काम सुन्दर जनमा
विरोध गर्ने जनता भए जो तिमी सुन्दैनौ
जनता विना टिकिन्न भन्ने यथार्थ गुन्दैनौ

विरोधी तिम्रा सकल भए औसर छोपेर
कुल्चन्छन् तिम्रा थाप्लामा राजा बाघ झैं उठेर
तिमी त ढल्छौ यो प्रजातन्त्र समेत ढल्नेछ
नभए प्रजातन्त्रको रक्षा संसारै गल्नेछ

उठेर कालो बादल हेर रोक्तै छ उज्यालो
मलिन दिन भएको हेर लागेको तुवाँलो
गाईले पनि बुझेर कुरो गोठमा फर्किए
गुँडमा पुगे परेवाहरू दिवस घर्किए

सन्ध्याले रातो लगाई मुख रातमा हराई
रातले कालो भालुँको जस्तै जगल्टा फिँजाई
दले झैं मोसो कालो र नीलो देखेर जगत
चमेरा चोर चंडाल भए बलिया फगत

बँदेल, बाघ बंकिन लागे गरेर दहाड
पहराहरू थर्कन लागे गर्जिए पहाड
हुस्सुले छोपे हिमाललाई नराम्रो हुँदैछ
होला कि प्रजातन्त्रको हत्या हृदय रुँदैछ

मयूर तुल्य ननाच तिमी मेघका छायामा
भुलेर देश नलाग तिमी पदका मायामा
मर्यादा छोडी खहरे जस्तो उर्लन हुँदैन
खराबलाई कसैले पनि सहारा दिंदैन

पग्लिए माटो दर्शन ढुंगो टलक्क टल्किन्छ
नबुझ्नेलाई आँखामा दिव्य मणि झैं झल्किन्छ
पत्थरलाई संझेर हीरा मर्यादा दिंदै छौ
सर्बज्ञ स्वयं ठानेर तिमी दुर्बुद्धि लिंदैछौ

नमीठो फल हातमा पर्ला पत्थर पुजेर
शत्रुको हित गर्दैछौ तिमी हृदय खोलेर
थुतेर तिम्रो विचार थिच्ला छातीमा गुनेनौ
युगको उच्च चिन्तनलाई कहिल्यै सुनेनौ

नयन चिम्ली पुरानै मार्ग समाई हिंड्दै छौ
जानेर हो वा नजानी आफ्नै पिँडुला गिंड्दै छौ
रजौटा राजा मद्धतगार हुनेछन् नसोच
पुराना भाटा उठाई हाम्रा मुटुमा नघोच

ने.क.पा. लाई मानेर शत्रु नजर नतर
नगमी कुरो थेचरो बनी कुकर्म नगर
नहेर तिमी नेपालीलाई नरेका आँखाले
कर्तब्यतिर लगाऊ मन मुक्तिका भाखाले

यथार्थ कुरो नखाई तीतो ओखती मानेर
पाखुरा सुर्की बंकिए उल्टै विवेक छोडेर
अँध्यारो मुख लगाई भने "कसले के गर्छ
मलाई सबै ज्ञान छ मेरो विपक्ष मर्दछ"

महत्वाकांक्षी अरुको कुरो पटक्कै सुन्दैनन्
जनतालाई दिएर दुख टिकिन्न गुन्दैनन्
गर्विला धृतराष्ट्र झैं अन्धा गर्दैनन् मन्परी
पुष्पले सोचे बिग्रिए वी.पी. गर्बले कसरी

कोशी झैं सुम्पे गण्डकी पनि चिम्लेर नयन
नेपालीलाई असह्य भयो सकेनन् सहन
आमाको मासु लुछिंदा कुन छोराले सहन्छ
आबरु राख्ने मुटुको तातो रगत बहन्छ

जनता उठे "गण्डकी बेच्न पाईन्न" भनेर
नेतृत्व दिए पुष्पले दरो हृदय पारेर
सुम्पेरै छोडे तै पनि आफ्नो अस्तित्व गुमाई
जनतालाई निमोठ्न थाले पाखुरा घुमाई

हिमालतिर विदेशी चौकी ल्याएर बसाले
आमाको शिर नराम्रैसित पाखामा खसाले
विदेशीहरू हौसिए अरु औसर पाएर
नेपाललाई सताए धेरै बस्तीमा आएर

लुटियो धेरै मान्छेको घर जहान लुटिए
निमुखा सोझा जनताहरू असाध्यै कुटिए
सहनलाई मुस्किल भयो अन्याय अघोर
मुलुकमारा जनतामाथि देखिए कठोर

मच्चिए दाङ, बझाङ्ग काण्ड उत्पात स्याङ्जामा
खनियाबास अनेक काण्ड मच्चिए गोर्खामा
आगोमा घिउ थपेर हाँसे राजाका चमेरा
गुहार गर्न जनता लागे रोएर विचरा

कांग्रेसलाई कांग्रेसै लागे लान्छना लाउँन
गोमन्ले भैं उठाई फणा चड्कन लाउँन
महेन्द्रमुखी योगीले दिए आधार बढाई
औसरवादी जनतामाथि गर्दछन् चढाई

सक्रिय भयो ढुकेर मौका बसेको दर्बार
औसर छोपी महेन्द्र उठे लिएर तर्वार
हौसला बढ्यो महेन्द्रलाई दुहाई सुनेर
सुरिन थाले राक्षसहरू जंजाल बुनेर

चीलले चल्ला चिथर्न थाले च्याखुरा कराए
बाजले पंजा फिँजाए सेता परेवा डराए
वादल मुनि उज्यालो दिन दिउँसै हरायो
अँध्यारो दिन देखेर लुते कुकुर करायो

कुहिरो देखी कराए काग फ्याउरा सुरिए
नेपाली रम्य पर्वततिर चितुवा घुरिए
नभईमा कालो वादल लाग्यो धरामा धमिलो
तुषारो पऱ्यो हृदय भयो दुखले अमिलो

पुष्पले गुने देशमा ज्यादै नराम्रो हुँदैछ
वी.पी.ले गर्दा नेपाली आत्मा धर्धरी रुँदैछ
पछिको कुरो विचार गर्न अघि नै सक्तथे
विदेशमुखी थिएनन् उनी स्वदेश भक्त थे

उनैले सुने "राजाका कुकुरहरू घुर्दैछन्
जनतालाई मारेर खाडल खनी पुर्दैछन्
घुम्दैछन् चील कराई आँगनै छेउ आएर
घुम्दैछन् गिद्ध धर्तीमा विषालु मुख बाएर"

## चौध

सुँगुरहरू सुगन्धमाथि दुर्गन्ध थपेर
थुतुनो माथि उठाई दाँत देखाई दौडेर
बिगार्न लागे असल मार्ग हिलाम्य बनाई
दुखमा दुख थपियो नाँचे दुष्टात्मा गनाई

बंकिन लागे छोडेर बाटो सत्तामा पुगेका
राणाका साथ संझौता गरी गर्बले फुलेका
दुनियालाई के दिन्थे सुख, दुखको सिवाय
सामन्तहरू गर्दछन् आफैं हसुर्ने उपाय

"उनको दोलो नपारे सम्म बन्दैन जगत"
मानिस भित्र उम्लिन थाल्यो तातेको रगत
मान्छेको जोश देखेर पाके पागल शासक
थुनामा परे विरोध गर्ने छात्रका नायक

भविष्यतिर लंकिन खोज्दा अतित डोरियो
कथाको सूत्र सँगाल्दा फेरि अगाडि मोडियो
बिर्सिऊँ भन्दा हिजोका कुरा झन् ताजा हुँदैछन्
हुनेनै भए घटना ताजा शासक उनै छन्

"लहरो तान्दा पहरो जान्छ भत्केर" भनिन्छ
खुलाए कुरा हत्यारा को हो छर्लंग चिनिन्छ
नखुलेदेखि हिजोको कुरो झन् हुन्छ अँध्यारो
शीतल लिन उमार्नु पर्छ हरियो आँकुरो

अतीतबाट लिएर शिक्षा राम्ररी केलाई
नराम्रोलाई फालेर राम्रो मनमा खेलाई
उभिनु पर्छ दरिलो हुँदै झरिलो पाराले
झुल्केर एकै पटक दिन्छन् उज्यालो ताराले

हृदय सग्लो लगाई लिने असल कामना
उत्थानशील पुष्पका थिए उन्नत भावना
कहीलेकाँही पुग्दथ्यौं भेट्न रेवति, वासु, म
संझन लागे "दुखमा डुबी चुहाई आँसु म

त्यो बेला हामी विद्यार्थी थियौं विद्यार्थी हितमा
राखेर माग उत्रेका थियौं संघर्ष पथमा
रीसले चूर शासक भए अरुमा भए झैं
सल्लाह लिन डेरामा गयौं पहिले गए झैं

हिजोकै कुरा आउँन थाले घुमेर कसरी
भुँमरी पर्दा तालमा पानी घुम्दछ जसरी
हिजोको कुरो नसंझे आज उभिन सकिन्न
उभिन आज नसके भोलि लंकिन सकिन्न

पहिले वामे सरेर शिशु सुस्तरी उठ्तछ
भित्ताको आड लिएर अनि अगाडि बढ्दछ
समाज त्यस्तै क्रमशः शिक्षा ग्रहण गरेर
उत्थानशील पाइला चाली हिंड्छ डटेर

"पाइन्छ शिक्षा आँप झैं" मिठो मनले गुनेमा
लगाई मन थापेर कान ध्यानले सुनेमा
किताव हेरी बसेका थिए पुरानो खाटमा
थिएन सोफा, गलैंचा दरी अँध्यारो कोठामा

ओछ्यानतिरै पुस्तक थिए कलम, कागत
उठेर हाँसी मिलाए हात भनेर स्वागत
हरेकसँग मिलाई हात मुसुक्क हाँस्तथे
हँसाईबाटै बेदना बह भएका मास्तथे

चंकिला आँखा, हँसिलो मुख, रसिलो वचन
मोहित पार्न समर्थ थिए विचार कंचन
साथमा राखी चार्पाटे माथि तन्नाले ढाकेको
पिएर पानी करुवा तानी झ्यालमा राखेको

भएको झिकी चिउरा, चना, लसुन कोठामा
"खाउँनसँगै" भनेर ल्याए मुस्कान ओठमा
मारेर फाँको स्वादिलो मानी लसुन चपाई
हृदय खोली बताए राता नयन खुलाई

वी.पी.ले गर्दा तुहियो माग विधान सभाको
संपूर्ण हक राजाले लिए देशका भलाको
रोकियो गला मलिन कला हतास हुँदैछन्
कलिलो प्रजातन्त्रका कला शिथिल हुँदैछन्

चनाखो, चंख लगाई आँखा निस्किने बेला छ
जनता माथि महेन्द्रद्वारा गरेको झेला छ
पनिऊँ लिने हसुर्ने भए ऐनका आडमा
लुछ्दैछन् अन्धा शासकहरू राष्ट्रका ढाडमा"

मातिंदै थिए कांग्रेसहरू आज झैं हसुर्दै
विदेशतिर नोटको बिटो लगेर थुपार्दै
देशको भलो गर्दथे किन भोगमा डुल्नेले
नेपालीलाई फाटेका टाला थाङ्नामा हुल्नेले

पिल्सिए शयौं जनता ताता सत्ताका रापले
हजारौं ढले रोग र शोक भोक र तापले
कोपिलाहरू मुस्कान भरी मस्कन पाएनन्
पराई पोस्ने खर्लिले माया देशमा लाएनन्

चमेली बेली जुही र जाई देखिए सुके झैं
सूर्यको झुल्को नपर्दा भए कमल लुके झैं
बेलामा जल नपाई मल खाद्यान्न फलेनन्
तुषारो परी लहरा ढले बल्लरी झुलेनन्

वर्षामा जस्तै वादल लाग्यो हिमाल छोपिए
सौन्दर्यशाली नेपाली कला संस्कृति लोपिए
संसारलाई ढपक्कै ढाक्यो कुहिरो लागेर
अँध्यारो दिन देखेर कौवा कराए जागेर

सिरेटो चल्यो देखियो छानो छाए झैं चिनीले
खोजेर तातो खरानी हिंडे कुकुरहरूले
आकाश, धर्ती धमिलो भयो आए झैं रजनी
मान्छेको मुटु लग्लग भयो रोकियो धमनी

हुने र खाने हिटर तापी सिरक ओड्दछन्
माछा र मासु पुलाऊ नाना मदिरा धोक्तछन्
निर्धनीलाई भरिने पेट मिलेन कनिका
दुखीको नांगो देखेर हर रमाए ननिका

महमा माखा भुले झैं भुले पदान्ध शासक
गर्जन लागे मेघ झैं स्वयं घोषित नायक
पुष्पले देखे "दुखमा डुबी दुनिया रुँदैछन्
छोपेर मौका अहिले राजा बलियो हुँदैछन्"

गंभीर भई बताए "आए पुलीस बाहिर
समाई लाने मलाई भए नलुके आखिर
केही न केही खराब हुने संकेत देखिन्छ
कलिलो प्रजातन्त्रको हत्या हुने भ्रैं देखिन्छ

सतर्कसाथ कागत पत्र झोलामा मिलाए
साहनातिर हेरेर सुस्त अधर खुलाए
नझारी आँसु मलाई विदा दिएर अहिले
बस्नेछ्यौ तिमी समाली घर बसेझैं पहिले

पहिले जस्तै लुकेर काम सुचारु राखौंला
संघर्षरथ शत्रुको आँखा छलेर हाकौंला
समय हेरी नचलेदेखि पाइला रोकिन्छन्
चुहिए घडा भरेको पानी पाखामा पोखिन्छन्

खवर दिन कहिलेकाहीँ लुकेर आउँला
नपाए आफैं आउँन गोप्य तरिका लिउँला"
हाँसेर हाम्रा मुखमा हेरी सुस्तरी बताए
"ल साथीहरू अवस्था हेरी कदम बढाए

कांग्रेसमाथि बर्षिन्छ लाठो सोत्राम पर्नेछन्
राजाले नाक फुलाई राम्रै रजाई गर्नेछन्
आगो र पानी राजाको भर पत्यार हुँदैन
पाउँछ दुख जो तिनबाट सतर्क हुँदैन

औसर पाए निल्दछन् हाड समेत गालेर
छलेर आँखा लंकिनु पर्छ संघर्ष हाँकेर
सम्पूर्ण जिम्मा हामीमा आयो नेपाल उचाल्ने
कांग्रेस भए विदेशीलाई बोलाई उराल्ने

सकिन्छ थुत्न बाघका पंजा विचार पुगेमा
नागको विष सकिन्छ झार्न फँणामा खुँदेमा"
दिलको बोलि नखोली सक्दै खवंर सुनियो
"वाहिर जाने सकल नाका बजार थुँनियो"

सुटुक्क भने "उत्तर लागौं हिउँले रोक्तछन्
दक्षिण लागौं भनसार, अड्डाखानाले छोप्तछन्"
बुगेलतिर उक्लिए झोला हातले समाई
के हुने अब बाहिर आयौं हृदय दुखाई

पुलीसलाई सुनायौं "हामी नपुग्दै लुकेछ
मिर्मिरे छँदै छिपाई भेष वाहिर पुगेछ"
उनले "गुप्तचर हुन्" ठानी केर्कार गरेनन्
छेकेर बाटो तसर्थ हाम्रो कपाल छरेनन्

पुगेछ बुद्धि अन्यथा रोक्थे उड्सहरूले
अघोर दुख पाउँथ्यौं नत्र पाए झैं अरुले
पुष्पको चेला भनेर थुन्थे अन्यथा जेलमा
बाँधिनु पर्थ्यो हामीले पनि सिक्री र नेलमा

हरायौं केही र पायौं केही हृदय गुन्दैछ
उनका मीठा वचन कवि गीतमा उन्दैछ
"सामन्तशाही मौलिक हक मागेर दिंदैनन्
दुष्टको कुरा बुझेका भर पत्यार लिंदैनन्"

उम्किए पछि विचार गर्न सकिंदो रहेछ
हामीमा पनि उनको केही प्रभाव परेछ
प्रभावलाई बचाई हिंड्न तत्पर भएर
स्मृतिका पाना संझना गरौं कलम लिएर

सेनाले खानतलासी लिए घेरेर रातमा
कलम कापी सिवाय तर परेनन् हातमा
साहनालाई हप्काई सोधे "कहाँ छ पुगेको
खुलस्तसँग नढाँटी भन जहाँ छ लुकेको

बतायौ भने तिमीले चाहे सामान पाउँछ्यौ
नबोली किन जमीनतिर नयन लाउँछ्यौ
जागीर जाला, जेलमा तिमी परौली नभने
नभने पनि फर्कन्छन त्यसै के गर्छन् नगमे

पुलीस देखी कलिला शिशु डरले रुँदैथे
त्यसको उल्टो विवेक छाडा अगुल्टो हुँदैथे
खोल्दिनस् मुख भनेर बंके पुरुष प्रहरी
साहनालाई लछार्न लागे महिला प्रहरी

"जादैनौं त्यसै फर्केर हामी सकल नखोली"
उठाए लठ्ठी "पाउन्नौ सुख अहिले नबोली"
असह्य भयो लछार्दा खेरि बताईन् झर्केर
"जान्दिन्न केही" प्रहरीतिर फरक्क फर्केर

अँध्यारो मुख लगाई भने "रही छे हठी यो
लागेर मुख उम्कन खोज्छे के गरी बढी यो"
हेरौंला भोलि पाइन भन्दै निराश फर्किए
उनको लठ्ठी बन्दूक देखी बालक तर्सिए

बालकलाई काखमा राखी विस्तारै मुसारिन्
"पुलीस फेरी आउने छैनन्" भनेर मनाइन्
मिलाईन् आफनो बिच्छयौनाहरू दुष्टले फालेको
बढारिन् कोठा दुष्टले कालो पाइला हालेको

आउँन थाले अघिका कुरा मनमा झल्झली
"पहिले यस्तै गर्दथे राणा खलक खल्बली
जेलमा हाल्थे कल्पित मुद्दा मामिला लाएर
पुलीसद्वारा हपार्थे नित्य घरमा आएर

अहिले पनि गर्दैछन् उस्तै कुकर्म हराम
जनतालाई पिर्दछन् कुनै नगरी विराम
थुनिने हुन् कि स्वदेश छोडी विदेश नगए
संघर्षलाई कुल्चिन सक्छन् चनाखो नभए"

कहिलेकाहीं घरमा उनी आउँने गर्दथे
देखाई कुरा समय हेरी हौसला भर्दथे
आनन्द मान्थे छोरा र छोरी बाबुका काखमा
हृदय खोल्थे हाँसेर बसी सखीका साथमा

"झल्मल घाम लाग्ने छ सखी ! धीरता नत्यागे
परिन्न थला संघर्षदेखि विमुख नलागे"
अहिले कहाँ होलान् नि गुनी हृदय पग्लियो
बोकेर छाल विरह रुपी सागर अग्लियो

"कोसँग गर्ने सल्लाह अब अँध्यारो रातमा"
हँसीना थिईन् शहीद पत्नी उनका साथमा
बालकहरू बाबुको पत्तो नपाई रुँदैथे
बालद भित्र डुबेका तारा चन्द्रमा हुँदैथे

कलिला शिशु के बुझुन् आमाको भित्री विलौना
"लिएर बाबा कहिले आउँने" भन्छन् खेलौना
मुखमा चुमी भन्दथिन् "बुझौला ठूलो भएर
पढेर बस अहिले राम्ररी मन लाएर

## पन्ध्र

संझन लागे बालकहरू आमाले भनेको
नेपालमाथि निर्दलवादी वादल लागेको
पिता हुन् कालो बादल पोली बढार्न लागेका
नराम्रो काम गरेर हैन विदेश भागेका

"आफै नै सल्की तारा झैं खुले हुने हो साराले"
संझन थाले वचनहरू भनेको आमाले
आमाको पनि हृदय डुल्यो कठोर रातमा
पुष्पका वाणी पुष्पित भए मनका पातमा

"अवसर छोपी छोपी राजा उठेका हुन्
अन्याय र आतंकका फोरा छुटेका हुन्
भेला भए श्मसानमा कुकुरका दल
सिनो लुछी गर्ने भए भुकी खलबल

कायर झैं ढले हामी डाँका कराउँछन्
कोलाहल मडारिए कला हराउँछन्
चमेरा र चोर पर्छन् तल तल तब
संघर्षका ज्वालाहरू माथि पर्छन् जब

वन हुन्छ रमाईलो लाली गुराँसले
मन मुग्ध हुन्छ मीठो शब्द सुवासले
स्वर्ण पन्छी चिर्विराए रात हराउँछन्
मानिसका कामनाले कला पलाउँछन्

प्रतिशोध लिनलाई मुठी कस्न पर्छ
तातो लात लगाएमा कालो कंस मर्छ
कालो पर्दा धुजा पार्न आगो सल्काएर
झोस्नु पर्छ बारुलाका गोला पल्टाएर

शोषितमा मायाँ राखी शोषकमा घृणा
जगाउँदै डुल्नु पर्छ हृदयका वीणा
जनवादी गला खोली गीत घन्काएर
सल्काउँन पर्छ राँको स्वर रन्काएर

घुम्नु पर्छ आलोकको लोक उघारेर
गरीबमा आस्था माया राखी मुसारेर
भने सरी काम गर्थे अन्तर्मन खोली
हृदयमा डुल्छन् राम्रा विचार र बोली

रल्लिरहे डराएर कुकुरले लुच्छन्
लुकी छली असुरले ज्यानै पनि लिन्छन्
धनीलाई खान पाए पुग्छ मीठो मीठो
गरीबको गोठतिर होस् कि नहोस् पीठो

"कामदार भोकै मरुन्" बसी खाने ठान्छन्
उत्पादन कर्तालाई शोषणले हान्छन्
किसान र मजदूर चंख हुनु पर्छ
सामन्तको तब कालो किल्ला बिल्ला झर्छ"

गुन्दा गुन्दै पुष्पलाल लुकी लुकी आए
केश सुँघी सन्तानको मवाई पनि खाए
त्यसै घरि मोति आई "भन्यो दाइ खोई ?
खतराको घंटी बज्यो के हुने हो खोई"

हुनुहुन्न भन्दा भन्दै ढोकातिर पुग्यो
"माछो हात पर्ने भयो" गुन्दै गन्ध सुँघ्यो
छेको पारी हसीनाले हात समाएर
बुगेलमा लगी भनिन् कुरो घुमाएर

"खुशी भयौं आपदमा आई पुग्यौ भाइ !
लक्ष्मी पूजा गर्दै थियौं संझी पुष्पलाई
कहाँ पुगे होलान्" भन्दै ताता सेल दिईन्
खान थाल्यो पुष्प उम्के लामो सास लिईन्

फेला पर्ने थिए बुद्धि नपुगेको भए
हसीनाका चलाकीले उम्किएर गए
खाना खाई डकारेर हेऱ्यो कोठातिर
"घुर्दै थिए अघि" भन्दै निउरायो शिर

"घुर्ने बानी थियो सुत्दा दाइ घुर्दै थिए
भगाएछौ भन साँचो कुन मार्ग लिए
ममा किन अविश्वास गर्न पऱ्यो यस्तो
दायाँ हात जस्तै थिएँ आफ्नै भाइ जस्तो"

त्यसभित्र राक्षसको गन्ध आउँदैथ्यो
सहयोग गर्ने तर धाक लाउँदैथ्यो
कहाँ गए नबताए अरु दुख पर्लान्
संघर्षका ज्वाला स्वाला भाला परी मर्लान्"

भनौं जस्तै लायो "पापी गुप्तचर तँ होस्"
समालिंदै गमिन् तर दुष्ट पर हटोस्
"नीचलाई भ्वाट्टै किन मुख फोरौं" गमिन्
"हामीलाई केही पनि थाहा छैन" भनिन्

रीस मारी बसिन् उनी बेला त्यस्तै हुँदा
गुनिन् ठिकै किरणले हृदयमा हुँदा
"बुद्धि खाए आफू हुने रीस खाए अर्को
मुखै वैरी हुँदा तित्रो दुख भोग्छ चर्को"

बखतमा रीस खपिन् खप्नै पनि पर्थ्यो
नथामेको भए रीस उल्कापात हुन्थ्यो
मुख थामी राम्रो गरे दिदी बैनी मिली
जलाएर धीरताको दियो झिलिमिली

गोही आँसु झारी फर्क्यो डिच्च दाँत पारी
हसीना र साहनाको शक्ति देखी हारी
हृदयको दियो निभे मान्छे दैत्य हुन्छ
मौका पाए राक्षसले प्राणै पनि लिन्छ

पैले थियो मोति मान्छे समानतावादी
बिग्रिएर भयो पछि दानवतावादी
मह पायो जता त्यता माखाहरू भुल्छन्
मनुस्यको रक्त चुस्ने जुकाहरू डुल्छन्

धेरै चोटी गुप्तचर आई दुख दिए
भविष्यको आशा राखी तर धैर्य लिए
रिसाउँदै फर्के कोही कोही सेलाउँदै
हसिनाले भनिन् "बैनी !" हात खेलाउँदै

"झण्डै झण्डै बिताएको थियो पुष्पलाई
अक्किलले उम्काइयो कस्तो जुक्ति लाई
बारंबार गर्थे कुरा चंख हुनु पर्छ
समातिए उनी भने अरु रुनु पर्छ"

सेनाहरू गुन्दै फर्के कता लाग्यो होला
पापी मोती भन्दै थियो "टोलैतिर होला
घरै पिच्छे हेर्नु पर्छ चारैतिर घेरी
नभेटिए आज भोलि भेटिंदैन फेरी

हसीना र साहनाले भगाएछन् कस्ता
रहेछन् ती चलाक र चखं पुष्पै जस्ता
डगाउँन नसकिने डर देखाएर
बकाउँन नसकिने लोभ देखाएर"

नभएको भए देखि तिनीहरू चंख
जोगाउँन सक्थे कहाँ संघर्षको शंख
हसीनाले भन्न थालिन् उठाएर शिर
"तिमी लागेकीछ्यौ बैनी राजनीतितिर

राम्रै गऱ्यौ भगाएर जुक्ति बुद्धि लाई"
मुस्कुराई भनिन् "सकें मैले दिदी पाई
दिदीविना भगाउन सक्ने थिएँ कहाँ ?
चारैतिर उभिएका थिए बिघ्न जहाँ

दिदीको बुद्धि बेलामा आएर मात्रै बँचियो
गुलियो तिर भुलेर दैत्यको दूत छकियो
घिसारी लान्थे नत्र त लगाई सिक्री हातमा
क्रान्तिको ज्योति हुरीले निभेन कालो रातमा

दिदीले जुक्ति निकाली नटर्ने टऱ्यो संकट
मुटुमा बिभ्न पाएन चिथोरी छाला कंटक
कुँडिदै आफैं फर्कियो अँध्यारो मुख लगाई
समाई लान नपाई लत्रदै गयो लजाई

कीराले हीरा बिगार्न पाएन दाँत गाडेर
पुष्पको हात लछार्न पाएन ठ्याम्मै माडेर
व्याधाका दल फर्किए परेवालाई नभेटी
खुनीले गाँज्न सकेनन् फिँजाई पंजा लखेटी

"हातको माछो उम्कियो" संझदै फर्के जिल्लिंदै
बढुवा अब नहुने डरले आफैं पिल्सिँदै
दुष्टको इच्छा पुग्दैन चिताए जति कहिल्यै
गरेका थिए पुष्पले उपाय नाना पहिल्यै

शहर नाघी सुस्ताए पाटन फाँट नाघेर
सतर्क साथ चलाए पाइला दरो पारेर
ठेचुमा पुगी बोलाए विस्वासीलाई बिस्तारै
औंसीको चर्को अँध्यारो अँध्यारा माथि अँध्यारै

बलेको थियो विरह मनका माझ दन्दन
घुमेका थिए आशंका मस्तिकभरि फन्फन
"पाएको गुप्तचरले खवर यता लागेको
आँखैले देखे बैरीले लुकेर आजै भागेको"

बदले भेष फाटेका कपडा मागी लगाई
भिरेर झोला पछाडि उसमा ओढ्ने ओढाई
भरौटे जस्तै बनेर साथीको हात समाई
विदाई मागे हाँसेर "नभए मित्र पराई"

संझना गर्दै देशको रातमै निस्के बाहिर
साथमा थियो एउटा मभ्यौला झोला आखिर
कपालमाथि तुषारो टल्केको थियो चिनी झैं
सहन सक्छन् संकष्ट जे परेपनि तिनी झैं

कुकुरलाई देखाई हातको लौरो उचाली
मनमा धैर्य लिएर उक्लन लागे उकाली
मिर्मिरे रात छँदैमा भागाको वन नाघेर
तुलसीलाई बताए आकाशतिर ताकेर

"सर्प झैं चीसो स्याँठले सिठी बजाई रहेछ
कामेर आफैं सल्लेरी घारी सुसाई रहेछ
खोलाको उस्तै मुटुमा घुस्ने बतास चल्दैछ
साँघुरो बाटो पातको शीत् परेर गल्दैछ

अनींदो आँखा भोकले आँत् जलेको बिर्सेर
भीरको बाटो सुस्तरी हिंडे चनाखो भएर
अगाडि टीकाभैरब देखे ससाना पसल
पुगेर त्यहाँ तापौंला गुने देखेर अनल

परन्तु थोत्रो पाटीमा देखे पुलीस बसेको
गँजडी जोगी सुकुल माथि पलेटी कसेको
झसंग भए "छलेर आँखा कसरी लंकिने ?"
समाउँ अर्को देखिन्न बाटो भए नि झंटिने

वनमा पसौं घाँसेले देखे होहल्ला फैलला
पुलीस आई जंगल घेर्लान् योजना बिग्रला
छोडेर साघुँ तरेर खोलो उता पो लाग्ने कि ?
खोलाको भेऊ नपाई पस्ता हो कि त डुब्ने कि ?

ठाडो छ खोलो चिप्ला छन् ढुंगा लडिन सकिन्छ
लडियो भने सकिन्न उठ्न सलल बगिन्छ"
संझदै त्यही बाटो नै लागे "उपाय गरौंला
एउटा जाबो सिपाहीलाई कुरैले छलौंला"

पाटीकै छेउ पुगेर बसे टुसुक्क ढुंगामा
मोटरमार चूरोटलाई सल्काए मूढामा
"आम्मै नि कस्तो मुटु नै खायो माघको जाडोले"
बिस्तारै पुगी आगाको सामु बताए जोडले

"लाहुर भन्दा नेपालै धेरै रसिलो राम्रो छ
नभए पनि जमिन धेरै जंगल हाम्रो छ
पखेरा फोरी फापर छरी फलाई खाउँला
जहानसँग घरमा बस्ता आनन्द छाउला

पुगेछौं व्यर्थै लाहुर तिर नेपाल छाडेर
मझाई भाडा रहेछन् ङ्याक्ने कपाल गोडेर
झल्झली मुख संझेर आयौं नेपाल आमाको
आमाको जस्तो नहुने माया सानीमा आमाको"

मुखमा हेरी पुलीस हाँस्यो चुरोट मागेर
उसले भन्यो "गएका हौला सानैमा भागेर
लाहुरे जस्ता देखिन्नौ तर मैला र घैला छौ
गाउँछौ मस्ती झिकेर तर हट्टा र कट्टा छौ

अचेल भेष छिपाई नेता डुलेको सुनिन्छ
हौ भने नेता भिराइ सिक्री ठानामा थुनिन्छ
जमाई धाक झोलामा छाम्यो जानीफकार झैं
चूरोट पायो त्यो पनि मान्यो हीराको हार झैं

खोलेरै झोला देखाई दिए "के छ र भनेर"
किताब कापी राखेका थिए साथीले छलेर
पुराना लुगा केवल थिए उनका झोलामा
पहिल्यै साथी पुगेका थिए माथिल्लो खोलामा

पुलीसले चिम्सा आँखा उठाएर गाड्यो
धुवा उडाउँदै कालो कालो मुठी माड्यो
चूरोटको बट्टा लियो "गीत गाऊ" भन्दै
उनलाई आफू भन्दा निकै तल ठान्दै

पुलीसको हुति छामी जोगीतिर हेरी
आफूलाई विवेकको पटुकीले बेरी
तीनपाने बुडुँल्चुली तिर आँखा लाए
खल्तीबाट ल्वाङ झिकी मुस्कुराई खाए

चुरोटको सर्को तान्नी धुवाँ छोडे फूर
पुलीसको कानतिर गरे कुर्र कुर्र
उपशंका शंका गर्दै कालो धूवा फाले
हाँसी भने "गाउँथे म सँधै भरि पाले"

घुमाएर कुरा झिके ताकी उसैतिर
"पुगेको छ अन्तरात्मा आफ्नै घरतिर
छाती छामी भन तिमी के हुँदै छौ आज
राम्रो हो कि नराम्रो हो तिम्रो काम काज

परतन्त्र रुचाएर स्वतन्त्रता छोडी
पापीलाई मान्ने किन नुही हात जोडी
कसैको यो पेवा हैन हाम्रै हो यो जिमी
उठाउँन पर्छ माथि मिली हामी तिमी

हामी पन्छी जस्तै डुल्छौं सम्म बाटो खोजी
हृदयले चाहे जस्तै काम गर्छौं रोजी
माया गर्नु पर्नेलाई राम्रै माया गर्छौं
घृणा गर्नु पर्नेलाई राम्रै घृणा गर्छौं

परतन्त्र तीतो हुन्छ स्वतन्त्रता मिठो
जूठो मासु भन्दा राम्रो हुन्छ चोखो पिठो
पसीनाको कमाइले मन सफा हुन्छ
मन सफा हुने कालो मैलो हिलो धुन्छ

अधरमा हेर हाम्रो हाँसो भरिएको
तिम्रा अधरमा देख्छौं आँसु भरिएको
घरवार तिम्रो होला खेती पाती पनि
बाबु आमा होलान् त्यस्तै नाता गोता पनि

नखोजेर समयमा अम्मृतको घडा
अन्धो सरी ढल्दै भोग्छौ भुक्तमान कडा
सँगिनीको रुँदै होला मन चिरा परि
यात्री माथि हेर्छौ शंका उपशंका गरी

रसाउँदै भन्यो हरे ! जाउँ कता दाइ ?
पुलीस म किन हुन्थें भए गोठ गाई
जो भएको जायजेथा मुखियाले लियो
रगत यो जागीरको रुपियाले पियो"

संझाउँदै भने "धेरै दुख पाए छौ नि !
विवश भै प्रहरीमा घुस्न आए छौ नि !
तर पनि नगुने झैं लाग्छ राम्रोसँग
मुखिया झैं खोसी खान्छौ आफैं अरुसँग"

लाजले झुकी पुलीस बस्यो पछुतो मानेर
"खोलेर झोला नलिनु पर्ने चूरोट झिकेर"
झुकेरै भन्यो "मुखिया जस्तै रहेछु पापी म
विश्वास गर्नोस् खोस्दिन अब कसैको केही म"

## सोह्र

पुलिसलाई हेरेर केही आनन्द मानेर
"लाग्लाकी केही सुधारतिर त्यो पनि" ठानेर
विश्वास मान्नोस् भनेर हिंडे वचन निकाली
नपर्दै साँझ पुगौंला घर जंगल छिचोली

आउँदा जाँदा गरौंला भेट कालले साँचेमा
उज्यालो देख्न पाइन्छ भोलि अहिले बाँचेमा
अपरिचित मानिससँग संबन्ध गाँसेर
वनको ठाडो उकालो बाटो काटौंला हाँसेर

सुरक्षा आफ्नो आफैंले गर्न पर्दछ वनमा
आगो झैं फुकी ल्याउँन पर्छ उत्साह मनमा
संझना राखे नमारे माया गै गयो भनेर
तगारो नाघी चलाए गोडा हेलैले उम्केर

जंगल भित्र कहिले लुके कहिले गुफामा
ओडारतिर कहिले लुके कहिले गोठमा
नखाई खाई कहिले बसे पानीका भरमा
पाउँथे खान कहिले कहीं कसैका घरमा

पलेटी कसी बसेर काम नचल्ने उनको
लुकेर बस्ता नमिल्ने घाम उज्यालो जूनको
राखेर आशा कार्यमा लागे संकट सहेर
साहनालाई पठाए चिठी पटना पुगेर

"वर्मामा तिमी पुगेकी थियौ पिताका साथमा
जननी तिम्री स्वर्गीय हुँदा बालक कालमा
तिमीले त्यहीं देखेकी थियौ महिला उठेको
मिलाई हात मुक्तिको लागि सकल जुटेको

नेपाल आई तिमीले त्यही भावना समायौ
छरेर पर्चा न्यायका ध्वजा हातले उठायौ
वनमा थियो गुराँस फुल्दै यौवन तनमा
वासना हैन दिएकी थियौ उत्साह मनमा

मलाई दियौ भरोषा सधैं सल्लाह निर्मल
पहिल्यैदेखि कर्मले पार्‍यौ प्रभाव उज्जवल
ठानामा हाम्रो भएको थियो पहिले चिनारी
कपाल लुछ्दा सिपाहीलाई भन्दथ्यौ हकारी

"राक्षस जस्तै रहेछौ कस्ता हृदय विहीन
दुष्टको जुठो खाएर मन पारेछौ मलीन
लछारी हात उचाली लठ्ठी शिरमा बजारी
नपुगी ल्यायौ लरीमा कोंची रीसले हकारी

होइनौ तिमी मानिस, भित्री मनले गम हे !
घरमा तिम्रा बहिनी, दिदी छैनन् कि भन ए !
कुकर्म तिम्रा सुनेर उठी नथुक्लान् मुखमा
अँध्यारो बाटो लागेर भोलि दुब्दैनौ दुखमा"

हच्केका थिए सिपाही सुनी ओजस्वी विचार
निहुरी मुंटी न भई बस्ने गरेनन् बिचार
मायाले आँसु चुहाई हेर्‍यौ मलाई थुनामा
म माथि माया रहेछ तिम्रो मुटुका कुनामा

पटुकी खोली महिलालाई बिच्छ्यौना बनायौ
पुरुषलाई ओढेको खास्टो स्नेहले पठायौ
मलाई भयो त्यो बेला खास्टो संसार पाए झैं
मायाको घाम झुल्केर मेरा आङमा आए झैं

जगतै मैले उज्यालो पाएँ अँध्यारो हटेको
मायाकै महासागरभित्र संसार अडेको
तानियो मेरो हृदय तिम्रो विचार देखेर
"छात्राको नेता सिर्जनाशाली रहिछौ" ठानेर

अटल हामी रहँदा झुके शासक डराई
घरमा जस्तै बसेकी थियौ थुनिंदा रमाई
भनेकी थियौ "जीवन भरि संघर्ष गर्ने छु
शोषितलाई आफन्त मानी ममता छर्ने छु"

विचार तिम्रो अटल पाई विश्वास मानेर
प्रतिज्ञा गरी बनाई आफ्नो मनले हाँसेर
शरीर दुई हृदय एकै हामीले बनायौं
पसीना रगत् रक्तिम दिन ल्याउँन लगायौं

ढलेको थियो लुछेर खाने खराब व्यवस्था
प्रगति होला गमेका थियौं सग्लिँदा अवस्था
तथापि हाम्रा खुलेनन् दिन देखिए खराब
वी.पी.ले गर्दा महेन्द्र भए उन्मत्त नबाब

भुसुना भन्दा पिउसा भए हसुर्ने रगत
उन्नति गर्न नपाई गल्यो नेपाली जगत
देशमा अरु फैलियो ब्यथा अभावै अभाव
खर्लप्प खाई दुष्टले पारे नेपालै सखाप

रुँदी हौ तिमी मलाई संझी दुखमा डुबेर
पहेंली तिमी भएकी हौली पीडाले कामेर
खवर गर्न अबेर भयो अन्योल मानी हौ
साथमा पैसा थिएन थला परे कि ठानी हौ

गुनी हौ बाघ भालुले बाटो ढुकेर लुछे कि ?
अँधेरी रात वनका माझ डाँकाले खुँदे कि ?
टोके कि मोती कुकुरहरू पुगेर मार्गमा
अनेक बिघ्न सम्मुख पर्छन् असल कार्यमा

चितुवाहरू कुर्दछन् बाटो पाईला सुङेर
आनन्द लिन मनुष्यलाई लडाइ ठुङेर
बिभिन्न शंका उठे हुन् तिम्रा मनका लोकमा
चुर्लुम्मैसँग डुबेकी हौली विरह रहमा

सुराक पाई समाई हात जेलमा हाले कि
थिचेर घाँटी लिएर प्राण भीरमा फाले कि ?
खवर विना आफन्त अन्त गएका बेलामा
अनेक थरि चिन्तना चल्छन् रातका कालमा

पापीले आई हप्काए होलान् खै पुष्पे भनेर
चिन्तामा चिन्ता थपियो होला तुषारो परेर
संझदा होलान् छोरा र छोरी मलाई नपाई
"आउँनु हुन्छ" थाम्थुम पारी राख्दि हौ मनाई

हृदय भित्र जे भए पनि प्रसन्न भएर
शिक्षार्थीलाई दिँदी हौ शिक्षा कयाम्पस गएर
खोतल्न आए "म कहाँ गएँ" पापीले हप्काई
अडिग रही दिनेछ्यौ खेदी लखेटी दप्काई

मलाई साथी भाइको आड मिलेको राम्रो छ
साधन, शक्ति संचय गर्ने योजना हाम्रो छ
अनेक कष्ट सहेर आएँ पटना अहिले
नेपाल पनि पस्तछौं हामी लुकेर कहिले

भाउजूलाई सुनाए कुरो श्रद्धाको संझना
नेपाललाई जस्तै म गर्छु उनमा बन्दना
मनमा शान्ति लिएर कान्ति सर्बत्र डुलाए
पढाई छोरा छोरीका आँखा राम्ररी खुलाए

लगनशील सदैब रहे मुक्तिका काममा
विचार बल जल झैं बग्छन् मनका माझमा
पत्थर फोरी दगुर्ने झर्ना सागर बन्दछन्
सागर भित्र अनल हुन्छ जलज्ञ भन्दछन्

स-सानो खोलो सुक्तछ ठूलो सागर सुक्तैन
उर्लंदो छात्र समूह शक्ति बेत झैं झुक्तैन
जोशिला हुन्छन् विद्यार्थीहरू हौसला बढाए
संघर्ष हाँक्न सकिन्छ मुक्ति अक्कल लगाए

भोगेकी सबै आफैंछ्यौ तिमी के भन्नु पर्छ र ?
खाएको खलि मानिस केही पीरले झर्छ र ?
लत्रिने छैनौ शिथिल हुँदै हुरीको लता झैं
चम्कन सके कर्मले राम्रा कविका कला झैं

रहे है एकै किसिमसँग सुख र दुखमा
शत्रुले हेप्छन् छाएको पाए मलीन मुखमा
पाखुरा सुर्की उठेर पैले झगडा नगरे
परिनै हाले झगडा झुकी गोडामा नपरे

शहीदलाई संभन पर्छ दुखका बेलामा
भविष्य बन्छ लगाए मन मुक्तिका मेलामा
विचार खरो पाइलो दरो नभए ढलिन्छ
विरह व्यथा पकाई रहे फर्सि भैं गलिन्छ

मातिनु हुन्न सुखमा त्यस्तै आत्तिन दुखमा
मलिनो मुख लाउँनु हुन्न शत्रुका मुखमा
पलाए सिस्नु भभम पोल्छ नढाली हुँदैन
जनता मारा विधानलाई नफाली हुँदैन

हर्षका आँसु चुहिए राम्रो खबर पाएर
पुछेर आँखा अगाडि पढिन् हृदय लाएर
"मोतीले खोजी गरेर पारे भानुको प्रकाश
चंकन लाग्यो नेपाली भाषा साहित्य विकास

सम्मान्य भयो नेपाली भाषा एकता फिंजाई
पूर्खाले दिए नेपाललाई विश्वमा चिनाई
पारखीबाट पारख भए समान कलाको
आदर भाव प्रकट हुन्छ बेलामा भलाको

स्वरका ज्ञाता कदर गर्छन् रसिला गलाको
युद्धका बेला आदर हुन्छ वीरका कलाको"
काव्यमा छन्द प्रयोग गर्छन् कविले जसरी
उनले शब्द प्रयोग गरे पत्रमा त्यसरी

"मेघको मुश्लो बढार्नलाई डुले भैं बतास
मुक्तार्थी डुल्छन् विरह खपी छोडेर हतास
सुक्तैनन् ठूला खोलाका मूल खडेरी परेर
अँधेरी चिरी जुन्कीरी हिंड्छन् आफैं नै बलेर

चन्द्रमा तारा जगतलाई प्रकाश छर्दछन्
प्रकाश देखी चंडाल, चोर पछाडि सर्दछन्
नउठी राम्रो विचार धारा समाज जुट्दैन
उन्नत भाषा भावना विना विचार उठ्दैन"

उनका मीठा वचनहरू मनमा डुलाईन्
हसिना सामु गएर कुरा सकल खुलाइन्
देवरलाई जिउँदो पाई तुल्बुली मेटीए
क्रमशः अरु खबरहरू दिनहुँ भेटिए

साहनालाई बताइन् "काम आरंभ गरेछन्
मिलाई मौका घरको राम्रो संझना गरेछन्
विवश हुँदै दिएकी थियौ विदाई रातमा
लाइन्थ्यो नेल बसेका भए बाँधेर हातमा"

देवरलाई गर्दथिन् माया छोरो झैं मानेर
बाँचेकी थिईन् उनकै आड भरोषा पाएर
बताइन् "आफ्ना विश्वासीलाई खबर दिने कि ?
अथवा चिठी लेखेर राय सल्लाह लिने कि ?

के गरेदेखि उचित होला विचार गर है !
हामीले पनि सकेको दिन पर्दछ भर है !
मलाई भन्दा ज्ञान छ धेरै तिमीमा बहिनी"
उनका कुरा सुनेर बोलिन् कमल नयनी

"तपाईलाई पाएर हामी धन्य छौं भएका
विचार मिल्ने हजार मित्र त्यहाँछन् गएका
आउने जाने गर्दछन् नित्य खवर लिएर
नेपाललाई उचाल्नलाई हृदय दिएर

पत्रका कुरा अरु छन् बाँकी" भनेर बताइन्
शब्दका अर्थ मनन गर्दै साहस बढाइन्
चिठीमा थिए अनल तुल्य बलेका विचार
"महलवासी जनतालाई संझन्छन् शिकार

पहिलेदेखि तिनैले गरे शोषण धराको
खोइरो खनी मानववादी मुक्तिका कलाको
मुक्तिको निम्ति शोषकलाई नपोली हुँदैन
नगरी दरो संघर्ष प्यारो नेपाल खुल्दैन

कृतघ्न मात्रै गर्दैनन् सेवा नेपाल माताको
गुणको गर्छन् कदर सबै जीवन दाताको
जननी जन्मभूमि हुन् हाम्रा आधार दायिनी
सिर्जनाशील रहने नित्य सिर्जना शालिनी

सदैब रहे मुक्तिको निम्ति तत्पर मनले
आधार दिन्छन् बिस्तारै संझी शोषित जनले
समूह शक्ति संचय गर्न तत्पर हुँदैछौं
अज्ञानरुपी वादललाई ज्ञानले धुँदैछौं"

पढेर चिठी जतनसाथ राखेर लुकाई
सम्झन लागिन् पुष्पका वाणि हृदय खुलाई
"महेन्द्र उठे संझौताद्वारा औसर छोपेर
जनतालाई छकाई हाम्रो सर्बस्व खोसेर

उनकै छत्र छायामा आज शोषण हुँदैछ
नेपाल तल परेको देखी नेपाली रुँदैछ
अलाप्छन् नारा "मिलाप विना विकास हुँदैन
उनको खोक्रो भाषण तर अभाव धुँदैन

हुँदैन कहीँ मिलाप मेल मिर्ग र बाघको
मनमा दया कहिल्यै हुन्न सामन्तवादको
उसको जुँघा नथुतुञ्जेल मुलुक खुल्दैन
औंसीको रात नढलेसम्म उज्यालो डुल्दैन"

गुन्दैथिन् यता घुम्दैथे उता मुक्तिका पुजारी
भोका र नांगा अदनालाई मायाले मुसारी
नयन हुन्थे टल्पल दुखी दुनिया देखेमा
अँगालो मार्थे लंगडो, अन्धो, विरामी भेटेमा

लगाई मन विचार गर्थे के गर्न सकिन्छ
समय हेरी गर्दथे सेवा जे गर्न सकिन्छ
गुन्दथे खान नपाई ढले राष्ट्रका जुहार
कहिले होला दरिलो मन हँसिलो मुहार"

उनले गुने होमेर चरु पुराण बाँचेको
धर्मको आड लिएर चुसी शोषक नाँचेको
निर्धनीलाई दिँदैनन् शिक्षा चुसाहा धनीले
तसर्थ वेद हुँदैन पढ्न बताए खुनीले

वेदमा थियो समता भाव बाठाले दबाए
स्वर्ग र नर्क कल्पना गरी देवता बनाए
देवकै अँश राजा हो साभ्रा भनेर भुलाए
शोषण गर्ने व्यवस्था दरो पारेर उठाए

भएनन् राजा कहिल्यै साभ्रा विश्वका कुनामा
भुलाए कर्म काण्डका काला टुना र मुनामा
लेखिए ठेली चारणद्वारा खिरले डकारी
पापीले भरे सुवर्ण मोति, हिराले डकारी

गरीब उठे गरीब मारा "हुँ" गरी हुंकार्छन्
उनैको मासु लुछेर लुच्चा राक्षस डकार्छन्
शोषित माथि हेलाँले हेर्छन् शोषक सन्तति
बनाई काला कानून खोसी निर्मल पद्धति

पहिले भन्दा देखियो कडा हुकुमी शासन
जनता मरे सुकेर आँत नपाई राशन
बचाए पनि पाउँथे खान आगामा होमिने
विधान बने नराम्रा कस्ता मानिस पोलिने"

मनमा गुन्दै नेपाल पसे लुकेर रातमा
मानिसलाई बताए कुरो मनका पातमा
खडेरी पछि परे झैं पानी सुकेका मुनामा
हरियोपना पलायो सुस्त मनका कुनामा

मानिसहरू संझन लागे पुष्पका वचन
भावना आए "खेप्दैछन् दुख मनुष्य पावन"
विचार सरी लगाई मन पत्रिका चलाए
पार्टीमा दशौं हजारलाई सदस्य बनाए

गर्दछन् सबै पुष्पको चाह काँढाको गर्दैनन्
सुगन्ध छर्छन् कुसुमहरू दुर्गन्ध छर्दैनन्
धन्य हुन् नेता मुक्तिको लागि हाँसेर होमिने
उनको शिक्षा लिएर हिँडे दुख छ पोलिने

मनका आँखा उघार्ने कलामा मन रमाओस्
मुक्तिका गीत आएर रसिलो गला रसाओस्
भाषण छाँटी के हुन्छ कर्मले मान्छे चंकिन्छन्
सुवास छरी गुलाफ कस्तुरी सरी गंकिन्छन्

## सत्र

न्वाएर पैले सीमाना वारी सिर्सिया खोलामा
स्नेहले माटो राखेका थिए पुष्पले झोलामा
छोएर माटो देशको नक्सा हेर्दथे त्यसरी
आमाको मुख श्रद्धाले हेर्छन् सन्तान जसरी

सबेरै उठी आएर चिया चुरोट जलाई
चिन्तन गर्दै लेख्दथे केही समय मिलाई
किताव पनि हेर्दथे छानी उन्नत उन्नत
छर्दथे साथी भाइका माझ विचार उन्नत

"जोगाई राख्नु पर्दछ हाम्रो संस्कृति केलाई
अन्यथा अरु संस्कृति घुसी गर्दछन् पेलाई
अरुको सिको गरेर हिंडे माटिन्छ संस्कृति
संस्कृति आफ्नो माटिए बस्छन् कठोर विकृति

विकृति काला कीटाणु जस्तै लुकेर डस्तछन्
कुरौटेहरू वशमा पार्ने वेसार घस्तछन्
कसैका चिप्ला कुरामा पर्न हुँदैन नसोची
लाग्दैन घाउ उम्किन सके काँढाले नघोची"

गुन्दथे साथी "दिमाग सरी आत्मा छ दरिलो
गरे झैं कुरा गर्दछन् काम सर्बदा भरिलो
उठाई शिर हिंड्दछन् नित्य सुख र दुखमा
कहिल्यै पनि मलिनोपना देखिन्न मुखमा"

मनका कुरा पाएर चाल असल पाराले
सरल शब्द निकाल्थे बुझ्ने गरेर साराले
"काम र कुरो नमिले सबै योजना मकिन्छन्
भत्किए राम्रा योजना हाम्रा दुश्मन फुत्किन्छन्

फटाहाहरू मान्दैनन् कत्ति लाज र संकोच
हसुर्ने पाए पाए झैं ठान्छन् राजाकै श्रीपेच
जसको लाठी उसको भैंसी संझिने जिराहा
सुराकी दिने सुल्सुले सरी पिर्दछन् पिराहा

केशरजंग समेत लागे गैंडाका पछाडि
संकीर्णवादी वेत झैं झुक्छन् स्वार्थका अगाडि
नझुक्नेहरू जेलमा परे हजारौं नेपाली
नफोरी जेल हुँदैन अब पाइला उचाली"

नेपालीलाई थुनियो राम्रै तालमा जल झैं
नेपाल काल रात्रिमा भयो हलन चल झैं
खानको लागि बाँचेका भुले महमा माखा झैं
जासुस भए सत्ताका काला पाखुरा, आँखा झैं

मुक्तिको काम बिथोल्न थाले राजाका भरौटे
पुष्पको कुरो काटेर हिंड्ने देखिए कुरौटे
खवर पाई अजय घोष चिन्तित भएर
सुनाए कुरो पुष्पका ताता हातमा छामेर

"केशर जंग गोमनलाई बलियो पार्दैछन्
गोहीको गुण गौरव गाई रुसमा घुम्दैछन्
गर्दैछन् तिम्रो दुर्नाम नाना लान्छना लाएर
हुलिया दिन सक्तछन् तिम्रो फ्याउरा आएर

हे मित्र ! तिम्रा ज्यानमार्ग दागा धर्दैछन् चितुवा
हाडको टुक्रो भेट्टाए गर्छन् कुकर्म सुतुवा
समय छँदै नपुगे होश काँढाले घोच्तछन्
विषालु आँसु झारेर काला सर्पले टोक्तछन्

जासूसदेखि सतर्क हुन पर्दछ पहिले
केवल शक्ति संचय गर बचेर अहिले
जालमा पार्न सक्तछन् व्याधा चनाखो नभए
पहिले जस्तो नेपालतिर लुकेर नगए

विश्वासघात गर्नेको भर हुँदैन पटक्कै
मान्यता छोडी कसरी हिंडे केशर चटक्कै
संझाएँ धेरै मानेनन् ज्यादै स्वार्थान्ध रहेछन्
मारेर गाई बचाई गधा पोष्ने पो भएछन्

अगाडिदेखि षडयन्त्रतिर लागेका रहेछन्
उनकै पछि लागेर वासु, रेवति गिरेछन्
सुराकी दिन सक्तछन् तिम्रा योजनाहरूका
शत्रुका आँखा काँढा झैं हुन्छन् घङ्गारुहरूका"

समाई हात पुष्पले भने स्नेहले रुझेर
"जीवन भन्दा मित्रता ठूलो तिमीले संझेर
औषधि गर्नै छोडेर आयौ रुसमा गएका
कृतार्थ भएँ पाएर मित्र हृदय भएका"

रोगले गाली थलिँदै गए औषधी नपाई
साथीका लागि जीवन दिए हृदय लगाई
मित्रले गर्छन् मित्रको हित जीवन दिएर
पुष्पले आँसु चुहाई भने श्रद्धाले नुहेर

"मनमा राखी वचन तिम्रा जीवन भरि म
क्रान्तिका कला उठाई राख्छु सतर्क रही म
ममतापूर्ण आदर गर्छौं, बिर्सन्नौं नमरी
मुक्तिको निम्ति जीवन होम्छौं तिमीले जसरी

न्यायको पक्ष अँगाली गयौ हाँसेर कसरी
भञ्ज्याङ्ग पारी पुग्दछन् सूर्य साँझमा जसरी"
झुकाई शिर अन्त्यमा भने "हे मुक्ति बाहक
गाह्रो छ मिल्न तिमी झैं उच्च विचार पालक"

गुनिलाहरू कर्मले गर्छन् गुणको कदर
बैगुनी मात्रै बिर्सिन्छन् गुन पत्थर बनेर
सहँदै उठे वियोग खप्तै उत्तम मित्रको
कर्तव्य संझि निकाले वाणी हृदय भित्रको

"अजय घोष समान हुन्छन् धर्तीमा हीरा झैं
केशरजंग समान हुन्छन् सडेका कीरा झैं
खराब बाटो लिएर हिंड्ने पल्टिन्छन् ब्याङ झैं
टाढिंदै जान्छन् जनताबाट पुरानो प्याङ झैं

चाटेर नाली सुँगुरहरू माटिन्छन् जसरी
हिंसालु पशु व्यवस्था मान्ने माटिए त्यसरी
पिंडुला लुला हुनेमा लाग्छ नराम्रो कहाली
कायर खोज्छन् नाकमा कालो पोतेर अटाली"

मनका माझ झुल्कन थाले विचार सितारा
हृदय खोली पुष्पले गरे धर्तीमा ईशारा
नेताको पछि होईन लाग्ने नीतिको पछाडि
लडाकुहरू लाग्दछन् नित्य क्रान्तिमा अगाडि

मनले परिवर्तन खोज्ने गरीब वर्ग हो
उनको खेदो खनेर हिंड्ने धनाढ्य वर्ग हो"
महलतिर देखाई भने साथीका माझमा
"दुखीले बस्न पाउनन् त्यहाँ अँध्यारो साँझमा

आकार दिए कल्पना गरी कलाका कर्मीले
निर्माण गरे त्यो दरवार सिकर्मी, कर्मीले
उनको नाउँ लिँदैनन् कुनै संझिन्नन् महिमा
धनीको नाउँ जपेर दिन्छन् चढाई गरिमा

डकर्मी ज्यामी नभए बन्थे के गरी दर्वार
उनकै भलो सोच्तैनन् लुच्चा सामन्त सर्कार
होइनन् राजा र महाराज विकास बाहक
न साधु सन्त, महन्त, धूर्त पुराण वाचक

घट्टले जस्तै मारेर फेरो घुमेर फन्फनी
विलासीहरू सकेको चुस्छन् रगत तन्तनी
हृदय हुन्छ जुकाको जस्तै विलाशीहरूको
छाडेर आफ्नो हेर्दैन स्वार्थ लुच्चाले अरुको"

बीचैमा देखे छुटेर वि.पी. सम्मुख आएको
उनले गमे "फिर्‍यो कि मति हंडर खाएको"
मिलाए हात सौजन्यसाथ साथमै राखेर
प्रस्ताव राखे संघर्ष गरौं संयुक्त भएर

तिमीले मात्रै संघर्ष हाँक्न सक्तैनौं अहिले
गर्वका मारे भनाई हाम्रा मानेनौ पहिले
सत्तामा पुगी चिम्लियौ आँखा गरेनौ विचार
सत्ताको नशा लागेर आए हजार विकार

नुहेर छोड्यौ राखेको माग विधानसभाको
स्वीकार गऱ्यौ विधानलाई राजाले दिएको
पुरानै रीति रीवाजलाई हुबहु अँगाल्यौ
सिद्धान्त छोडी नराम्रा कुरा विकार संगाल्यौ

असल काम गरेनौ केही जो गऱ्यौ खराब
मनमा तिम्रो रहेछ बाँकी सामन्ती स्वभाव
केवल गुन्यौ सेरो र फेरो सम्पूर्ण मेरो हो
समतावादी मानिसलाई लतार्नु धर्म हो"

जनतालाई राखेको भए नाखुश नपारी
थलिन तिमी नपर्ने थियौ मुहार बिगारी
सर्बदा गम्यौ राजाले गर्न सक्दैनन् बिगार
बाघले दया गरेर छोड्छ पाएको शिकार"

बिराएँ बाटो भनेर गल्ती स्वीकार गरेनन्
सत्य र तथ्य वचनलाई सहन सकेनन्
के गरें भन्दै रिसाए अरु आखिभौं बटारी
सम्झेर रोपे मनमा मेरा वचन कटारी"

मनमा पश्चातापले कत्ति डामेको देखेनन्
परेर पनि फिरेको चेत पटक्कै भेटेनन्
रिसले शुद्धि नखाए बुद्धि फिर्दछ भनेर
संझाए धेरै दिएर तर्क मनन गरेर

"लगाए मन सकिन्छ गर्न संयुक्त संघर्ष
नेपालवादी ने.क.पा देखि यसरी नतर्स
संघर्ष गरौं मिलाई हात आशंका त्यागेर
पाइन्न हक संघर्षदेखि डराई भागेर

विदेशीलाई उचाली आफ्नो कल्याण हुँदैन
उसले हाम्रो विरह व्यथा कहिल्यै धुँदैन
भाग्दछन् ~~भ्रालु~~ भालु हामीले मिली कदम बढाए
नुहिन्छन् राजा रजौटालाई छानेर ढलाए"

मपाईंवादी अरुको कुरो पटक्कै सुन्दैनन्
आफूले पनि असल कुरो मनले गुन्दैनन्
"संघर्ष आफैं हाँक्दछु" भन्दै अंगुली उठाए
"विदेशीलाई पूजेर मैले के तिम्रो लुटाएँ

दुनियालाई के दिएँ दुख के हानी पुऱ्याएँ
नुहेर राजा रजौटालाई के गरी सुऱ्याएँ"
विगारी मुख तर्किन लागे अघोर रिसाई
"सल्लाह तथा आधार तिम्रो चाहिन्न मलाई"

उनले भने "खाउँलाजस्तै गरेर नहेर
सर्पले सास फेरे झैं सास उठेर नफेर
संघर्ष गर्ने तागत तिम्रो पहिल्यै देखियो
राजाले कति पटक खेदे त्यो पनि देखियो

पदमा तिमी पुगेको बेला के भयो देशमा
विदेशी चौकीदारले टेके हिमाली भेकमा
गुराँसे गाला भएका युवा युवती बेचिए
नवीन उषा सूर्यका ज्योति गोलीले छेकिए

गण्डकी, कोशी कोकिँदै रुँदैछन् छाला लुँछिदा
रोए झैं शिष्ट महिला बलात्कारमा मुछिँदा
साहस बलात्कारीमा दियौ हतास भएर
उनले जो जो बताए गऱ्यौ चरण छोएर

सम्मान दियौ छोडेर शेर बनेका सममा
जसले लक्ष्मीनन्दनलाई पारेथे खोरमा
हुन् नपुंशक राणाका छोरा जाँचमा लेखेको
देख्दैमा रिस राखेर थियो त्यसरी खेदेको

उनको प्राण जेलमै गयो ओखती नपाई
उनका बाबु रोएर ढले आधार नपाई
बूढाका थिए हातको लौरो अन्धाको नयन
नेपाललाई सम्झना गर्ने सर्बदा मनन

आधार खोज्दै आएका थिए प्रवासी नेपाली
सल्लाह दिए राजामा कालो हृदय उचाली
"चेतनाशील जनता हुन्छन् शासन टिक्तैन
नेपालतिर मिलाई राख्ने विचार जच्तैन"

पाएनन् महाकविले भत्ता साहित्य वैभव
अकालै बिते सर्बोच्च स्रष्टा नेपाली गौरव
बनायौ नर संशेरलाई प्रहरी प्रधान
नेपाली छैनन् तिमीले गुने समान अजान

यो भन्दा अरु प्रमाणहरू के दिनु पर्ला र ?
कुराले छोपी लागेको दाग कसरी मिट्ला र ?
कर्मले धुन नसकेसम्म लान्छना जाँदैन
मरणासन्न मानिस साँचो ओखति खाँदैन

खाएनौ हाम्रा पटक्कै कुरा मपाईं बनेर
गुन्दैनौ कुरो तथापि अझै गनाई सकेर
मूर्खले शक्तिं पाएर पनि प्रयोग गर्दैन
प्रयोग कहाँ उसको गुण जाँच्न नै सक्तैन

अरुको बुई चढेर फुई नगर यसरी
नराख गर्व विवेकहीन महिष जसरी
पालेर अहं रावण आफैं कसरी बिलायो
पाउँदा सत्ता मानिसलाई कसरी पिरायो"

विवेकहीन मानिस मीठो बचन सुन्दैनन्
दुष्टले हीत अहित के हो कहिल्यै गुन्दैनन्
विचार विभीषणकै जस्तो देखियो वी.पी.को
विदेशीलाई पुजेर मास्ने गौरव देशको

बन्धुको द्रोह गरेर वैरी बोलाई देशमा
सदैब टिक्न चाहने सत्ता शासन लेकमा
वी.पी. झैं हुन्छन् विवेक छोडी मासिने नराम्रा
पुष्पका काम उनका जस्ता हुँदैनन् नराम्रा

उनले भने "मुलुकवासी खोज्दछन् उज्यालो
परन्तु काला वादल छर्छन् हुस्सु र तुवाँलो
तथापि भने "नमाने कुरो आफैं नै ढल्ने छौ
चाउरी परी सुकेको सिनो समान गल्ने छौ"

बाफ झैं फुङ्ग भएर उड्ने मुहार देखियो
क्रान्तिको लागि सम्बन्ध गाँस्ने सम्पर्क मेटियो
नबोली केही फर्किने सुर गरेको देखेर
आखिर भने "फर्किनै लाग्यौ हरेश खाएर

नधोएसम्म जाँदैन लागेको कालो नाकमा"
उडाई कुरा हावामा फर्किए वी.पी. झोकमा
अँध्यारो मुख लगाई जवाफ विना फर्केको
पुष्पले गमे "डराई संघर्ष देखि तर्केको"

## अठार

मेघ गर्ले पुष्प खुले प्रतिभाका धनी
गाऊँ, बस्ती घुम्न लागे गतिशील बनी
नयाँ नयाँ ठाउँ पुग्दै अनुभव गर्दै
नेपालमा दिन थाले नयाँ रंग भर्दै

नयाँ जोश जाँगरले काम गर्दै नयाँ
कला कर्मी रच्न लागे मुक्ति कला नयाँ
भोका नांगा गरीबका आँगनमा घुमी
मनैदेखि उठाएर ममताले चुमी

किसानका हृदयका गीत बनाएर
बारंबार उनैलाई भने सुनाएर
"छोरा छोरी रुँदै मर्छन् खान नपाएर
काम गर्ने पसीनामा हामी नुहाएर

उब्जाउँने अन्न हामी उठाउँने धनी
बस्नु पर्ने रात भरि रुँदै लाटो बनी
ल्याप्चे हाल्न लगाएर आँखा मुख टाले
जमीनमा जिम्दारले काला गोडा हाले

महलमा माछा मासु फाला फाल हुन्छन्
झुपडीमा भोकाएका मुसा मुसी रुन्छन्
एकछाक टन्न खाने धोको रह्यो त्यसै
मुखियाले फुकाएर लग्यो पाठो त्यसै

गावैं पिच्छे मुखियाको घर हुन्छ खडा
गंगटाको छाप जस्तै मुख धस्ने कडा
नबुझेर मान गर्छौं त्यस्तालाई साथी
त्यस्तै मिली हामीलाई उठ्न दिन्नन् माथि

तल तल बगे त्यसै हिमालका पानी
हामी ढले बच्ने छैनन् विजुलीका खानी
विदेशीले लुटिसके नेपालका धन
त्यतै तिर पुगी सके हराभरा वन

लछारेन केही पनि भूमिसुधारले
भूमिहीन पाऱ्यो उल्टै भुँडी सुधारले
निर्धनी छन् भासिएकै चुलिएका धनी
के लछारे नाना थरि ऐन बने पनि

चमेरा र चोरहरू कालो रात रोज्छन्
जुकाहरू रगतका धारा मात्रै खोज्छन्
दुर्व्यवस्था रहुन्जेल हुन्छ हाहाकार
यहाँ जस्तो अन्त्त छैन तुच्छ सरकार

माछा मासु फल फूल चेली बेटीसम्म
सम्मुखमा परे जति ठाडै पार्छन् भ्वाम्म"
संझाए झैं किसानका परिवारलाई
संझाउन लागे उनी मजदूरलाई

"सात तले महल त्यो चंकिएको कस्तो
मन्दिरको चंकिएको गजूर झैं जस्तो
दर्वारमा हीरा मोती फाला फाल हुन्छन्
बाइफाले गोडासम्म अत्तरले धुन्छन्

हामी नै हौं बनाउने अग्ला दरवार
हामीलाई छैन तर बस्ने ठाउँ ठर
बनाउँछौं बस्त्र हामी हामी नै छौं नाङ्गा
मुख खोले लगाउँछन् ऐन बाङ्गा बाङ्गा

पाँचवर्ष नपुग्दैमा काम दलाउँछन्
ज्याला बनी मागे काला हात उठाउँछन्
मेहनत खोसी हाम्रो पूँजीपति भए
रुँदा रुँदै गरीबका दिन ढल्दै गए

रगतको होली खेल्ने वन पशुलाई
बन्धनमा पार्नु पर्छ हामी खुल्नलाई
धुस्नो पारी चुटे पछि कुशासनलाई
सुशासन जुराउँछ बल्ल हामीलाई"

मजदूर, किसानका केहि आँखा खुले
कर्मवीर पुष्पलाल जहाँ जहाँ डुले
गुन्न लागे लगाएर मन "उठे हामी
दुष्टलाई ढलाउँन सकिने छ डामी

निदाउँदा हामी ढले हिमालका तला
अझै पनि नबिम्झिए दबाउँछन् गला
दबाएरै खोसे हाम्रा खाना, नाना, छाना
छुचाहरू आफ्नो मात्रै बुन्छन् ताना बाना"

संझदै उठे रगत कालो जुकाले चुसेको
कर्मीका राता मुटुमा छाम्दै भुसुनो घुसेको
उचित बाली कामको ज्याला दिँदैनन् मालिक
रगत चुस्नेहरूकै यहाँ बन्दछन् शालिक

जिउँनलाई चाहिने जति तलब दिँदैनन्
पिराहा दुख बाहेक सुख शयल दिँदैनन्
मुटुका मुना नपाई खाना सुकेर मर्दैछन्
खातिर हाम्रो गरेर पुष्प्य संघर्ष गर्दैछन्

संझन थालिन् गाउँकी बूढी पुष्पले भनेको
"रगत खाने रहेछ हाम्रो मालिक बनेको"
बूढाले भने "टिपीछौ कुरो उनले भनेको
मनको कुरो कसरी होला छामेको जानेको

नेता हुँ तर भन्दैनन् धाक रबाफ लाएर
गाउँमा सधैं आउँछन् घुम्न हंडर खाएर
आधार दिन पर्दछ अब हामीले सकेको
बिर्सने छैन म पनि अब उनले भनेको

सुझाई दिए घरमै आई कसरी उनले
उज्यालो दिए समान आई रातमा जूनले
मिलाए स्वर अरुले पनि "आफन्त जस्तैछन्
शत्रुका साथ भिडन्त गर्न कम्मर कस्तैछन्"

सुतेका थिए मानिसहरू नेतृत्व नपाई
पाएर नेता गाउँले उठे हरेश नखाई
दरिलो नेता चेतना दिन्छन् सबमा त्यसरी
धर्तीमा सूर्य उज्यालो दिन्छन् उदाई जसरी

युवकलाई भन्दथे "किन विदेश धाउँछौ ?
छोडेर देश विदेश पसी के खान पाउँछौ ?
पोलेर बिँडी तानेर धुँवा फुकेर रातमा
दुखका आँसु चुहाई हेर्न पर्दछ हातमा

दलेर काम गर्दछन् हैँला "हे कान्छा !" भनेर
हुँदैन शान्ति अरुको पाले पहरा गरेर
रगत आफ्नै देशमा लाए आराम मिल्दछ
लगाए शक्ति सुखको फल यहीँ नै फल्दछ

लाहुरे बन्न हुँदैन अब विदेशी भरिया
उमार्न पर्छ विरुवा यहीँ बसेर हरिया
स्वदेश आफ्नै सिंचिनु पर्छ रगत छर्केर
नेपाल बन्छ बन्दछौं, भाग्छ अभाव ढलेर"

महिलालाई भन्दथे भेटी "हे दिदी बहिनी !
सिर्जना शक्ति चूलामा मात्रै नखर्च जननी !
चुहाई आँसु बस्तछौ कति कमारी बनेर
खोलेर आँखा उघार ढोका साहस भरेर

हेपियौ त्यसै कर्म छ यस्तै भनेर पल्टिँदा
विदेशतिर बेचियौ तिमी भाग्यमा अल्झिदा
पौरख आफ्नो देखायौ भने दाब्दैनन् गर्दन
गर्दन दाब्नेहरूको उठी गरन मर्दन

गौरब आफ्नै गुनेर उठ जगत पालिनी
बने झैं अघि साहसी नारी दानव घातिनी
सबल आफैं अवला ठानी नबस अबता
नखोजी हुन्न तिमीले पनि आर्थिक समता"

जागिरेसँग गएर भन्थे "सुस्तरी कानमा
रगत शेष रहेन किन तागत ज्यानमा ?
जीवन धान्ने तलब दिन्नन् मैखाउँ भन्नेले
निमुखा सोझा जागिरेलाई नोकर ठान्नेले

दुष्टले तिम्रै मोसेर मुख सामु छ उभेको
नथुती हुन्न धारिला नङ्रा त्यो घोप्टे जुँघेको
तलब भत्ता नपाएसम्म जिउँन चाहिने
रगत सुकी चाउरी पर्दा छ दुख पाइने

नपाई पानी जमीन रुखो भएर बल्दैछ
कलिलो छोरो सुकेर घाँटी छिँडीमा रुँदैछ
प्यासीको कुरो सुन्दैनन् हुने खाने र पिनेले
दुखीको दुख देख्दैनन् कुनै विदेश मुखीले"

मान्छेले गुने "पुष्पले बोले समान गर्दछन्
उनको बाटो विशाल पारे पामर मर्दछन्
रातको हात झर्दछ अनि खुल्दछ बिहानी
सबैले मिली घुमाए पछि क्रान्तिको मदानी

भालुको मुख कोपर्छन् प्राण जिउमा हुनेले
पाउँछ दुख ओडार तिर बसेर रुनेले
संझदै उठे सले र बले आलश्य छोडेर
सप्रिन्छ बाली मल र जल दिएमा गोडेर

मानिस हेरी अबस्था हेरी हेरेर साहस
सुम्पेर काम जगाई हिंड्थे जागृति पानस
मित्र र शत्रु छानेर काम गर्दथे गमेर
अगाडि बढे सुन्दर कला बिचार छरेर

भन्दथे "कला रचिनु पर्छ सरल भाषामा
उम्रिन सक्ने सजिलैसँग मनका पाखामा
छाउनु पर्छ सजीव कला राष्ट्रिय चिन्तन
त्यसको उल्टो चिन्तन गरे उठ्दैन जीवन"

लगाई आँखा विद्यार्थीतिर खोल्दथे विचार
"तिमी हौ युवा युवति हाम्रा राष्ट्रका जुहार
उठाई तिमी काँधमा राख्न सक्तछौ नेपाल
मुक्तिको निम्ति होमिने छाती छ तिम्रो विशाल

विशाल छाती हुनेले मात्रै संघर्ष गर्दछन्
साँगुरो छाती भएका मात्रै पछाडि पर्दछन्
बन्दैन हाम्रो मुलुक हामी अगाडि नसरी
हुँदैन अब छ कति शक्ति साबित नगरी"

छात्रले बोले "संघर्षदेखि विमुख हुँदैनौं
कांग्रेस जस्तो पंचका सामु नुहेर रुँदैनौं
लुटेरालाई उठेर शक्ति देखाई दिने छौं
खोसेका हाम्रा सम्पूर्ण हक खोसेरै लिने छौं

सुतुवाहरू हसुर्न खोज्छन् सदैब कवाफ
मदेखि कोही नबनून् अरु गन्दछन् नबाफ
खुर्खुरे पाखा पहरा जस्तै जमेर बस्तछन्
त्यस्तामा लात बजार्न सके तल्तल खस्तछन्

पहिले कुरो नबुझ्दा हाम्रो मुख हो मोसेको
नपारी छप्प पाइन्न हाम्रो जमीन खोसेको
"छप्छपै पाछौं मुखियालाई" भनेको सुनेर
खुलाए अरु पुष्पले कुरा अबस्था हेरेर

"अराजक हुनु हुन्न लुटपाट गर्ने
राज्यसत्ता हात पर्छ उठे क्रान्ति गर्ने
नीति लागू हुन्छ अनि राज्य सत्ता पाए
विकाशको मूल फुट्छ जनशक्ति लाए"

जिम्मावाल, मुखियाको रक्षा गर्नेलाई
पंचलाई उठाएर प्राण हर्नेलाई
निहुराए मात्रै हाम्रो बाटो खुला हुन्छ
बाटो खुला भए पछि स्वतन्त्रता मिल्छ

लागे जस्तै सन्तानको माया लागी अति
बूढा बूढी भन्न थाले पुष्पलाल प्रति
"चारैतिर घुम्छौ छोरा ! रात रात भरि
ताराले झैं हाँसी हाँसी अन्धकार हरी

अरुलाई माया गर्छौ तिमी सके भर
भुले जस्तै गर्छौ तिमी आफ्नो घर तर
रुँदा होलान् कता पुग्यो भन्दै परिवार
कस्ले तिम्रो समाल्दछ होला घरबार"

"संझनाले डोऱ्याउँछ घरतिर पनि
साहनाले समाल्दछिन्" भन्दै गए अनि
"माता जस्ती भाउजू छन् साना छोराछोरी
टाढा बस्ता कसिन्छ झन् संझनाको डोरी"

घर डुल्ने हृदयमा देश पनि डुल्छ
घर भुल्ने हृदयले देश पनि भुल्छ
देशलाई नसंझने विश्वलाई भुल्छन्
विश्वलाई बिर्सिदिने अँध्यारोमा डुल्छन्

उज्यालोमा डुल्ने गर्छन् जनताको ध्यान
राष्ट्रियता जोगाउँने थाल्छन् अभियान
सग्ला सग्ला हृदयका कुराहरू गर्दै
प्रतिभाका धनी डुले दिब्य ज्योति छर्दै

माथि माथि उठाउँन वर्ग चेतलाई
सावधान बनाउन लागे सबैलाई
बताउँथे गर्नु पर्छ भावनाको पूजा
पूँजीवादी व्यवस्थाको मूल पारी धुजा

व्यक्ति पूजा गर्ने हुन्छन् गैर साम्यवादी
प्रशंसाका भोका हुन्छन् उस्तै पूँजीवादी
सामन्त झैं शोषणमा पूँजीपति लाग्छन्
संघर्षको नाम सुन्दा वी.पी. जस्ता भाग्छन्"

वी.पी. फेरि देखा परे कुरा हुँदा हुँदै
भने हात मिलाएर रातो पिरो हुँदै
"भेट भयो बेश भयो कुरो हुने भयो
संघर्षको कुरोकानी बरु कता गयो ?"

वी.पी.लाई घोचे जस्तै भयो कस्तो कस्तो
मन खोले मनभित्र थियो जस्तो जस्तो
"प्रजातन्त्र दिनै पर्छ भनौं राजासँग
बैरभाव छोडीदिऊँ अब उनीसँग

समन्वय भयो भने सबै हुन्छ राम्रो
क्रान्ति गर्दा धेरै चोटी हार भयो हाम्रो
कांग्रेसका महामंत्री मिले उतै गई
हामी मात्रै कति बसौं पर पर भई"

छक्क परे "नुहिएछ कांग्रेसको शक्ति
गर्ने भए वी.पी. पनि गिरी राज भक्ति
राजनीति बुझेका हुन् आस्था त्याग्दै गए
जनताको हित छोडी व्यक्तिवादी भए

व्यक्तिवादी संझदैनन् हृदयका पानी
पानीहीन टालिइन्छन् नयनका नानी
नानीदेखि टुसाएको बानी पलाए छ
अलिकति बाँकी मति पनि हराएछ

हार खाए पछि कति तल मान्छे गिर्छ
हृदयमा कालै कालो भान मात्र पर्छ"
गुन्दै भने "तिमी जस्तो पुष्पलाल छैन
पंचायतसँग झुकी क्रान्ति भाड्ने हैन

सेलाएछौ रात जस्तै हराए छ मति
मति छोडी हिँडे होला पछि अवनति
गर्ने भयौ समर्थन पंचायतलाई
लगाउँने भयौ दाग इतिहासलाई

क्रान्ति छोडी पुष्पलाल जाने छैन उता
त्यता जान्छन् नभएका आफ्नो बल बुता
तिमी यस्तो किन भयौ होला हुतिहारा
निभाएर जाने भयौ आदर्शका तारा"

कालो मुख लगाउँदै वी.पी. बोले फेरि
"पंचायत मान्ने छैन जमीनमा हेरी"
"नमानेमा बेशै भयो" भन्दै वी.पी. लाई
स्वर झिके हृदयका कीरा मार्नलाई

"साँचो साँचो बोल्नु पर्छ झूठो बोल्न हुन्न
आफैंलाई ढाँटी आफ्नो आत्मा पोल्नु हुन्न
आएका हौ हामीलाई पनि गिराउँन
आफू जस्तै पंचसँग खोजी मिलाउँन

बुझेका छौं तिमी किन जान खोजेको हो
संस्कारमा मिल्ने आफ्नै बाटो रोजेको हो
भेडासँग भेडा मिल्छन् बाखा बाखासँग
मिर्गसँग मिर्ग मिल्छन् स्याल स्यालसँग

तिमीलाई डर लाग्यो साम्यवादी बढे
उनमाथि बिझाउँने काला आँखा गढे
हामी हार खाने छैनौं तिमी उता मिली
इतिहास बिगार्दैनौं वैरीसँग मिली

विभीषण हुने छैनौं खालि हेर्ने स्वार्थ
कुम्भकर्ण जस्तो दिन फाल्ने छैनौं व्यर्थ
पराधिन रुचाउँने आफ्नो ठेक भुल्छन्
जता मल्क्यो उतै ढल्क्यो भाव लिँदै डुल्छन्

राष्ट्रवादी कुल्चँदैनन् शहीदको रक्त
राष्ट्रनिम्ति ज्यान दिन्छन् उच्च राष्ट्रभक्त
झुकाउँदै शिर गर्छन् शहीदको मान
मेहनती उठाउँछन् स्वदेशको शान"

बताउँदा बताउँदै रातो मुख पारी
फेरि बोले संझिएर पुष्पभन्दा भारी
"खालि तिमी आफैंलाई राष्ट्रवादी गुन्छौ
लेनिन र स्टालिनका कुराहरू सुन्छौ

लगाउँछौ हामीलाई दोष नाना थरी
द्यौतामा झैं लेनिनमा भाव भक्ति गरी"
हाँस्तै भने "तिमी जस्तो व्यक्ति पुज्छौं कहाँ
पुऱ्याउँछौं मन हामी दर्शन छन् जहाँ

संसारका विभूतिको मान भाउ गर्छौं
राम्रा कुरा उठाएर हृदयमा भर्छौं
बिर्सदैनौं ज्ञानदाता गुरुवरलाई
सम्मानले हेर्छन् सबै चन्द्र सूर्यलाई

कलाकार, शिल्पकार, पत्रकारलाई
प्रतिभाका धनी कवि, दार्शनिकलाई
किन सानो घेराभित्र राख्ने यत्न गर्छौं
उनलाई भुले तिमी आफैं पछि पर्छौं

भास्करको उज्यालोमा सबै आँखा दिन्छन्
कुसुमको स्वास्थ्यकारी हावा सबै लिन्छन्
समताको राम्रो सुत्र हाम्रो मूल धन
जोगाउँछौ लगाएर हामी अन्तर्मन

विदेशीका छोरा थिए अभिमन्यू पनि
जगतले संभँदैछ दुष्ट ढाले भनी
सबैबाट लिन पर्छ राम्रा गुणहरू
धुल्याउँनु पर्छ छानी अवगुणहरू

दुर्योधन धूलो भयो भीमसेनद्वारा
वीरलाई बिर्संदैनन् वीर हुन्छन् तारा
झूठो बोल्ने तल पर्छ साँचो बोल्ने माथि
सामन्तका छोरा हुन्नन् जनताका साथी"

सामन्तका छायामा स्वार्थी पर्छन् पसारो
शोषितका मित्रले ढाल्छन् कालो तगारो
धर्ती हुन्छ उज्यालो ज्यामी कर्मी उठेमा
ढल्छन् काला तुवाँला क्रान्ति मूल फुटेमा

## उन्नाईस

गतिशील संघर्षका मार्गतर्फ धाए
हुतिहारा मिलापका नारा दिँदै आए
सिमलको भुवा तुल्य धुँवा उठ्यो माथि
फौंज जस्तै तला पार्दै वादलको साथी

मेघमुखी लिन थाले पुष्पमाथि ईख
खुवाउँन पनि खोजे छकाएर बिख
कोक्किए झैं मन भयो काँचो पिंडालुले
राखे पछि ईख सर्प जस्ता ईखालुले

अनुभवी पुष्पलाई सब थाहा भयो
"नेपालीका सन्तानको धेरै ज्यान गयो
कालरात्री मडारियो कालो तन्ना बेरी
चोरहरू घुम्न लागे चारैतिर घेरी

सातसाले संघर्षमा सताएथे जस्तै
ऐले पनि सताँउन थाले त्यस्तै त्यस्तै"
तर किन डराउँथे सामन्तका वैरी
आतेजाते गर्थे यता नौलो भेष पैरी

थुनाउँन खोजेका हुन् सात सालमा झैं
उम्किएर बसे तर सातै सालमा झैं
लुकी छिपी जोगाएर ज्यान चलाकीले
संघर्षको राँको बाले लाखौं चलाकीले

खडा हुँदै थियो पैले जन सरकार
सातसाल गयो खेर संभौताले तर
आज पनि नेपालमा जाल रचिंदैछन्
वी.पी. जस्ता पनि किन त्यता छकिंदैछन्"

फेरि भने "हामीलाई छकाउँन गए
सिद्धान्तले गर्दा हाम्रा बाप वैरी भए
वेशै भयो पूँजीवादी राजासँग मिल्छन्
कालो लात पाएपछि माटा मनि मिल्छन्"

जनमुखी मेटिदैनन् बचाउँछन् शान
जनताको इच्छा संभी दिन्छन् दिलो ज्यान
जोगाउँछन् इतिहास काम गर्ने राम्रो
अभावको परखाल ढलाउँछन् हाम्रो

भीमद्वारा उठाए भैं अग्लो धरहरा
उठाउँने यत्न गरे संघर्षको धरा
राम्रोसँग सदस्यता दिंदा केलाउँथे
साथीलाई राय दिंदा खेरि बताउँथे

"को कस्तो हो छाम्नु पर्छ कस्तो संस्कारको
कस्तो काम गर्दै आयो कस्तो विचारको
भूल भए केलाउन पछि गाह्रो हुन्छ
शत्रुलाई उठाउने त्यस्तो काम गर्छ

रायमाभी जस्ता पनि सुट्ट घुस्न सक्छन्
उपियाँ र उडुसले सरी चुस्न सक्छन्
चोचो मोचो मिलाउँने कुरा धुत्न सक्छन्
संघर्षका समयमा धोका दिन सक्छन्

विवेकका इशारामा काम गर्न पर्छ
विना सोच पहरामा चढ्ने तल पर्छ
हुने काम गर्नु पर्छ धेरै हुने सुखी
कुनै पनि नरहने निर्धनी र दुखी

किचिएका मिचिएकालाई उठाउन
लाग्नु पर्छ जागृतिको पंखा चलाउन
धरतीमा संधै कालो रंग पोतिंदैन
हत्केलाले सूर्यलाई छोपी छापिंदैन

केही बोले कुरा काट्ने उठाएर हात
"मिलाउन खोज्दै थियो वी.पी. सित हात
संसदीय व्यवस्थामा जोड दिन्छौ तिमी
त्यसबाट नेपालको उठ्ने छैन जिमी

एकै चोटी क्रान्ति गरी जनतन्त्र ल्याई
सजाउनु पर्छ राम्रो हाम्रो धर्तीलाई
धर्ती बने हामी बन्छौं बन्छ हाम्रो देश
छोडे झैं छ साथीले त क्रान्तिकारी भेष"

"आलोचना गर्ने हुन्छ जडसूत्रवादी"
गर्म्दै भन्न लागे उनी व्यवहारवादी
"बस्तुवादी आधारमा हेर्नुपर्छ साथी !
गाह्रो पर्छ एकै फेरि पुग्नलाई माथि

मात खाई होश फर्क्यो होला कित्त ठानी
संघर्षमा साथ दिए राम्रै हुन्छ मानी
क्रान्ति गरौं भनेको हुँ चारैतिर हेरी
बैरीलाई गिराउँने काम गर्दा खेरि

सकेसम्म तान्न पर्छ अरुलाई पनि
सिद्धान्तत समर्थन नभएता पनि
यति मात्रै विचार ली संझ्भाएको थिएँ
सधैं भरि मिल्ने भए पछि लाग्ने थिएँ

संसदको ढोका खुले संसदमा पुगी
कुरो राख्न सक्छौं हामी वहसमा जुधी
कालो ऐन बनाउँदा धाबा बोल्न सक्छौं
जनताका कुराहरू त्यहाँ राख्न सक्छौं

सामन्तका कानूनका हात भाँचिने छन्
पछिलाई अनुभव पनि थपिने छन्
जनपक्ष विपक्षको पंक्ति छुट्टिने छ
लिनु पर्ने राम्रो बाटो पनि खुट्टिने छ

लेनिनको पनि यस्तै यस्तै थियो उक्ति
देश काल अनुसार झिक्न पर्छ जुक्ति"
गतिशील संघर्षको बाटोतिर धाए
पुष्पलाई श्रद्धा गर्दा मिठा शब्द आए

"बाटो लिनु पर्छ राम्रो आफ्नै ठमाइमा
क्रान्ति रथ लानु पर्छ आफ्नै हँकाईमा
नठम्याए गति आज खति हुन्छ भोलि"
साथीसँग हाँसी हाँसी दिए मन खोली

"टुट्ने फुट्ने इच्छा भए निहुँ पाइने छ
विना काम फुटे हामी मार खाइनेछ
कलहको बीऊ रोपी किन अलग्गिने ?
शत्रुलाई हँसाउँने मौका किन दिने ?

नकुल्चिए शहीदले बनाएको धर्ती
हृदयमा आई दिन्छन् जागरुक अर्ती
मिलीजुली राम्रोसँग काम गरेदेखि
बूढो पात जस्तै झर्छ सामन्तको शेखी

मैले बाटो बिराएको छैन कुनै दिन
कैले मैले भुलेको छु परामर्श लिन
जस्तै तिम्रो हृदयमा आगो बलेको छ
त्यस्तै मेरो हृदयमा पनि बलेको छ

राँको झोस्नु पर्छ दाह्रे काँढो भष्म पार्न
चलाउन पर्छ घन डाँडो सम्म पार्न
विवादमा अल्मलिने बेला होइन यो
भित्री कुरो साथीलाई कैले फोइन त्यो

डाँडा काँढा ढलाउँन गर्न पर्छ काम
ओडारमा बसी बसी पाइँदैन घाम
साना तिना मतभेद भए पनि फाली
लाग्नु पर्छ कर्मतिर एकै स्वर हाली

फुकेकै छु सकेसम्म संघर्षको शंख
बेला छ यो हुनु पर्ने धेरै धेरै चंख
चंख हुँदै नउठेमा तानाशाह हेप्छन्
केही भूल भयो भने डाँडा पारी खेद्छन्

मन माझी उठौं बन्धु शक्ति जुटाउँदै
आफै फुटी हिंड्नु हुन्न संघ फुटाउँदै
सामन्तका षडयन्त्रका किल्ला ढलाउँन
समयमा हतियार पर्छ उठाउँन"

साथीलाई संझाउँदै बुझाउँदै गुर्नी
नेपालका संझनामा सोच्न थाले उनी
विलासमा मस्त भए राजा माहारानी
विकासको शरीरमा हाली तातो पानी

चंचागिरी माथि पुगे भाटगिरी माथि
कन्सुत्ला र सुलसुले पुगे माथि माथि
सिर्जनमा रमाउँने ओझलमा परे
अरुलाई लेखाउने चोर अघि सरे

जनपक्ष लेखकको खेदो खनिँदै छ
प्रगतिका बाहकको मुख लुछिँदैछ
जेल सार्ने निहुँ पारी शयौंलाई मारे
खोलातिर खसालेर त्यस्तै कति मारे

स्वदेशको हीरा मोति विदेशमा पुग्यो
नेपालीको टाउकोमा अधर्मीले खुँद्यो
दुर्दशाको अन्त गर्न उभिएका हामी
आफैं आफैं नपोलिऊँ कलहले डामी

गोलबन्द भयौं भने बैरीहरू झुक्छन्
फुट्यौं टुट्यौं भने काला कुकुर झैं भुक्छन्
निभाउँन हुन्न आगो कालो रात पर्दा
भष्म हुन्छन् जुकाहरू तातो राप पर्दा

तैपनि केही अलग भए निरर्थ रिसाई
"विचार पुष्प त्यागदैछन्" झूठा वचन चलाई
भन्नेको मुख थुनेर साध्य हुँनैन तैपनि
बताए फेरि संझेर केही भएन नभनी

"मलाई धेरै नठोस केही गरेनौं भनेर
सकेको गरें विचार छरें बेलामा उठेर
बनेर हुरी छर्दैछु ज्योति बादल बढार्ने
नगर काम मित्रतालाई ढुंगामा बजार्ने

मानिन्न कुनै संघर्षकारी हुँ मात्र भनेर
संघर्षकारी कर्ममा लाग्छन् भने झैं डटेर
बन्दैन काम फलाको हाली बेला न कुबेला
लडिन्छ आफैं यथार्थ बुझ्न भएमा अबेला

न्याउरी मारी पछुतो पर्ला फुटेर गए नि
झंकार दिन सक्तैन वीणा टुटेर गए नि
कांग्रेस जस्तो शत्रुको साथ कहाँ छु झुकेको
थुनेर कान सहेको छैन कुकुर भुकेको

छु यत्न गर्दै कुकुरलाई अगुल्टो घुसार्ने
झुकेर साथी शत्रुको पाऊ म छैन मुसार्ने
मुसार्ने भए वी.पी. कै पछि लागेर जानेंथे
शत्रुको कर्के आँखाले हेर्दा जिउँदै मर्नेथें

मलाई लुलो नसम्झ त्यसै साल झैं कडा छु
तिमीले धर्ती नटेक्दै म ता भएको खडा छु"
विश्वास आस्था सिद्धान्त दीप झलल जलाए
हातमा हात मिलाई मुक्ति संघर्ष चलाए

"हुँदैन काम नमिलेसम्म कथनी, करणी
कर्ममा लागि नपरे कोही गर्दैन सरनी
निशाना ताकी लंकिनु पर्छ कम्मर कसेर
नेपाललाई भुलेको छैन विदेश पसेर"

नहटी पछि बढि नै रहे काँढामा कुल्चन
पसीना ताता चुहाई हाँसी बचाई जीवन
खबर लिँदै साहना थिईन् प्रियका कामको
रातमा आशा मानिस गर्छन् उज्यालो घामको

उदाए घाम वादल हट्छ आकास उघ्रिन्छ
विरह वर्सा हराए स्नेह शरद सुधिन्छ
जुही र जाई, चमेली, वेली हँसीना फुल्दछन्
हरिया पाखा धानका बाला पाखामा खुल्दछन्

दशैंको मेलो टीकाले तुरी तिहार आउँछ
सल्कंदा दीप लहर शान्ति सुषमा छाउँछ
क्रान्तिको दशैं डाकेर प्यारा आउँदा घरमा
धमिरा काला कर्मिला लाग्न सक्तैनन् तनमा

मुक्तिको ज्वाला सल्काई प्रेमी भाष्कर आउँदा
उनको पछि लाग्दछिन् उषा उज्यालो छाउँदा
आशाको सास फेरेर कर्मी धैर्यले जिउँछन्
मिलन संभी प्रेमिका प्रेमी विरह पिउँछन्

अघिको कुरो संभेर मीठो सपनी सजाई
बसेकी थिइन् साहना "खिचे कसरी मलाई"
मलाई भने "तिमीमा आओस् मुक्तिका कामना
दुगुना शक्ति संचय गर्न लगाए चाहना"

मुसुक्क हाँसी वेदना छाँसी समाती हातमा
खोलेर दिल आधार दिए अँध्यारा रातमा
"चुहाई आँसु चल्दैन काम बन्दैन जगत
निर्माण गर्न जगतलाई चाहिन्छ रगत

कुकुर सरी हुँदैन खान घुरान छानेर
उमारी आफैं जिउँनु पर्छ जमीन खारेर
हारेर हुति चहार्न हुन्न राजाको दर्वार
जनतालाई नदिने सुख के काम सर्कार

सामन्तलाई महन्त मान गरेर हाँस्तछन्
मोटर, कार, महल पाई मस्तले नाँच्तछन्
भुसुना, जुका मिलेका हुन्छन् नङ र मासु झैं
उनले माया लगाए गुन्नु गोहीको आँसु झैं

मेघले सके छपक्कै छोप्छ उज्यालो नानीको
सम्बन्ध हाम्रो नभएदेखि माछो र पानीको
साहस विना सकिन्न चढ्न चट्टाने उकाली
नचढे घिर खेल्नेछन् राजा पाइला उचाली

लुकेर बाटो दोबाटोतिर चितुवा कुर्दैछन्
उनकै पछि लागेर स्याल फ्याउरा घुर्दैछन्
वैरीका किल्ला दहन गर्न छलका पर्खाल
उक्लिन पर्छ सङ्सङै छाती पारेर विशाल

मलाई मीठो वचन लाग्यो रमाएँ रातमा
"छोड्दिन साथ" भनेर ताता समाएँ हातमा
नपाए पनि सँगमा बस्न सँगै छौं मनले
उनका त्याग उत्सर्गलाई माग्दछन् जनले

कौशल कला चट्टक छर्छन् मान्छेका मनमा
कलामा तुल्य उज्वल शक्ति हुँदैन धनमा
प्रतिज्ञा गरे उनकी हुने घामकी छाया झैं
पाइन अरु विश्वका बस्तु अमूल्य माया झैं

मलाई लाग्यो उनकी हुन के गरी सकौंला
सुवर्ण सरी हृदयलाई अँगाल्न सकौंला
सकिन्छ ठानें निर्मल पथ, वचन समाते
कुकुर जस्तो वासनातिर तानिंदै नमाते

समाती बाटो हाँसेर पुग्छन् सरिता सिन्धुमा
रातको छाती कुल्चँदै हेर्छिन् रेवती इन्दुमा
उज्यालो देखी मुक्तिको बाटो अँगाले रमाई
संझना मैले गरे झैं गर्छन् उनले मलाई

साथमा बस्न दिएनन् तर नेपाल फर्केर
विदेश तर गएका हैनन् मलाई बिर्सेर
प्रवासी हुँदा मुहार फिका भएको होला नि !
मलाई जस्तै विरह बेथा बढेको होला नि !

मधुर माया भएका प्रेमी प्रेमिका भुल्दैनन्
विछोड हुँदा खराब काम कुरामा डुल्दैनन्
गच्छेले जस्तो भ्याउँछ गर्छन् मुक्तिको खातिर
कल्पना अरु गर्दैनन् मुक्ति सिवाय आखिर

लिंदैनन् सास संघर्षकारी नेटोमा नपुगी
पुगिन्न माथि घुमौरो बाटो ढुंगामा नखुँदी
विचार धारा रसाए सारा देशका कुनामा
खडेरी मासी दर्सियो पानी कलिला मुनामा

पन्छाई काँडा गुलाफ सुँघ्ने उद्योगी रोकिन्नन्
काँढाका झाल देखेर वीर बीचमा घोरिन्नन्
लडाई लड्छन् उठनको लागि साहस भएका
हतास हुन्नन् कर्मठ क्रान्ति मार्गमा लागेका

अमर रहुन् युगल फूल कर्मले फुलेका
उषा र सूर्य चन्द्र र तारा समान खुलेका
मानव आत्मा कामना गरुन् उज्यालो लोकको
झरेर आँसु नपुछोस् मीठो मुस्कान ओठको

गुराँसहरू मस्कँदै थिए हिमाली पाखामा
परन्तु आँसु भरिन लागे नेपाली आँखामा
असीना पानी हुरिले खायो फूलको हँसाई
उमेर छँदै रोगले गाल्यो मुटुमा दुखाई

प्रकृति त्यसै उल्टियो किन नाखुश भएर
नेपाली लाली किरण ढले पहेंला भएर
शिथिल भए नसकी डुल्न बिच्छ्यौना समाए
"विरामी पुष्प" भएको सुनी राक्षस रमाए

संसारलाई निलुँला गर्दै बादल फैलियो
तथापि दिल होइन खाली शरीर लत्रियो
साँझको बेला सिम्सिमे पानी दर्कियो दरर
पुराना घर भत्कन लागे झर्कंदै करर

किचिई मरे के कति आफ्नै घरले पुरेर
पैरामा परी के कति मरे खोलामा परेर
जे परे पनि नियतिलाई नभोगी नहुने
हृदय रुने समय आयो नसही नहुने

खबर पाई साहना चिन्तित भइन् रातमा
गएको थियो जागीर थिएन पैसो हातमा
सापटी गरी दौडिइन् बतास जस्तै सरर
गालामा थियो बगेको पीरले आँसु बरर

## बीस

धुँवा र धूलो तुवाँलो भयो उम्लियो बादल
खहरे बढे उम्रिए भ्याऊ गर्जियो बादल
भुसुना जुका, पिउसा, मुसा, माकुरा रमाए
सुसाई सर्प डुलेर स्याल हैरान गराए

उभिए काला ढुंगा र मुढा बालुवा बाटामा
मेघले गोडा बजार्न लाग्यो क्रान्तिका बाटामा
चट्याङ हान्यो मानिस माथि आतंक फिंजेर
चंकियो तर विजुली कालो बादल चिरेर

हतार गर्दै साहना हिंडिन् जंघार नाघेर
देखौंला कैले पुष्पको मुख के भयो भनेर
डेरामा पुग्दा बसेको पाइन् चामल केलाई
जिउनलाई मिलाई चाँजो नहुने नखाई

बाँचेका थिए अनेक दुख विपद खपेर
नेपाल माता ! नेपाल माता ! हे माता ! जपेर
मिलन हुँदा आधार भयो दयालु रमाए
मनका चिर कालका पिर विरह हराए

सुस्ताए केही समय भला कुसारी गरेर
मिलाई मौका बताइन् "खोसे जागिर" भनेर
"जीवन भरि खनिने भयो सामन्ती शोषण
सन्तानलाई के गरी गर्ने पालन पोषण

कल्पेर दोष लगाए मैले भजन नगर्दा
क्रान्तिको पोल खोलेर झुकी चरण नपर्दा
के गरी अब औषधी गर्ने परेमा थलामा"
दुखले थिच्ता अड्किए अरु बचन गलामा

मुखमा हेरी पुष्पले भने "कमाई खाउँला
विद्यार्थी खोजी बिहान साँझ पढाई दिउँला
लेखौंला लेख उचित मूल्य लिउँला त्यसको
पसीना छरी टारौंला छाक विहान साँझको

सोचेर छोरा छोरीको चालू राखौंला पढाई
दुखका बेला अडिनु पर्छ हिम्मत बढाई
स्वतन्त्र भयौ मुक्तिको काम गरौंला मिलेर
नमान पीर जाँदैन जुनि जागीर गएर

अन्याय जति गर्दछन् त्यति संघर्ष चर्किन्छ
शोषित हात मिलाई उठे शोषक थर्किन्छ
कायर खोज्छन् अरुको भाग खोसेर जिउँन
पौरखी वीर पौरख गरी खोज्दछन् जिउँन

पौरखी देखी पशुको सुक्छ ताउरी माउरी
टिमुर दले मर्दछनु जुका परेर चाउरी
खरानी हुन्छ असुर सल्के क्रान्तिको अनल
सिकर्मी ज्यामी, डकर्मी, कर्मी उठ्दछन् सकल

नेपाली क्रान्ति विषय विद्यावारिधि गरौली
दुनियाँ बीच बसेर दिब्य विचार छरौली
पीरले पाकी तर्कना सखी ! नगर रातमा"
साहस थपी सल्लाह दिए समाई हातमा

परन्तु रोग फर्कियो फेरि पहेँला देखिए
आशाका लता, रातका तारा डाँडाले छेकिए
रोगको सामु नलाग्ने केही परेर थलामा
दुखका आँसु बनेर गीत यी आए गलामा

पाउँथे पद गरेको भए राजाको चाकरी
लाँची पुगे चाकरी गर्न धपाए हकारी
"चाकरी लिन जान्दछ त्यही जो आफू गर्दछ"
भन्दथे उनी "चाकरी गर्ने जिउँदै मर्दछ"

देखेका थिए चीन र रुस उन्नत भएको
श्रमको फल पाएर मान्छे आनन्द भएको
अनेक नेता चिनेका थिए पवित्र मनका
अर्पण गर्न जीवन कला विश्वका जनका

"सम्मान गर्न पर्दछ" गुन्ने उनले बताए
मलाई साथी ! अनेक थरि रोगले सताए
म जाने भएँ संसारबाट बिदाई लिएर
स्वीकार गरे मुक्तिको मार्ग हृदय दिएर

नरोए मेरा शोकमा साथी बसेर कोठामा
नढले रुँदै सिद्धान्त छोडी गोहीका गोडामा
बिराई बाटो नगरे कुनै देशको खराबी
खराब काम गर्दछन् त्यस्ता वी.पी. झैं नबाबी

जनतालई हेर्दछन् काला सर्प झैं इखालु
देखाई फूल घोच्तछन् नील काँढाले बिखालु
दिँदैनन् छुचा काँढाका झाल शीतल छहारी
चुत्राका काँढा चस्चसी चिर्छन् थुतुनो घुसारी

काँढाको जरो उखेल्न पर्छ लिएर कटारी
पुग्दैन शाखा तलका हाँगा केवल बटारी
पाइन्छ दुख समय फाले आलश्य लिएर
राक्षस हाँस्छन् छातीमा थिची रगत पिएर

खायश राम्रो राखेर चल्न पर्दछ बेलामा
चुँमेर बस्न हुँदैन रुँदै हातका ठेलामा
नपोली कालो वादललाई नेपाल खुल्दैन
नगरे क्रान्ति वास र गाँस, कपास मिल्दैन

फर्काई पीठ हुरिनु हुन्न क्रान्तिका बेलामा
दुष्टले सके दल्दछन् मोसो चढाई ठेलामा
सामन्त सत्ता टिकाई राख्न दमन गर्दछन्
दमनसँग नलड्ने लाश समान गल्दछन्

गाउँमा घुस्न सक्तैन बाघ उज्यालो देखेमा
दाँवं ढल्छन् मानवहरू बेलामा उठेमा
नोकरशाही शासन ढल्छ मालिक नरहे
ओझल हुन्छ मालिक हुने नोकर नरहे

ज्यानको बाजी लगाई लडे जगत जितिन्छ
संकट देखी तर्सिई रहे माटोमा मिलिन्छ
विश्वास गर्न गाह्रो छ तर को मित्र, शत्रु हो ?
को काम लाग्ने, नक्कली काम नलाग्ने पत्रु हो ?

दुखका बेला जो दिन्छ साथ त्यो हाम्रो मित्र हो
क्रान्तिमा भाँजो हालेर हिंड्ने कांग्रेस शत्रु हो
त्यो तल परे नपाए सत्ता समीप आउँछ
सत्तामा पुगे हामीमा कालो नयन लाउँछ

नभइदेखि जनता बीच बलियो एकता
होइन्छ साथी ! हुरीको चरो पात झैं बेपता
आधार दिने छन् राम्रो गरे हजारौं जनता
उनमा चेत क्यै अरु भरे खोज्दछन् समता

समतावादी समाजबाट हुँदैन अहित
समाज हुन्छ सुन्दर सफा शोषण रहित
शोषण मुक्त समाज भए नेपालीहरूको
आकांक्षाहरू साकार हुन्छन् शहीदहरूको"

हृदय खोल्दा खोल्दैमा केही बिस्तारै खोकेर
बलले गला बनाई सफा मुसुक्क हाँसेर
घुमाई आँखा बलका साथ गंभीर पाराले
संकेत गरे "म जानें भएँ" क्रान्तिका ताराले

"भएर एक जनतालाई भेटेर जगाए
संघर्षद्वारा विकास हुन्छ हृदय लगाए
भावुक नारा लाएर मात्रै बन्दैन जगत
धर्तीको परिवर्तन निम्ति चाहिन्छ रगत

साधन विना आकाश छुन खोजेमा लडिन्छ
विज्ञानमय क्रान्तिको रथ कुदाए पुगिन्छ"
साहनातिर हेरेर भने "पीरले नढले
मलाई शान्ति मिल्ने छ तिम्रो साहस नगले

म मरे पनि विचार राम्रो लागेमा अँगाले
साथीको आड भरोसा राखी साहस सँगाले
भाउजूलाई संमान गरी संझाए दुखमा
कोशिश गरे उज्यालो दिने शशीका मुखमा

टुहुरो शशी दुखमा डुबे हृदय दुख्तछ
शहीद पुत्र ओझेल परे संघर्ष सुक्तछ
शासकहरू उसको कत्ति सम्मान गर्दैनन्
लफंगा, लुच्चा कर्तव्यतर्फ नयन दिंदैनन्

सन्तानलाई शिक्षाको ज्योति राम्ररी दिलाए
राष्ट्रको मुक्ति निर्माण निम्ति प्रबन्ध मिलाए
म ढले पनि आत्मा झैं प्यारो नढलोस् नेपाल
विश्वको अग्लो सगरमाथा नझुकोस् हिमाल

समतावादी सिद्धान्त विना बन्दैन जगत
वी.पी.को दल समाजवादी हुँ भन्छ फगत
समाजवादी हुँदैन कोही मुखले बोलेर
कामले राजा राजौटालाई जो हिंड्छ बोकेर

निर्माणकर्मी उठेर आए थलिन्छौं गुनेर
अँध्यारै छाया छहारीलाई नुहेर चुनेर
संघर्षदेखि विमुख भए कामेर थरर
मिलाप शब्द रटेर आँसु निकाली बरर

शहीदलाई भुसुक्कै बिर्से विश्वासघातीले
संसारलाई डुबाई दिन्छन् पाएमा रातले
विश्वास गर्न हुँदैन भित्री मनले पटक्कै
औसर पाए कायरहरू पार्दछन् चटक्कै

खाएर मार "संघर्ष गरौं" भनेमा आएर
"ल" भने हुन्छ नेतृत्व तर आफैंले लिएर
शत्रुको साथ विश्वास गर्न हुँदैन मनले
सामन्तमुखी किनिन सक्छन् शत्रुका धनले

चुसाहालाई खुर्किनु पर्छ चपरी खुर्के झैं
संघर्षदेखि तर्सिनु हुन्न कांग्रेस तर्से झैं
हे साथी ! मैले नेपालतिर पाइन फर्किन"
चुहाई आँसु आखिर लागे नेताले संझिन

"नेपाल माता ! आउँन त्यहाँ चाहेर पाईन
निर्मल सुधा समान जल पिउँन पाईन
पाईन हेर्न छहरा छाङा छरर बगेको
सुगन्धवाही पवन मीठो हरर बगेको

पाईन खान ऐंसेलु, चुत्रो, किम्बु र काफल
के गरुँ माता ! हिमाली हावा पाईन शीतल
पाईन हेर्न सगरमाथा मुसुमुसु हाँसेको
पाईन हेर्न मुनाल, डाँफे मयूर नाँचेको

स्वीकार गर सलाम गर्छु हृदय खोलेर
विदाई लिन पाईन माता ! मुहार हेरेर
माताले जन्म मलाई दिईन् नेपाली माटामा
हुर्केर हिंडे पाइला सारी उज्यालो बाटामा"

साथीका हात समाई भने गरेर सलाम
"लगाए साथी पसीना रक्त देशमा तमाम
मलाई पनि स्वदेश लगी बिदाई गरियोस्
खरानी मेरो धर्तीलाई मल्न देशमै छरियोस्"

मनको पंछी उडेर गयो परेवा उडे झैं
विरह बल्यो चुहिए आँसु हृदय पग्ले झैं
मुर्छित हुँदै साहना ढलिन् कपाल फोएर
उर्लन लाग्यो रोदन सारा संसारै छोएर

हिमाल पग्ले छहरा बगे पहरा पग्लिए
पग्लेन तर कालको छाती पहाड अग्लिए
पहाड पारी पुगेर सूर्य रातमा हराए
आधार विना उषाका लाली किरण बिलाए

जगतै ढाकी केवल उठ्यो अलाप विलाप
कसैले पनि नसक्ने लड्न कालको खिलाप
साहना उठिन् परन्तु केही साहस गरेर
"मुहार हेर्ने पाइन्न रोऊँ म जति संझेर

कर्तव्यच्यूत होइन्न बरु संस्कार गरेमा
आउला शान्ति उनकै भाव देशमा छरेमा
करोड दुखी नेपाली उठ्लान् क्रान्तिका खातिर
मानिसलाई "छि" भन्ने व्याधा ढल्नेछन् आखिर

शिकारी ढले मुस्कान फिर्ला दुखीका ओठमा
गोठालाहरू पाउलान् घाम नेपाली गोठमा
उनको धैर्य देखेर भने "धन्य छ साहस
पुष्पले जस्तै सल्काई दिने देखियौ पानस"

सबमा आयो धैर्यको बाढ मुटुमा छुटेर
प्रतिज्ञा गर्दै अगाडि बढे साहसी जुटेर
"बोकेरै तिम्रै भावना बढ्छौं कदम बढाई
नेपाललाई राख्दछौं हामी काँधमा उठाई

तिमी हौ हाम्रा सर्वोच्च नेता शिखर व्यक्तित्व
भौतिक देह ढलेर के भो छ भाव व्यक्तित्व
न्यायका योद्धा वचन तिम्रा मनमा राखेर
निर्माण गर्छौं देशको कालो पहाड फोरेर"

प्रयास भयो पुष्पको लाश नेपाल ल्याउँने
पापीले बाटो छोडेनन् यहाँ लिएर आउने
लुकाई अस्तु लिएर आए क्रान्तिका विचार
लडाकु  हुन्छन् युद्धको लागि सदैब तयार

रगत भित्र संघर्षशील किरण घोलेर
पुष्पकै वाणी गाउँन लागे हृदय खोलेर
"खोलेर आँखा उकालो लागे पुर्परो ठोकिन्न
मिलाई काम गरेमा व्यर्थ रगत पोखिन्न

विचार भन्दा हुँदैन ठूलो भाला र तर्वार
कहिल्यै पनि निस्वार्थ काम गर्दैन दर्वार
आधार मान्छन् दर्वार बसी केवल छायाको
राख्दैनन् रत्ति जनता माथि नयन मायाको

निर्मल हुन्छन् मुक्तिका योद्धा न्यायका पुजारी
मारेर नीच बस्तैनन् कैल्यै समय गुजारी
संभिए शक्ति संघर्षकारी चलाए वतास
चंडाल, चोर, चमेरा भए तस्कर हतास

चराले खोले रसिलो स्वर चिर्विर चिर्विर
हिमालतिर सूर्यले छरे अवीर सिर्सिर
उठाई भंडा बटुवा हिँडे अँध्यारो हरायो
शिकारीलाई उचाली बस्ने शासक डरायो

निशाले आँसु भारेर लुकी दुलामा सर्प भैं
पखेरा, पाखा, हरिया भए कर्मीका कर्म भैं
उठाए भंडा 'इन्ल्काब' भन्दै दानव दच्कियो
'विष्णुको अंश नायक हुँ म' संभने थच्चियो

न्यायका दूत खन्दैथे कालो जुकाको चिहान
संभ्रेर बाघ गुफामा पुग्छ आउँदा विहान
बीचमा तर गिरिजा उठे संभ्रौता परस्त
सुसाए सर्प समान पापी मनका दुरुस्त

बीचमा क्रान्ति रोकियो हुन नपाई विहानी
कोरिन लाग्यो कुरीति कालो पुरानै कहानी
पंच भ्रैं लागे गिरिजापन्थी रिसाई खनिन
सम्पूर्ण ढाल्न कसिए राम्रो क्रान्तिको जमीन

तस्करलाई बनाए साथी हत्यारा उठाए
नेपाली कला संस्कृति स्वच्छ साहित्य लुटाए
कलिला बाला, बालकसम्म भनेनन् उनले
शरीरलाई रंगाए रातो मान्छेका खूनले

के अरु भन्ने कांग्रेसलाई संभ्रेनन् आफन्ती
उधूम गरे नेपाललाई मानेर बपौती
रहेछन् छुच्चा छुचुन्द्रा लोभी दाम र मामका
कीचक जस्तै सम्मान गर्ने खराब कामका

विदेशीलाई पोसेर मास्ने स्वदेशी महिमा
भारत मुखी भएर हिंड्दा संभ्रिने गरिमा
के हुन्थें जुका समाजवादी विचार धाराका
गोलीको भाषा केवल जान्ने गंगटे पाराका

संभ्रना गरे पुष्पको वाणी न्यायका कर्मीले
“कांग्रेसहरू गर्दैनन् भलो राक्षस धर्मीले”
कहिले हुन्थ्यो भ्रूठो र दूरदर्शीको भनाई
“सामन्तवादी रहँदासम्म हुँदैन भलाई”

परेवालाई बाजले मायाँ, ममता गर्छ र ?
सूर्यले जस्तो राहुले कहीँ उज्यालो छर्छ र ?
अँध्यारा मुखे प्रयाश गर्छन प्रकाश हसुर्ने
पोषेर गधा गाईको छाला काटेर भकुर्ने

पंचकै आड लिँदै छन् पापी शासन पाएर
मानिस माथि लगाई घात हरेश खाएर
काँतरहरू गोलीको आड लिएर जिउँछन्
चनाखो अरु नभए बाँकी रगत पिउँछन्

कैलेको दशा उस्तै छ उस्तै अवस्था कालेको
नांगै छ हर नपाई लुगा नौं ठाउँ टालेको
भोका र नांगा नेपाली युवा युवती बेचिए
मान्छेको बाटो तगारो राखी गोलीले छेकिए

नपाई काम स्वदेशीहरू विदेश जाँदैछन्
जीबीका विना गएका त्यहाँ हण्डर खाँदैछन्
दुनियालाई बलिको बोको बनाई ढालियो
गिरिजाद्वारा मुलुकीखाना सखाप पारियो

हिंड्दैछन् दुष्ट थाप्लोमा टेकी नेपालीहरूको
लगाई तेल मोल्दैछन् गोडा विदेशीहरूको
जसले पैले खेदेको थियो छातीमा कुल्चेर
उसकै पूजा गर्दैछन् पापी घुँडाले टेकेर

यो प्रजातन्त्र दुष्टकै लागि हो भने के काम
यतिकै लागि शहीद भए सपूत तमाम ?
होइन भने छातीमा हात राखेर गुनौंन
निधार माथि चाउरी पारी विचार सुनौंन

हत्यारासँग हुंकार गर्न कहाँ छ पुगेको
कहाँ छ हाम्रो नेपालभित्र उज्यालो डुलेको
उज्यालो दिन ल्याउँन क्रान्ति नगरी हुँदैन
संझौता नाघ्न हुँदैन भन्ने विकास दिँदैन

संझौतालाई जपेर बस्ने मानिस झेला हो
त्यसको घाँटी निमोठी हामी लंकिने बेला हो
संधैको लागि होइन सन्धि किटेर गरेको
समय हेरी केवल थियो संझौता गरेको

संझौता नाघ्दा संकट खप्न पर्दछ अवश्य
नगरी दुख कसैको पनि बन्दैन भविष्य
मानिस जन्म पाएर बन्ने पृथ्वीको भार के ?
काँतर भन्ने पगरी भिरी बाँचेको सार के ?"

संझिए "हामी जिउँनु पर्छ पुष्प झैं हाँसेर
विरुवा नयाँ उमार्न पर्छ कंटक मासेर
दुर्गन्धलाई पखाली अब सुगन्ध छर्कन
पुष्पकै राम्रा विचार तर्फ पर्दछ फर्कन

नमानी घीन पचाई लाज गिरिजा बोल्दैछन्
सकल क्रान्तिकारीको पोल डराई खोल्दैछन्
उहीले जस्तो खोलेको थियो अहिले खोल्दैछ
देशको दुखी अवस्था देखी हृदय पोल्दैछ

चाकरी चुक्ली लगाई चोर चमेरा चुलिए
निसाफ खोज्ने मानिसलाई खोरमा हुलिए
मनोजलाई बसीरलाई निमोठे चर्चरी
अनिश, रत्न, संझनालाई पारियो पर्परी

ढर्जनौं अरु लुटिए हाम्रा देशका जुहार
शासक भए भक्षक सुन्ने को अरु गुहार
बिषालु हावा बगाई आँसु चुहाई गोहीले
मानिसलाई लडाए सरी लडाए गोलीले

मारेर छाप विस्तारवादी गोमन ठुङ्दैछ
हिमाली भेग डुलेर सर्प श्रीखंड रुङ्दैछ
मुलुकी खाना विदेश पुग्यो पहिले पुगे झैं
चुसाहा मासु लुछ्दैछन् हाँसी भालुले लुछे झैं

रुँदैछिन् काली मुटुमा ठुङ्दा विस्तारवादीले
गंडकी कोशी समान दिए सामन्तवादीले
सामन्तवादी कांग्रेस यस्तै नराम्रो गर्दछ
ऊ रहेदेखि सत्तामा हाम्रो भविष्य मर्दछ

कतिको साँचो रहेछ बोली बोलेको पुष्पले
झल्झली आज संझन लाग्यो उज्यालो लोकले
भारतमुखी कांग्रेसबाट जो हुन्छ नराम्रो
मानिसलाई सर्प झैं चिसो मान्दछ नराम्रो

किरण डुल्ने लेकमा कालो वादल डुल्दैछ
मुलुकै निजीकरण गर्ने शासक खुल्दैछ
अम्मृत संझी विषको घडा काँधमा राख्नेले
राष्ट्रको भलो गर्दथ्यो किन अँध्यारो रोज्नेले

विराले आँखा पिर्लिक्क पारेर हेर्दै पिराहा
उठाई थोत्रो बन्दुक दगुर्न लाग्यो जिराहा
मुलुकमारा पटक्कै जनतालाई मान्दैन
दुष्टको दोलो नकाटे मुलुक हाम्रो बन्दैन"

## एक्काइस

गुनेर उठे समस्त मेची र कोशी कर्णाली
"नेपाल हाम्रो नबने हुनेछौं दुखी नेपाली
नबनौं साथी ! हुरीको चरो झैं अब बेपता
आधार दिने  छन् राम्रो कर्ममा जुटे जनता

अगाडि बढ्न पर्दछ कदर गर्दै नेताको
आदर गर्छन् सबैले कर्मले शत्रु जेताको"
विचार राम्रो गरेर उन्नत बाटो चुनेर
संसारलाई सिँगार्न कम्मर कसे उठेर

चढाई गरी चट्टाने पहरामाथि टेकेर
मुक्तिका बीर मर्दछन् नेपाललाई संझेर
प्रेरणा ज्वाला सल्काए जाँगर जोश लगाए
शोषित सुख पाउँछन् शोषकलाई भगाए

नेपाल हाम्रो रहेमा नेपाली हुन पाउँछौ
विचार बोकी उज्याला निर्माणतिर धाउँछौं
मुक्तिका भाव मर्दैनन् आस्थाका जल चढाए
फुल्दछन् लाली गुराँस बिरुवा राम्रा लगाए

कोठामा बसी पाइन्न पहार लिन घामको
आधार लिन पर्दछ सबले राम्रा कामको
जाँगरी गति चलाए पुगिन्छ माथि बेलामा
विवेकी माझी पर्दैनन् भेलका काला फेलामा

बाटामा ठिङ्ग उभेका सुकेका मुढा ढलाई
हिमाली हावा बग्दछन् वासन्ती पंखा डोलाई
पुष्पका दल झुक्तैनन् पर्वतसँग हारेर
सकल लाल पर्दछन् मुसुक्क राम्रा हाँसेर

पहरा फोरी बगेको बग्दछ जल सलल
अतल बल्छ जलका गर्भमा संधै झलल
निभाई आगो निभ्दैन गोहीले आँसु चुहाई
मुक्तिका योद्धा लंकन्छन् पत्थरलाई दबाई

हिमाल लाल देखिन्छ उषाले हाँसी मुसारे
नेपाल हुन्छ झलल सूर्यले ज्योति फिँजारे
ढल्दछ कालो वादल सगरमाथा झुक्तैन
जीवनदायी सुधा झैं मुक्तिको गंगा रुक्तैन

घामको ज्योति निभ्दैन मेघले भाँजो हालेर
वीरका आँखा टालिन्नन् गोलीले बाटो टालेर
बालुवा देखी पानीको भ्रममा कोही पर्दैनन्
संघर्षकारी सर्पका पाईला मनि पर्दैनन्

बटुवाहरू रोकिन्नन् जंघार देखी डराई
राष्ट्रका लागि होमिन्छन् कर्तव्य पथ समाई
मेची र काली लंकिन्छन् लहर लाखौं उचाली
पहाड फोरी बग्दछन् गंडकी, सेती, त्रिशुली

गुंजायमान बन्दैछ नेपाल वीर गाथाले
संघर्षमय जीवन गम्दछ मन पाखाले
हेरेर आँखा हिंडेमा गोडामा काँणा बिझ्दैनन्
शहीदद्वारा बालेको मुक्तिका मुश्ला निभ्दैनन्

पुरानो पर्दा च्यातेर धमिलो धुन्छ लोकले
शोषकलाई ढलाए मर्दैन कोही भोकले
सबमा फुर्छ विचार प्रेरणा दिने भेटिए
पातालतिर पुगिन्न पाइला दरा टेकिए

भविष्य आफ्नो बिगार्ने पामर पर्छन् पछाडि
भविष्य आफ्नो हेरेर बटुवा लाग्छन् अगाडि
सिर्जनाशील हातले फलामे वार फोर्दछन्
पुरानो रीति मेटाई नवीन रेखा कोर्दछन्

जीवन बोध गर्दछन् हृदय हुने उज्याला
बलिया बांगा चढ्दछन् कठिन काला उकाला
अमृत तुल्य वचन जतन गर्छन् सकल
विकारहीन रहन्छन् आस्थामा संधै अटल

सम्झौतालाई पोलेमा सामन्तशाही गिर्दछन्
उठेर मुक्ति सेनानी कुरीतिलाई चिर्दछन्
धराको ध्यान गर्नेले धैर्यको लिन्छन् आधार
पुष्पका भाव बुझ्नेले क्रान्तिका कोर्छन् आकार

अँध्यारोलाई ताराले चिरेर हाँसी मुसुक्क
संसारलाई उज्यालो देखाई दिए खुरुक्क
उनको बाटो अँगाल्ने क्रान्तिमा लागे असल
नेपाललाई पार्दछन् प्रगतिद्वारा झलल

मुक्तिको हुरी हरर सुवास बोकी डुल्दैछ
पहरा फोरी निस्केको छहरा छवि खुल्दैछ
उर्वरा शक्ति धर्तीमा जसले दिन्छ भिजाई
पाईला चले न्यायका अन्याय भाग्छन् डराई

रातले आँसु झारेर पछुतो मानी ढल्दछ
वादललाई पोलेर नवीन घाम बल्दछ
घामले स्पर्श गर्दैमा अँध्यारो हुन्छ हतास
रोकिन्न अब रोकेर क्रान्तिको हुरी बतास

कसैले रोक्न सक्तैन संघर्षकारी बिचार
यात्रीको गति रुक्तैन कुल्चिंदै हिंड्ने विकार
किटाणु घुस्न दिंदैनन् क्रान्तिका मूल जरामा
अमर हुन्छन् पुष्प झैं उज्यालो दिने धरामा

आस्थाको बत्ती निभ्दैन कसैले फूफू गर्दैमा
सूर्यको बाटो रोकिन्न बिन्ध्यले आँखा तर्दैमा
कर्ममा लागि पर्नेले शहीदलाई संझेर
धर्तीको गर्छन् आदर जननी जस्तै मानेर

नयन नानी मुक्तिका पानी मुक्तिका सितारा
शोषितलाई संघर्ष गर गर्दछन् ईशारा
संघर्ष विना बित्दैन रात फिर्दैन उज्यालो
उज्यालो भए रजनीमुखे लाग्दछन् ओरालो

क्रान्तिको राँको बालेर बीर अगाडि सर्दैछन्
नोकरशाही सामन्तहरू पछाडि पर्दैछन्
व्याङ झैं ढल्छन् खरबपति विदेशी दलाल
बगाए तातो रगत राम्रो बन्दछ नेपाल

कला कलामा सपना सजाई
पला पलामा विपना फलाई
निर्माणकर्मी कविता धरा झैं
मुसुक्क हाँसे रविका कला झैं

छर्दै उज्यालो पथतर्फ लागी
संकष्ट देखिन् कहिल्यै नभागी
यथार्थ पारे मुखको जमान
राखी विहानी सरिको इमान

संघर्षशाली रवि रश्मिलाई
खुलाउँदै जीवन शक्तिलाई
हुँकार गर्दै दरवारसम्म
शिक्षा दिए ज्यान दिँदै अचम्म

छाडा दगुर्छन् पहरा ढलाउँदै
वाणी मिठो कल्कलको चलाउँदै
सडे गलेका गिरि वृक्ष ढाली
हाँस्छन् मिठो छाल स्वयं उचाली

हुर्काउँछन् नूतन पालुवा मुना
सजाउँदै शोषित गाउँका कुना
पार्छन् उज्यालो रवि धप्प बल्दै
ढल्छन् छुचा घातक रात गल्दै

हराए अँध्यारो उज्यालो भरिन्छ
खुले भावना कर्म सोची गरिन्छ
खुलेको नयाँ हुन्छ बाटो फराक
उज्यालो हुने बीर दिन्छन् खुराक

नयन मन उघारी चारतर्फै चहारी
सम किरण कलाले लोकलाई मुसारी
अभय मन बनाए चेतना ज्योति छर्दै
सकल बल दिनेछन् दिव्य संघर्ष गर्दै

जगत तल उचाल्छन् चेतनाले चलाए
प्रगतितिर दगुर्छन् मुक्तिमार्गी पलाए
विमल मन हुनेले लोकको ख्याल गर्छन्
सकल तम बढारी सूर्यले ज्योति छर्छन

सुगन्ध बोकेर हवा छ डुल्दै
फाँटी अँध्यारो छ हिमाल खुल्दै
झुल्केर आफैं अब मेघ च्याती
जलाउँछन् उज्वल सूर्य ज्योति

यहाँ उदाए पछि सूर्य झल्मल
हराउँछन् चोर, चकोरका दल
छुचो, जुको मर्दछ चाउरी परी
वर्षा बिते मिल्दछ शान्ति माधुरी

समानतामा जनता जनार्दन
लगाउँछन् उन्नतिमा सफा मन
आँखा खुले हुन्छ विकास लोकको
स्वाधीनताले शिर उठ्छ देशको

स्वतन्त्रताको महिमा जगाउँने
बेला भयो जागृति गीत गाउँने
आलोकले पूर्व दिशा खुला भयो
यहाँ नयाँ सूर्य उदाउने भयो

देखेको ब्रम्हले आफ्नो भेटेको बुद्धिले जति
भ्याउरे कविता भित्र कोरिए भावना यति
बाँकी भावहरू खोजी खोजी लेखिनु पर्दछ
मुक्तिका मार्गमा सारा धर्ती डोरिनु पर्दछ

२०५०।१२।१५

## पुष्पलाल स्मृति प्रतिष्ठानका प्रकाशित कृतिहरू

| | |
|---|---|
| १. क. पुष्पलाल स्मृति अंक | (स्मृति अंक) |
| २. नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास | (इतिहास) |
| ३. नेपाल भारत सम्बन्धमा क.पुष्पलाल | (रचना) |
| ४ क. पुष्पलालका छानिएका रचना भाग (२) | (रचना) |
| ५. ,, भाग (३) | (रचना) |
| ६. ,, भाग (४) | (रचना) |
| ७. क. एकदेव आले स्मृति अंक | (स्मृति अंक) |
| ८. क. पुष्पलालको A4 साईजको फोटो | (फोटो) |
| ९. पुष्पाञ्जली महाकाव्य | (प्रस्तुत) |

# कवि परिचय



ऋषिराम न्यौपाने

जन्म: वि.सं. १९९५ जेष्ठ ३ गते
जन्मस्थान: चापागाउँ-वडा नं. ७, ललितपुर

## लेखकका प्रकाशित कृतिहरु

| | | |
|---|---|---|
| १. बसन्त र विरही | (खण्डकाव्य) | २०३४ |
| २. प्रियतम | (खण्डकाव्य) | २०३६ |
| ३. सपनाको सुसेली | (पद्यकविता सङ्ग्रह) | २०४० |
| ४. अमर भावना | (खण्डकाव्य) | २०४१ |
| ५. परिणाम | (खण्डकाव्य) | २०४२ |
| ६. विजयश्री | (शोककाव्य) | २०४३ |
| ७. आत्मबोध | (खण्डकाव्य) | २०४४ |
| ८. अमर शुक्र | (खण्डकाव्य) | २०४६ |
| ९. मुक्तिका मुदु | (काव्य) | २०५० |
| १०. लाली | (खण्डकाव्य) | २०५३ |
| ११. विजयका बाँसुरी | (खण्डकाव्य) | २०५३ |
| १२. पुष्पाञ्जलि | (प्रस्तुत) | |

१३. स्वदेशका तथा विदेशका समेत विभिन्न पत्र-पत्रिकामा अनेकौं कविता कथा र लेखहरू प्रकाशित ।

## अप्रकाशित कृतिहरु

| | |
|---|---|
| १. खुल्ला पत्र | (कविता सङ्ग्रह) |
| २. कविता | (महाकाव्य) |
| ३. परिवर्त | (महाकाव्य) |
| ४. जनताको आवाज | (कविता सङ्ग्रह) |
| ५. कविताको टङकार | (कविता सङ्ग्रह) |
| ६. झ्याउरेको झङकार | (झ्याउरे सङ्ग्रह) |